भदौ - १

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २६, अङ्क ९ | २०७४, भदौ १–१५ | पूर्णाङ्क ६०३

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत	- अध्यक्ष
मुख्य रजिस्ट्रार श्री नहकुल सुवेदी	- सदस्य
नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
कायम मुकायम रजिस्ट्रार श्री महेन्द्रनाथ उपाध्याय	- सदस्य
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	- सदस्य
अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री रामप्रसाद बस्याल

प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : सहप्रा. श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी
कार्यालय सहयोगी श्री रामचन्द्र खड्का

विभिन्न इजलासहरुबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	१९	इजलास नं. १०	१०
इजलास नं. १	४	इजलास नं. ११	३
इजलास नं. २	६	इजलास नं. १२	३
इजलास नं. ३	८	इजलास नं. १३	२
इजलास नं. ४	२	इजलास नं. १४	६
इजलास नं. ५	५	इजलास नं. १५	१
इजलास नं. ६	३	इजलास नं. १६	३
इजलास नं. ७	४	इजलास नं. १७	२
इजलास नं. ८	२	इजलास नं. १८	२
इजलास नं. ९	३	एकल इजलास	२
जम्मा	५६	जम्मा	३४

कूल जम्मा ५६ + ३४ = ९०

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

निर्णयहरूको सारसङ्ग्रह

विषयगत आधारमा

वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... . १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, भदौ – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

Toll Free Number

१६६०–०१–३३३–५५

वा

इमेल ठेगाना

cjs@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ।

मूल्य रू.१५।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ - १५**
१.	राजीनामा लिखत बदर दर्ता बदर दर्ता	लक्ष्मीनारायण साह तेली वि. दीपककुमार सर्राफसमेत	
२.	अवैधरूपमा काठ काटी चोरी निकासी	बीरजङ्ग शाहीसमेत वि. नेपाल सरकार	
३.	कर्तव्य ज्यान	दीपक साउद वि. नेपाल सरकार	
४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. फुलहसन अन्सारी	
५.	कर्तव्य ज्यान	अम्मरबहादुर खड्का वि. नेपाल सरकार	
६.	कर्तव्य ज्यान	बलराम घर्ती मगरसमेत वि. नेपाल सरकार	
७.	कर्तव्य ज्यान	टिका पुन वि. नेपाल सरकार	
८.	कर्तव्य ज्यान	निलम शर्मा खत्वे वि. नेपाल सरकार	
९.	कर्तव्य ज्यान	रत्नराज न्यौपानेसमेत वि. नेपाल सरकार	
१०.	कर्तव्य ज्यान	तैयव खान वि. नेपाल सरकार	
११.	कर्तव्य ज्यान	मीरादेवी कुर्मी वि. नेपाल सरकार	
१२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. लक्षीराम थारू	
१३.	कर्तव्य ज्यान	हरिबोल शर्मा वि. नेपाल सरकार	
१४.	कर्तव्य ज्यान	गोपाल राई वि. नेपाल सरकार	
१५.	कर्तव्य ज्यान	आस्मा खातुन वि. नेपाल सरकार	
१६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. विनयकुमार भुज	
इजलास नं. १			**१५ - १८**
१७.	उत्प्रेषण	कृष्णगोपाल प्रधान वि. मालपोत कार्यालय, कास्कीसमेत	
१८.	अंश चलन	सीतादेवी पन्तसमेत वि. मुकुन्दराम पन्त	
१९.	कर्तव्य ज्यान	जंगे राई वि. नेपाल सरकार	
२०.	उत्प्रेषण / परमादेश	डा. अपार लामिछानेसमेत वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत	
इजलास नं. २			**१८ - २४**
२१.	परमादेश	प्रल्हादप्रसाद यादव वि. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबारसमेत	
२२.	कर्तव्य ज्यान	सानुबाबु नेपाल वि. नेपाल सरकार	
२३.	कर्तव्य ज्यान	अयामनारायण पौडेल वि. नेपाल सरकार	

२४.	कर्तव्य ज्यान	कुलबहादुर महत क्षेत्री वि. नेपाल सरकार
२५.	लागु औषध खैरो हेरोइन	विकास कुमार भन्ने सन्तोषकुमार पटेल वि. नेपाल सरकार
२६.	विद्युतीय कारोबार ऐनअन्तर्गतको कसुर	नेपाल सरकार वि. हरि पन्त
इजलास नं. ३		**२४ - ३२**
२७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. सुरेश भारती
२८.	किर्ते (सरकारी कागज)	पारसनाथ कुर्मी वि. नेपाल सरकार
२९.	कर्तव्य ज्यान	रामपुकार महतो नुनिया वि. नेपाल सरकार
३०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. पार्वती पाण्डेयसमेत
३१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. राजमन केवटसमेत
३२.	कर्तव्य ज्यान	सुकबहादुर लामा तामाङ वि. नेपाल सरकार
३३.	जबरजस्ती करणी	भिमबहादुर सुवेदी वि. नेपाल सरकार
३४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. दीपक दर्जी
इजलास नं. ४		**३२ - ३३**
३५.	कर्तव्य ज्यान	नेपाल सरकार वि. भोला बुढाथोकी
३६.	अदालतको अवहेलना	विष्णुबहादुर कार्कीसमेत वि. विष्णुकुमार कार्की
इजलास नं. ५		**३३ - ३६**
३७.	मानव बेचबिखन तथा ओसारपसार	भीमबहादुर सुनार वि. नेपाल सरकार
३८.	उत्प्रेषण / परमादेश	कल्पना कुमारी कार्की वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत
३९.	उत्प्रेषण	हफिजुल्ला अन्सारी वि. पुनरावेदन अदालत, बुटवलसमेत
४०.	मानव बेचबिखन तथा ओसारपसार	कमला कार्कीसमेत वि. नेपाल सरकार
इजलास नं. ६		**३६ - ३८**
४१.	बन्दी प्रत्यक्षीकरण	कुनसाङ पाख्रीन वि. मकवानपुर जिल्ला अदालत, हेटौंडासमेत
४२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. गुरूदेव राम हरिजनसमेत
४३.	कर्तव्य ज्यान	अर्जुनप्रसाद सापकोटा वि. नेपाल सरकार

इजलास नं. ७			३८ - ४३
४४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. केश बहादुर राईसमेत	
४५.	विदेशी विनियम	नेपाल सरकार वि. नारायण पौडेल	
४६.	जबरजस्ती करणी	राजु परियार वि. नेपाल सरकार	
४७.	कर्तव्य ज्यान	एकल राई वि. नेपाल सरकार	
इजलास नं. ८			**४३ - ४५**
४८.	उत्प्रेषण	टेकनाथ हुमागाई वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत	
४९.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. सुभाष ढुङ्गानासमेत	
इजलास नं. ९			**४५ - ४७**
५०.	करार ऐन, २०५६ को दफा ८७ बमोजिम करारको निरन्तरता पाउँ	ज्ञानेन्द्र पियासमेत वि. चितवन उच्च मा.वि., भरतपुर चितवनसमेत	
५१.	हरहिसाब गरी रकम फिर्ता पाउँ	प्रवीन खनालसमेत वि. पूर्णबहादुर घिमिरे	
५२.	अपहरण तथा शरीर बन्धक	ज्ञानबहादुर तामाङ वि. नेपाल सरकार	

इजलास नं. १०			४८ - ५६
५३.	अंश चलन	शिवप्रसाद गौतम वि. इन्द्रप्रसाद गौतमसमेत	
५४.	मिलापत्र र फैसला बदर	रघुनाथ कोहार वि. रामबकस रायसमेत	
५५.	उत्प्रेषण	रामबाबु दाहाल वि. पुनरावेदन अदालत, विराटनगरसमेत	
५६.	घर पर्खाल भत्काइ पाऊँ	बलराम सेढाई वि. परशुराम सेढाई	
५७.	निषेधाज्ञा	परशुराम सेढाई वि. बलराम सेढाई	
५८.	अंश चलन	बलबहादुर कटुवाल वि. पन्ना गुरूङसमेत	
५९.	खिचोला मेटाई हक कायम, जालसाजी	परशुराम सेढाई वि. बलराम सेढाई	
६०.	उत्प्रेषण	मंगल लिम्बूसमेत वि. भगवान सिपरा लिम्बुसमेत	
इजलास नं. ११			**५६ - ५८**
६१.	हक कायमसमेत	बसन्तबहादुर मल्लसमेत वि. विजयचन्द्र मल्ल	
६२.	लिखत बदर	सुशीलकुमार आचार्य वि. शंकरप्रसाद आचार्य	
६३.	कर्तव्य ज्यान	नेपाल सरकार वि. टंकबहादुर बस्नेत	

इजलास नं. १२		**५८ - ५९**
६४.	करार	शिव किशोर सिंह वि. जिल्ला वन कार्यालय, सर्लाही, लालवन्दीसमेत
६५.	निषेधाज्ञा	होमनाथ फुयाल वि. एलिसा सेनी (लिम्बू) समेत
इजलास नं. १३		**५९**
६६.	जालसाजी	पुजारी अहिर वि. करोरमती अहिरसमेत
इजलास नं. १४		**६० - ६१**
६७.	जग्गा नामसारी निर्णय बदर दाखिला खारेज दर्ता बदर नामसारी दाखिल खारेज दर्ता	प्रेमबहादुर श्रेष्ठ वि. सन्तमाया श्रेष्ठ
इजलास नं. १५		**६१ - ६२**
६८.	उत्प्रेषण	रक्षाराम हरिजन वि. संवैधानिक परिषद्, सिंहदरबारसमेत
इजलास नं. १६		**६२ - ६४**
६९.	कर्तव्य ज्यान	नेपाल सरकार वि. नारायण अधिकारी
७०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. अमृता भन्ने अम्बिका लुईटेल (घिमिरे)
७१.	उत्प्रेषण / परमादेश	गोपाल मानन्धर वि. काठमाडौं महानगरपालिका, बागदरबार, काठमाडौंसमेत
इजलास नं. १७		**६४ - ६५**
७२.	बकसपत्र लिखत बदर	धिरेन्द्रनाथ शुक्लसमेत वि. विन्दुदेवी शुक्लसमेत
७३.	बन्दी प्रत्यक्षीकरण	बवुन्ना धुनियाँ वि. नवलपरासी जिल्ला अदालत, नवलपरासीसमेत
इजलास नं. १८		**६५ - ६७**
७४.	जबरजस्ती करणी	नेपाल सरकार वि. पुरन साउदसमेत
७५.	गौबध	सर्वजित घर्तीमगरसमेत वि. नेपाल सरकार
एकल इजलास		**६७ - ६८**
७६.	उत्प्रेषण / प्रतिषेध	दीपक पौडेलसमेत वि. हरिप्रसाद चापागाइसमेत
७७.	उत्प्रेषण	ज्ञानदर्शन भट्टराईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

संयुक्त इजलास

१

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६९-CI-०९१५, राजीनामा लिखत बदर दर्ता बदर दर्ता, *लक्ष्मीनारायण साह तेली वि. दीपककुमार सर्राफसमेत*

अंशबन्डाको १९ नं. मा भएको व्यवस्थाअनुसार घर व्यवहार चलाउन अचलमा आधीभन्दा बढी बिक्री गर्नु परे २१ वर्ष नाघेका स्वास्नी, छोराबुहारीको मन्जुरी लिई बिक्री गर्नसक्ने व्यवस्था रहेकोसमेत सन्दर्भमा यी वादीहरू लक्ष्मीनारायण र ओमनारायण लिखत पारित भएको मिति २०५७।३।६ मा २१ वर्ष पुगिसकेको भन्ने नदेखिँदा उक्त अंशबन्डाको १९ नं. को व्यवस्थाबाट समेत निजहरूको मन्जुरी लिनुपर्ने आवश्यकता रहेको नदेखिने।

वास्तवमा विवादित लिखत मिति २०५७।३।६ मा पारित भएको देखिएको र यी पुनरावेदक वादीहरूलाई उक्त जग्गा बिक्री भएको कुरा २०५७ सालमा नै थाहा भएकोले सो मितिबाट लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र फिराद दायर नभई मिति २०६७।१।१५ मा अर्थात् करिब १० वर्षपछि मात्र दायर भएको अवस्था एकातिर विद्यमान छ भने अर्कोतर्फ उपर्युक्त जग्गा श्रीपतीदेवीलाई अंश छोडपत्रबाट प्राप्त भएको देखिएको छ। साथै वादीहरूसँग अंशबन्डाको १९ नं. को कानूनी व्यवस्थाअनुसार मन्जुर लिइरहनु पर्नेसमेत नदेखिएकोले लिखत बदर हुने ठहर्‍याएको सुरू जिल्ला अदालतको इन्साफ उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिने।

अत: उल्लिखित तथ्य, कानूनी व्यवस्था, विवेचनासमेतको आधारमा ६ खण्डको २ खण्ड लिखत बदर हुने ठहर्‍याएको सुरू बारा जिल्ला अदालतको मिति २०६८।३।३० को फैसला उल्टी भई लिखत दर्ता बदर गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।५।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-०९१३, राजीनामा लिखत बदर दर्ता बदर दर्ता, *लक्ष्मीनारायण साह तेली, वि. दीपककुमार सर्राफसमेत*
- ०६९-CI-०९१६, राजीनामा लिखत बदर दर्ता बदर दर्ता, *लक्ष्मीनारायण साह तेली, वि. दीपककुमार सर्राफसमेत*
- ०६९-CI-०९२१, राजीनामा लिखत बदर दर्ता बदर दर्ता, *लक्ष्मीनारायण साह तेली, वि. दीपककुमार सर्राफसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।*

२

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०६६-CR-०२३९, अवैधरूपमा काठ काटी चोरी निकासी, *बीरजङ्ग शाहीसमेत वि. नेपाल सरकार*

बाझबहादुर रोकायको घरबाट १५० क्यू. फिट र मुंग्राधाराबाट १४७.१३ क्यू.फिट काठ बरामद भएको होइन भनी प्रतिवादीहरूले जिकिर लिन सकेको पाइँदैन । उक्त बरामदी काठमा वन नियमावलीमा उल्लेख भएबमोजिम टाँचा लागे/लगाएको नदेखिएको एवम् सामुदायिक वन उपभोक्ता समूहबाट काठ काट्ने अनुमति लिई त्यस्तो काठ ओसारपसारका लागि अनुमतिपत्र तथा चलानी पुर्जी लिएको भन्ने

देखिएन । त्यसै गरी एक ठाउँको जङ्गलमा काठ काट्ने अनुमति लिई अर्कै ठाउँको जङ्गलमा काठ काट्न कानूनले अनुमति दिएको पनि पाइएन । पुनरावेदक बीरजङ्ग शाहीले मिति २०६२।१।११ गते उक्त काठ ओसारपसारको लागि अनुमतिपत्र लिएको भनी मिति २०६३।७।२५ मा अदालतसमक्ष पेस गरेको देखिए पनि सो अनुमतिपत्र काठ ओसारपसार गर्दाको समयमा ओसारपसार गर्ने व्यक्तिसँग नरही मुद्दा दायर भएको डेढ वर्षपछि मात्र पेस हुन आएको देखिन्छ । मिति २०६२।१।११ मा काठ काट्ने अनुमतिपत्र प्राप्त भएपछि नै उक्त काठ कटान हुनुपर्नेमा सोही मितिमा चिरान भएको काठ ओसारपसार गरी लुकाइराखेको अवस्थामा बरामद भएको भन्ने देखिँदा सो अनुमतिपत्रलाई सही मान्न मिलेन । अधिकारप्राप्त अधिकारिसमक्षको बयानमा आफू अध्यक्ष रहेको सामुदायिक वनको काठ काटेर पठाएको भन्ने कुरा स्वीकार गरेकामा अदालतमा सो बयानलाई खण्डनसमेत गर्न सकेको पनि पाइएन । अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा पुनरावेदक प्रतिवादी बीरजङ्ग शाहीले बरामद भएको १५० क्यू.फिट काठ ओगयान सामुदायिक वनबाट भोजबहादुरलाई दिएको भनी खुलाए पनि भोजबहादुर शारू थापाले बरामद भएको काठ आफ्नो नभएको भनी इन्कार गरेको पाइन्छ । भोजबहादुर थापाले ओगयान सामुदायिक वनबाट १५० क्यू.फिट काठको अनुमति प्राप्त गरेको भन्ने देखिए तापनि उक्त काठ सामुदायिक वनमा नै रहेको भनी मौका तथा अदालतको बयानमा खुलाएको पाइन्छ । सामुदायिक वनको संरक्षणको प्रमुख दायित्व लिई सामुदायिक वन उपभोक्ता समितिको अध्यक्षको पदमा रहेका जिम्मेवार व्यक्तिले कानूनबमोजिम टाँचा नै नलागेको काठ अवैध रूपमा बिक्रीवितरण तथा ओसारपसार गर्ने कार्यमा संलग्न भएको कार्यलाई हिनामिना गर्ने वा गैरकानूनी काम गर्ने मनसायले गरेको होइन भनी जिकिर लिएकै आधारमा कसुरबाट उन्मुक्ति पाउन सक्ने नदेखिने ।

पुनरावेदक प्रतिवादी बाझबहादुर रोकाय जिल्ला वन कार्यालयअन्तर्गतका कर्मचारी रहेकोमा विवाद देखिएन । वन रक्षक कर्मचारीको पहिलो कर्तव्य अवैधरूपमा वन पैदावर काट्ने ओसारपसार गर्ने जस्ता गैरकानूनी काम गर्नबाट रोक्ने नै हो । वन जङ्गलको संरक्षणका लागि खटिएका राष्ट्रसेवक कर्मचारीले आफ्नो पदीय दायित्वअनुसार वनको सुरक्षामा खटिनु पर्छ । वनको रक्षाका लागि खटिएका व्यक्तिको घर कोठामा अवैध काठ बरामद हुँदासमेत सो काठ को कसको हो, कसले राखेका हुन् थाहा भएन भनी कसुरबाट भाग्न उम्कन सक्ने हुँदैन । प्रतिवादी बाझबहादुर रोकायकै घर कोठाबाट अवैध काठ बरामद भएको भन्ने देखिएको र सो कुरालाई पुनरावेदक बाझबहादुर रोकायले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा स्वीकार गरेको एवम् सो काठ बरामद भएको कोठा धुन्जोक लामालाई भाडामा दिएको थिएँ भनी खुलाएकोमा अदालतसमक्षको बयानमा काठ बरामद भएको कोठा धुन्जोक लामालाई भाडामा नदिएको र काठ कसको हो कसले राखेको थाहा छैन भनी बयान गरेको पाइन्छ । जिल्ला वन कार्यालयअन्तर्गत वन रक्षकको रूपमा काम गर्ने पुनरावेदक प्रतिवादी बाझबहादुर रोकायले कानूनबमोजिम टाँचा नै नलागेको अवैध काठ आफ्नो घर कोठाबाट बरामद भएको भनी स्वीकार गरेको अवस्थामा सो काठ वैध रहेको भन्ने कुनै प्रमाण पेस गर्न सकेको पाइएन । अवैध काठ आफ्नो घर कोठाबाट बरामद भएको अवस्थामा को कसले राखे, कसको हो थाहा छैन भनी जिकिर लिएकै आधारमा निज पुनरावेदक प्रतिवादीलाई निर्दोष रहेछ भन्न नसकिने ।

पुनरावेदक प्रतिवादीहरूले मिति २०६२।१।११ मा बाझबहादुर रोकायको घरबाट १५० क्यू.फिट र सोही मितिमा मुंग्राधाराबाट १४७.१३ क्यू. फिट काठ बरामद भएको भन्नेमा साबित रहेका र

पुनरावेदक प्रतिवादीहरूले नै सो काठ अवैध रूपमा कटान गरी ओसारपसारसमेत गरेको भन्ने प्रमाणबाट पुष्टि भएको अवस्थामा केवल बरामदी मुचुल्कामा प्रतिवादीहरूलाई रोहबरमा नराखेको भन्ने आधारबाट मात्र पुनरावेदक प्रतिवादीहरूले कसुर अपराधबाट उन्मुक्ति पाउन नसक्ने हुँदा पुनरावेदन अदालत, जुम्लाको फैसलालाई अन्यथा भन्न नमिल्ने।

माथि विवेचित तथ्य, कानूनी व्यवस्था तथा प्रमाणसमेतको आधारमा प्रतिवादीहरू बीरजङ्ग शाही, बाझबहादुर रोकाय, भोजबहादुर शारू थापा, धुन्जोक लामा र लोटे शाहीलाई अभियोग दाबीबाट सफाइ दिई भएको सुरूको फैसला प्रतिवादीहरू बीरजङ्ग शाही, बाझबहादुर रोकाय र लोटे शाहीका हकमा उल्टी गरी प्रतिवादीहरू बीरजङ्ग शाही र बाझबहादुर रोकायलाई वन ऐन, २०४९ को दफा ४९(घ) को कसुर अपराधमा ऐ. ऐनको दफा ५०(१)(घ)(४) बमोजिम जनही १/१ वर्ष कैद र रू. ४९,९१७।८४ (उनान्चास हजार नौ सय सत्र रूपैयाँ पैसा चौरासी मात्र) जरिवाना गर्ने र प्रतिवादी लोटे शाहीलाई ऐ. कसुरमा ऐ. ऐनको दफा ५०(१)(घ)(४) बमोजिम रू. ४९,९१७।८४ (उनान्चास हजार नौ सय सत्र रूपैयाँ पैसा चौरासी मात्र) जरिवाना गर्ने एवम् अन्य प्रतिवादीहरू भोजबहादुर शारू थापा र धुन्जोक लामालाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत, जुम्लाबाट मिति २०६५।३।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम्।

३

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०६८-CR-१२१८, कर्तव्य ज्यान, *दीपक साउद, वि. नेपाल सरकार*

पुनरावेदकले रिसको झोकमा श्रीमतीलाई थप्पड हान्दा भीरबाट झरी मृत्यु भएको भनी खुलाए पनि मृतक भीरबाट झरेपछि निजको उद्दार गर्नेतर्फ पुनरावेदक प्रतिवादीले कुनै चासो नदेखाई घटनाको बारेमा अनभिज्ञता देखाई बसेकोसमेतका प्रमाण एवम् पुनरावेदक प्रतिवादीउपर परेको किटानी जाहेरी, आफूभन्दा ५ वर्ष जेठी भएकाले श्रीमतीलाई मन नपराएको भन्ने पुनरावेदक प्रतिवादीको भनाइसमेतबाट पुनरावेदक प्रतिवादी निर्दोष रहेछन् भन्न मिल्ने नदेखिने।

माथि विवेचित तथ्य, कानूनी व्यवस्था तथा प्रमाणहरूको आधारमा प्रतिवादी दीपक साउदलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको उमेर १९ वर्षको विद्यार्थी अवस्थाको रहेको, यसभन्दा अगाडि कुनै कसुर अपराधमा संलग्न नरहेको, प्रतिवादीको ज्यानै मार्नेसम्मको मनसाय पनि नरही गालामा एक थप्पड हिर्काउँदा अकस्मात् मृतक भीरबाट खसी मृत्यु भएकोसमेतको अवस्थासमेतलाई विचार गर्दा पुनरावेदक प्रतिवादी दीपक साउदलाई ज्यानसम्बन्धी महलको १३*(३)* नं. को सजाय हुँदा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम निज प्रतिवादी दीपक साउदलाई दश *(१०)* वर्ष कैद सजाय हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ जेठ ३ गते रोज २ शुभम्।

४

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७१-RC-००९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. फुलहसन अन्सारी*

मृतक राजेश क्यालको शरीरको नाइटोदेखि

चार इन्चमाथि पेटको दायाँ भागमा गोली लागेको, एक इन्च गोलाईको प्वाल घाउचोट रहेको, सोबाट रगत निस्केको भन्नेसमेत लासजाँच मुचुल्का र पेटको भागमा गोली लागी सोही कारणबाट राजेश क्यालको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन रहेकोले निज राजेश क्यालको मृत्यु स्वाभाविक रूपमा नभई गोली लागेको चोटको कारणबाट भएको भन्ने कुरा पुष्टि हुन आउने।

प्रतिवादी फुलहसन अन्सारीको सँगसाथबाट गोली लोडसहितको पेस्तोल थान-एक र अन्य चार राउण्ड गोली बरामद हुनुको साथै ९८०६८०८७३७ नं. को सीम भएको नोकिया कम्पनीको मोवाइल र ९८०७२२३६४७ नं. को सीम भएको सोनी इरेक्सन कम्पनीको मोवाइलसमेत बरामद भएको बरामदी मुचुल्काबाट देखिन्छ। यसबाट राजेश क्याललाई गोली लाग्नासाथ राजेश क्यालकी श्रीमतीलाई मोवाइलबाट उपचार गर्न लैजानु, म उसको दोस्त हुँ, "क्यु चिल्लाती है" भनी आएको मोवाइल नम्बर र वि.आई.टी. कलेजका सञ्चालकसँग पैसा माग गर्दा प्रयोग गरेको मोवाइल नम्बर तथा यी प्रतिवादी फुलसहन अन्सारीबाट बरामद भएको मोवाइल नम्बरसमेत मिले भिडेको अवस्था हुँदा वारदातको दिन राजेश क्याललाई गोली हानी हत्या गरेको भनी निज प्रतिवादी फुलहसन अन्सारीले अधिकारप्राप्त अधिकारिसमक्ष गरेको बयान समर्थित रहेको देखियो । यसका अतिरिक्त लास जाँच मुचुल्काबाट मृतक राजेश क्यालको शरीरको नाइटोदेखि चार इन्चमाथि पेटको बायाँ भागमा गोली लागेको, एक इन्च गोलाईको प्वाल घाउचोट रहेको र सोबाट रगत निस्केको भन्ने देखिन्छ । शव परीक्षण प्रतिवेदनबाट समेत The cause of death मा "In my opininon, the cause of death is due to shock as a result of massive haemorrhage from raptured liver and abdominal aorta by gun shot injury" भन्ने उल्लेख भएको देखिँदा निज फुलहसन अन्सारीले हानेको गोली लागि राजेश क्यालको मृत्यु भएको पुष्टि हुन आएको देखिँदा निजको अदालतसमक्षको इन्कारी बयानको आधारमा मात्र निर्दोष मान्न नसकिने।

प्रतिवादीलाई के कस्तो सजाय हुने भन्ने सन्दर्भमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय १ मा "धार भएको वा नभएको जोखिम हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा जतिजना भई हतियार छाडेको छ उतीजना ज्यानमारा ठहर्छन् । सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ" भन्ने व्यवस्था छ । उक्त कानूनी व्यवस्थासमेतबाट चन्दा रकम माग गर्दा नदिएको कारणबाट मार्ने मनसायले राजेश क्याललाई यी प्रतिवादी फुलहसन अन्सारीले जोखिम र घातक हतियार पेस्तोल प्रयोग गरी गोली हानी कर्तव्य गरी मारेको देखिँदा निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं.बमोजिमको कसुर गरेको पुष्टि हुन आयो । तसर्थ पुनरावेदन अदालतबाट भएको फैसला मनासिब नै देखिन आउने।

उपरोक्त तथ्य, कानूनी व्यवस्था र विवेचित आधार प्रमाणबाट निजप्रतिवादी फुलहसन अन्सारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. को कसुर अपराधमा सोही महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर्‍याई सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६८।१।५ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।१२।४ को साधक फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल वैशाख ७ गते रोज ३ शुभम्।

५

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०६८-CR-१३९१, कर्तव्य ज्यान,

अम्मरबहादुर खड्का वि. नेपाल सरकार

लास जाँच मुचुल्कामा खुलाइएको मृतकले गरेको भनिएको सङ्कलित भोमिट भनिएको वस्तु Forensic Lab बाट परीक्षण गर्दा उक्त वस्तुमा Phosphine gas को उपस्थिति नेगेटिभ (negative) देखिएको भन्ने मिसिल संलग्न प्रतिवेदनबाट देखिन्छ । मृतकले गरेको भनिएको भोमिटमा फोस्फाइनको मात्रा नभेटिएको अवस्थामा मृतक लासनजिक बरामद भएको उक्त phospine gas सेवनबाट प्रेमा खड्काको मृत्यु भएको भन्न मिल्ने नदेखिने।

मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Shock due to hypovolemia due to visceral injury भन्ने उल्लेख भएको पाइन्छ भने मृतकको नाकबाट रगत बगेको, कलेजोको पछाडिपट्टी घाउ भई पेटमा रगत जमेको, दाहिने आँखाको माथिल्लो परेलाको भाग सुन्निएर निलो भएको, दायाँ हातको नाडीमा छाला खोस्रिएको, दाहिने खुट्टाको घुँडामा छाला खोस्रिएको, निधारमा टुटुल्को उठेकोजस्तो सुन्निएको भन्ने रहेको र विशेषज्ञको बकपत्रमा मृतकको शरीरमा बाहिरी चोट नदेखिएको र भित्री कलेजोमा चोट लागेको कारण रगत कमी भई मुटुले काम गर्न नसक्दा मृत्यु भएको हो भनी उल्लेख गरेको पाइन्छ । प्रेमाले विष सेवन गरी मृत्यु भएको भनी प्रतिवादीले जिकिर लिए पनि मृतकको शव परीक्षण प्रतिवेदन एवम् मृतकले गरेको भनिएको भोमिटको परीक्षणसमेतमा मृतकले विष सेवन गरेको कुनै लक्षण नै नभेटिएकोसमेतबाट निजको मृत्यु विष सेवनबाट भएको नभई कर्तव्यबाट भएको भन्ने नै देखिने।

मृतक प्रेमा खड्काले गाउँमा रूपैयाँ ब्याज लगाएको विषयमा अम्मरबहादुर खड्काको मृतकसँग झगडा परिरहने गरेको र प्रतिवादीले मृतकलाई कुटपिट गरी मारेका हुन् भनी परेको रीता थापाको किटानी जाहेरी र सो जाहेरीलाई समर्थन गरी गरेको बकपत्र, वादीका साक्षी घनबहादुर थापा र खगिसरा थापा एवम् पूर्णबहादुर थापाको मौकाको कागज एवम् बकपत्रसमेत बाट प्रतिवादीले पठाएको रकम कसैसँग सल्लाह नगरी ब्याजमा लगाएको विषयलाई लिएर प्रतिवादी अम्मरबहादुरले मृतकलाई कुटपिट गरी हत्या गरेको भन्ने कुरा पुष्टि हुन आएबाट मृतक प्रेमा खड्काको मृत्यु प्रतिवादी अम्मरबहादुर खड्काको कुटपिटबाट भएको भन्ने पुष्टि हुन आयो । यस्तो अवस्थामा मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी केही नभएको, सामान्य विषयमा विवाद हुँदा श्रीमतीलाई १/२ थप्पड हानेको रिसको कारण निजले विषादी सेवन गरी आत्महत्या गरेको हुँदा अभियोगदाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालत, सुर्खेतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित तथ्य एवम् प्रमाणबाट पुनरावेदक प्रतिवादी अम्मरबहादुर खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा ऐ. १३(३) नं.बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय ठहर गरी भएको सुरू दैलेख जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६८।९।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्न उपयुक्त हुन्छ, हुँदैन भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादीको पूर्वआचरण खराब रहेको भन्ने नदेखिएको, मृतकसँग प्रतिवादीको पूर्वरिसइवी रहेको भन्ने नदेखिएको, प्रतिवादी र निजकी श्रीमतीबीच सामान्य विषयमा विवाद हुँदा प्रतिवादी तत्काल आवेशमा आई सामान्य जोखिमी हतियारको प्रयोग नगरी थप्पडले हान्दा प्रेमा खड्काको मृत्यु हुन पुगेको भन्ने घटना परिस्थितिलाई प्रतिवादीले स्वीकार

गरेकोसमेतका आधारमा प्रतिवादी अम्मरबहादुर खड्कालाई मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम १२ (बाह्र) वर्ष कैद गर्न उपयुक्त हुने हुँदा निजलाई १२ (बाह्र) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ असार १५ गते रोज ४ शुभम् ।

६

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी, ०७१-CR-१२८६, कर्तव्य ज्यान, *बलराम घर्ती मगरसमेत वि. नेपाल सरकार*

सावधानीपूर्वक कुनै काम गर्दा केही दुर्घटना भई मानिस मर्न गएमा भवितव्य मानिने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मृतकसँग विवाद भई रक्सीको नसाको सुरमा लड्रिएको अवस्थामा लट्ठीको सहारामा हिँड्ने शेरबहादुरलाई २ जना प्रतिवादीहरू मिली निजैको लट्ठी खोसी ७/८ पटक टाउकोजस्तो संवेदनशील अङ्गमा हिर्काएको र सोही चोटका कारणबाट निजको मृत्यु भएको मिसिल संलग्न कागजातहरूबाट पुष्टि भएको देखिन्छ । लट्ठीले टाउकोमा प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने सामान्य समझ भएको मानिसले विचार गर्नुपर्ने हुँदा निजहरूले असावधानीपूर्वक टाउकोमा पटकपटक प्रहार गरेको देखिँदा भवितव्य ठहरिनु पर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र प्रतिवादीहरूको कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन । अतः प्रतिवादीहरूको कसुरअनुसार ज्यानसम्बन्धी महलको १३(३)बमोजिम जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने ।

सुरू अदालतले प्रतिवादीहरूलाई अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद हुने राय व्यक्त गरेका तर्फ विचार गर्दा, प्रतिवादी कुलबहादुर र मृतक शेरबहादुर इँट्टा भट्टामा काम गर्ने साथीहरू भएका, मृतकलाई मार्ने पूर्वयोजना नभएको, सँगै बसी रक्सी सेवन गर्दाको अवस्थामा इँट्टा भट्टामा काम गर्ने मजदुर ल्याउने विषयमा विवाद भई तत्काल उठेको रिस थाम्न नसकी कुटपिट भएको, कुटपिटपश्चात् मृतक ओछ्यानमा घोप्टो परी सुतेको, प्रतिवादीहरू पनि सँगै सोही कोठामा सुतेका, बिहान हेर्दा मृत्यु भएको देखिएको, कुटपिट हुँदा पनि सङ्गीन हतियार प्रयोग नभई लट्ठी प्रहार भएको, प्रतिवादीहरू इँट्टा भट्टामा काम गरी जीवनयापन गर्ने मजदुर भएका र मौकामा तथा अदालतमा कसुरमा साबित भई बयान गरेका, योजना बनाई हत्या गरेको नदेखिएकोसमेतका अवस्थालाई दृष्टिगत गर्दा प्रतिवादीहरूका हकमा जनही कैद वर्ष ५ हुन अ.बं. १८८ नं.बमोजिम काठमाडौं जिल्ला अदालतले व्यक्त गरेको रायसमेत सदर हुने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मनासिब देखिन आउने ।

प्रतिवादीहरू बलराम घर्ती मगर र कुल बहादुर घर्ती मगरलाई ज्यानसम्बन्धी महलको १३(३) नं.अनुसार जन्मकैद हुने ठहर गरी मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम जनही ५ वर्ष कैद सजाय हुने । काठमाडौं जिल्ला अदालतको राय सदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।११।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : शिवहरि पौड्याल

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७३ साल वैशाख २ गते रोज ५ शुभम् ।

७

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री दीपकराज जोशी, ०७०-CR-०८५०, कर्तव्य ज्यान, *टिका पुन वि. नेपाल सरकार*

प्रतिवादी टिका पुनको श्रीमान् मुकेस पुनले दिएको चरम घरेलु हिंसा सहन नसकी उसकै बचनअनुसार बच्चालाई मारेकी हुँदा अभियोग दाबीबाट सफाइ हुनुपर्दछ भन्ने पुनरावेदन जिकिरतर्फ

विचार गर्दा, श्रीमती टिका पुनले आफ्नै छोरीको घाँटी दाबी मारेको भन्ने पत्ता लागेको भन्ने मुकेस पुनको किटानी जाहेरी दरखास्त देखिन्छ । घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्कामा मौकामा कागज गर्ने व्यक्तिहरूले पनि मृतक बालिकाको आमा टिका पुनले बालिकालाई घाँटी च्यापी मारेको भनी व्यहोरा खुलाई कागज गरेका छन् । बालिकाको शव परीक्षण प्रतिवेदनमा बालिका मुना पुनको मृत्युको कारण नाक, मुख छोपी निस्सासिएर श्वास बन्द भई हुन गएको भन्ने उल्लेख भएको र प्रतिवादी स्वयम्को मौकाको बयान र अदालतको बयानमा पनि श्रीमान्सँगको विवादको कारण आफूले बालिकाको घाँटी च्यापेको भन्ने कुरा स्वीकार गरेको देखिन्छ । प्रतिवादी टिका पुनले आफैँले जन्माएकी २३ दिनको बालिका मुना पुनलाई आफ्ना श्रीमान्सँग फोनबाट भएको विवादको बदलामा अवोध शिशुको निर्दयी किसिमबाट घाँटी थिची सोही कारणले श्वासप्रश्वास बन्द भई बालिकाको मृत्यु भएको भन्ने उपरोक्त तथ्यबाट पुष्टि भएको हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रस्तुत वारदातको घटनाक्रम हेर्दा आफ्नै पतिबाट गर्भधारण गरी सुत्केरी अवस्थामा माइत गएकी महिलालाई पतिले मेरो छोरी होइन, मारिदिए पनि हुन्छ भनी पत्नीको चरित्रमा समेत शङ्का गरी अपशब्द बोलेको पटकपटक मानसिक यातना दिएको हुनाले आफू पनि मर्ने र बच्चालाई पनि मार्ने उद्देश्यले बालिकाको नाक मुख थुनी मारेकी हुँ भन्ने प्रतिवादी टिका पुनको बयान तथा प्रतिवादी मुकेस पुनले अदालतमा बयान गर्दा मैले रक्सी खाई रिसको झोकमा बच्चाको घाँटी थिची मारिदेउ भनी भनेको हुँ भनी स्वीकारेको देखिँदा घरेलु हिंसाबाट प्रताडित महिलाबाट कसुर हुन गएको देखिन्छ । प्रतिवादी टिका पुनको आफूले जन्म दिएकी बालिकासँग कुनै रिसइवी नरहेको मार्ने मनसाय र योजना पनि नभएको, श्रीमान्सँगको विवादका कारण आवेशमा आई वारदात हुन गएको यस अवस्थासमेतलाई दृष्टिगत गर्दा, प्रतिवादी टिका पुनलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गर्ने ठहर्‍याई अ.बं. १८८ नं.बमोजिम ५ वर्ष कैद गर्ने राय व्यक्त गरेको दाङ देउखुरी जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७०।३।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल वैशाख २ गते रोज ५ शुभम् ।

८

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी, ०६९-CR-०९६०, कर्तव्य ज्यान, *निलम शर्मा खत्वे वि. नेपाल सरकार*

प्रतिवादीको शारीरिक परीक्षणबाट माथिल्लो ओठ र कुममा चोटपटक रहेको भन्ने व्यहोराले प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती व्यहोरालाई समर्थन गरेको देखिन्छ । प्रतिवादी अदालतमा बयान गर्दा कसुरमा इन्कार रहे पनि उक्त समयमा अरू व्यक्ति आए गएको भन्ने प्रतिवादीको जिकिर नभई देवर, सासू, देवरानी बाहिर गएका र आफू घरमा खाना पकाउने काम गरेको भनी घरमा रहेको कुरालाई स्वीकार गरी बयान गरेको देखिन्छ । तिलिया देवीले बच्चालाई घरमा छाडी आफू सागसब्जी लिन गएको साँझमा घर आउँदा नाति मरिसकेको रहेछ भनी अदालतमा बकपत्र गरेकी छन् । यसैगरी जाहेरवालाले प्रतिवादी निलम शर्माले मेरो छोरालाई कर्तव्य गरी मारेको हो भनी अदालतमा उपस्थित भई बकपत्र गरी आफ्नो जाहेरी व्यहोरालाई पुष्टि गरेको देखिन्छ । मृतक शंकर खत्वेको Autopsy Report मा मृत्युको कारण "Asphyxia due to

throttling" भन्ने उल्लेख भएको जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको पोस्टमार्टम रिपोर्टबाट देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा २७ को उपदफा (१) मा भएको कानूनी व्यवस्थाबमोजिम आरोपित कसुरबाट सफाइ वा छुट पाउनको लागि प्रतिवादीले आफू वारदातस्थलमा नभई अन्यत्र रहेको पुष्टि गर्नुपर्नेमा सो पुष्टि हुन सकेको देखिँदैन । मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादी निलम शर्मा खत्वेले मृतक शंकर खत्वेलाई कर्तव्य गरी मारेको पुष्टि भएको देखिँदा शङ्काको भरमा कसुरदार ठहर्‍याएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा निजतर्फका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

उल्लिखित तथ्य एवम् विवेचनासमेतको आधारमा प्रतिवादी निलम शर्मा खत्वेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुनसरी जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ।

इजलास अधिकृत : शिवहरि पौड्याल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल वैशाख २ गते रोज ५ शुभम् ।

९

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी, ०७०-CR-११८९, कर्तव्य ज्यान, *रत्नराज न्यौपानेसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूको अनुसन्धानको क्रममा भएको बयान, घटनास्थल प्रकृति मुचुल्का, मृतकको लास जाँच मुचुल्का, शव परीक्षण गर्ने चिकित्सकको बकपत्रलगायतका कागजातहरूबाट यी प्रतिवादीहरूले मिति २०६९।११।१४ गते बेलुका रक्सीको नसाको सुरमा हिँडेको मृतक थिरलाल न्यौपानेलाई कुटपिट गरी बाटोबाट लडाई दिएका र शरीरका विभिन्न भागमा चोट लागी सोही चोटका कारणबाट मिति २०६९।११।२५ गते उपचारको क्रममा घाइतेको मृत्यु भएको देखिन आयो । कसुरमा संलग्नता थिएन भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर तथा कानून व्यवसायीहरूको बहस जिकिर प्रमाणित हुने ठोस आधार प्रमाण नभएको हुँदा उक्त जिकिरसँग सहमत हुन सकिएन । अतः प्रतिवादीहरू रत्नराज न्यौपाने र अमृत न्यौपानेलाई अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत, बाग्लुङको फैसला मनासिब देखिन आउने ।

मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम पुनरावेदन अदालत, बाग्लुङबाट व्यक्त रायका सम्बन्धमा विचार गर्दा, प्रतिवादीहरूले कर्तव्य ज्यानको कसुर गरे तापनि यी प्रतिवादीहरूको मृतकसँग रिसइवी रहेको नदेखिएको, मृतकलाई मार्ने पूर्वयोजना रहेको नदेखिएको, मृतकलाई कुनै हतियार प्रयोग गरी घाइते बनाएको नदेखिएको तथा मृतकले प्रतिवादीहरूलाई अपशब्द प्रयोग गरी गाली गलौज गरेको सहन नसकी दुबै जनाले कुटपिट गर्दा भित्तामा ठोकिई बाटोबाट तल कुलोमा पल्टिन गई चोटपटक लागेको घटनाक्रमबाट देखिन आएको छ । प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने भएकोले प्रतिवादीहरूको उमेर, अवस्था र अपराध गर्दाको परिस्थितिसमेतलाई दृष्टिगत गरी मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम ६(छ) वर्ष कैद सजाय हुन मनासिब देखी राय व्यक्त गरी पुनरावेदन अदालत, बाग्लुङबाट मिति २०७०।१०।६ मा भएको फैसला मिलेकै देखिन आउने ।

उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादीहरू रत्नराज न्यौपाने र अमृत न्यौपानेलाई अभियोग माग दाबीबमोजिम जन्मकैद हुने ठहर्‍याई अ.बं.१८८ नं.बमोजिम ६(छ) वर्ष कैद सजाय हुन राय व्यक्त भएको पुनरावेदन अदालत, बाग्लुङको मिति

२०७०।१०।६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः शिवहरि पौड्याल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल वैशाख २ गते रोज ५ शुभम्।

१०

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६९-CR-०६३८, कर्तव्य ज्यान, *तैयव खान वि. नेपाल सरकार*

अदालतबाट कसुर ठहर भएपछि मात्र पुनरावेदन गर्दा शारीरिक तथा मानसिक यातना दिई प्रहरीले तयार गरेको कागजमा सहीछाप गराएका हुन् भनी जिकिर लिए पनि सुरू जिल्ला अदालतमा सो कुराको जिकिर लिई शरीर परीक्षण गराउन सकेको देखिँदैन । यसका अतिरिक्त निजले अदालतमा बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान व्यहोरा मैले भनेबमोजिम नै लेखिएको हुँदा ठीक छ। मेरो साँचो कुराहरू मैले भनेको थिएँ, तिनै कुराहरू लेखिएको हुँदा सो बयान फरक छैन भन्ने स.ज २२ मा लेखाएको देखिन्छ। यसबाट प्रहरीले इच्छा विरूद्ध बयान गराएको र घटना विवरण कागजमा सहीछाप गराएको भनी प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (२) को खण्ड (क) को देहाय (२)(३) विपरीत अनुसन्धानको बयान भएको भन्ने नदेखिनुका साथै निजले यातना क्षतिपूर्तिमा मौकामा दाबी गरेको पनि देखिँदैन। यसरी अनुसन्धान अधिकारी र अदालतमा समेत आरोपित कसुरमा इन्कारी भई बयान गरेको अवस्थामा मिसिल संलग्न परिस्थितिजन्य प्रमाणको मूल्याङ्कन गरी सुरू अदालतबाट निज प्रतिवादीलाई कसुरदार ठहर भइसकेपछि मात्र पुनरावेदन गर्दा प्रतिवादीले अनुसन्धानमा भएको बयान र घटना विवरण कागजमा भएको सहीछाप इच्छा विरूद्ध गराएको हो भनी लिएको पुनरावेदन जिकिर मनासिब नदेखिने।

उल्लिखित तथ्य सिद्धान्त एवम् विवेचनासमेतको आधारमा यी प्रतिवादीको मृतक सरला थापासँग प्रेम सम्बन्ध भएको भन्ने देखिएको, जाहेरवाला अमृत थापा, घटना विवरण मुचुल्काका मानिस सावित्री खाती, पार्वती पराजुली, लक्ष्मी खड्कासमेतले अदालतमा आई प्रतिवादीले सरला थापालाई मारेकोमा सजाय हुनुपर्छ भनी गरेको बकपत्र र प्रतिवादीले निज सरला थापालाई प्राप्त गर्न नसके जे पनि गर्नसक्ने भन्ने मृतकले मौकामा कागज गर्ने व्यक्तिहरूसँग व्यक्त गरेको कुरा, मृतक र यी प्रतिवादीबीच भएको एसएमएस तथा कलडिटेलहरू, महमद अनावरूलले गरेको कागज, गार्मेन्टका कपडाहरूमा बुट्टा भर्ने कार्यमा मृतकले यी प्रतिवादीलाई अर्डर दिने गरेको, मृतकको लास गार्मेन्टकै सेतो बोराभित्र पहेँलो कपडाले बेरिएको अवस्थामा फेला परेको भन्ने लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनमा Blunt Force craniocerebral (or Head) Injuries, Possibly coupled with manual strangulation, Manner of death Homicide उल्लेख हुनुसमेतका मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरू मालाकार कडीको रूपमा स्थापित भएको देखिँदा यी प्रतिवादीले मृतक सरला थापालाई घातक हतियार प्रयोग गरी मारी फालेको पुष्टि भएको देखिँदा निज प्रतिवादी साहिल भन्ने तैयव खानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने । ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७३ साल वैशाख ९ गते रोज ५ शुभम्।

११

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७०-CR-११६२, कर्तव्य ज्यान, *मीरादेवी कुर्मी वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष साबित भई गरेको बयानमा देखाएको स्थानबाट वारदातमा प्रयोग भएको बञ्चरो बरामद भएको, लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट बञ्चरोले काटेको चोटबाट मृतक गंगा कुर्मीको मृत्यु भएको देखिएको र घटना विवरण मुचुल्काका सिर्जना न्यौपाने, वस्तुस्थिति मुचुल्काका मानिस जयराम चौधरी, देवका न्यौपाने, भागीरथ पंगेनी, जाहेरवाला श्रीनिवास कुर्मी, मौकामा प्रतिवेदन दिने प्र.ना.नि. विजयकुमार सिंह र प्र.स.नि. सीता पराजुलीसमेतले अदालतमा आई यी प्रतिवादी मीरादेवी कुर्मीले आफ्ना पतिलाई बञ्चरोले प्रहार गरी घाँटी तथा टाउकोको विभिन्न भागमा काटी मारेको भनी किटानीसाथ बकपत्र गरी दिएबाट समेत निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान पुष्टि भएको देखिँदा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, बुटवलबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

माथि उल्लिखित तथ्य, प्रमाण एवम् विवेचनाको आधारमा प्रतिवादीलाई सुरू नवलपरासी जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. को कसुरमा सोही १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई गरेको फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।१।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

सजायको हकमा विचार गर्दा वारदातको प्रकृति र अवस्था एवम् मृतक गंगा कुर्मी सधैं अत्यधिक रक्सी सेवन गर्ने, घर जग्गा धितो राखी रक्सी सेवन गरी सिध्याएको, श्रीमतीलाई रक्सी सेवन गरी कुटपिट गरिरहने, बालबच्चाको हेरचाह नगर्ने, वारदातको दिन पनि अत्याधिक रक्सी खाई आएको र श्रीमान् श्रीमती सँगै सुतेको अवस्थामा यी पुनरावेदक प्रतिवादीले मुख गन्हायो मुख फर्काउनुहोस् भन्दा नमानी कुटपिट गरेको र पतिले दिएको पीडालाई सहन गर्न नसकी रिसले बञ्चरो प्रहार गरी मारेको देखिँदा निज प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने र न्यायसम्मत् नभएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम कैद वर्ष १०(दश) मात्र सजाय हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७३ साल वैशाख ९ गते रोज ५ शुभम्।

१२

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७२-RC-००४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्षीराम थारू*

घटनाको प्रत्यक्षदर्शी मौकामा कागज गर्ने हरिराम चौधरी र रामकुमार चौधरीले प्रतिवादी लक्ष्य भन्ने लक्षीराम थारूले मादक पदार्थ सेवन गरी आई काम गर्ने क्याम्पबाहिर आगो तापी बसिरहेको अवस्थामा फरूवाले मृतकको टाउकोमा हानेको भनी मौकामा लेखाई दिएका र वस्तुस्थिति मुचुल्काका मानिस शिवराम भण्डारी, घटना विवरणमा कागज गर्ने रामलखनी थारू र जाहेरवाला मनिराम थारूले अदालतमा आई बकपत्र गर्दाप्रतिवादी लक्ष्य भन्ने लक्षीराम थारूले एक्कासी पछाडिबाट फरूवाले टाउकोमा हानी चोट पुर्‍याई सोही चोटका कारण उपचार गराउँदागराउँदै थलापरी निजको मृत्यु भएको भनी किटानीसाथ बकपत्र गरेको देखिन्छ। साथै शव परीक्षण प्रतिवेदनमा Intracranial bleed causing Increase in Intracranial pressure leading to cardiopulmonary arrest भनी उल्लेख भएको देखिन्छ। लास जाँच मुचुल्कामा टाउकोमा काटिएको

पुरानो घाउ भएको र वारदातपश्चात् तत्काल चलेको ज्यान मार्ने उद्योग मुद्दाको मिसिल संलग्न घाउ जाँच केस फारामलगायतका प्रमाणबाट समेत प्रतिवादीले मृतकलाई फलामे फरूवाले टाउकोमा हिर्काएको कुरा पुष्टि हुन आउँछ । तसर्थ निजप्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष रिस उठी फलामको फरूवाले टाउकोमा हिर्काएको भनी गरेको साबिती बयान समर्थित रहेको देखिने।

प्रतिवादी लक्ष्य भन्ने लक्षीराम थारूले मृतकलाई धारिलो फलामे फरूवाले टाउको जस्तो संवेदनशील भागमा हिर्काउँदा उपचार गर्दा गर्दै मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ८ नं. को रीतबाट निको नभई थला परी सोही चोटको कारणले मृत्यु भएको पुष्टि हुन आयो । प्रतिवादीले अदालतसमक्ष आरोपित कसुरमा इन्कारी भई फलामे फरूवाले मृतकको टाउकोमा हिर्काएको होइन भनी बयान गरे तापनि निजको सो इन्कारी बयानलाई आफ्नो साक्षी बकाई पुष्टि गराउन नसक्नुका साथै अन्य मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट निजको अदालतसमक्षको इन्कारी बयान खम्बिर हुन सकेको पाइँदैन । त्यस्तो इन्कारी बयानको आधारमा मात्र निजले अभियोग माग दाबीअनुसारको कसुर गरेको होइन भन्न नसकिने।

उल्लिखित, तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा निज प्रतिवादी लक्ष्य भन्ने लक्षीराम थारूले मृतकलाई फलामे फरूवाले टाउको जस्तो संवेदनशील भागमा हिर्काई सोही चोटको कारणले शिवलाल थारूको मृत्यु भएको देखिँदा निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. को कसुर देखिँदा निज प्रतिवादी लक्ष्य भन्ने लक्षीराम थारूलाई सुरू कैलाली जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, दिपायलबाट मिति २०७१।१०।५ मा भएको साधक फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७३ साल वैशाख ९ गते रोज ५ शुभम्।

१३

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६९-CR-०७४८, कर्तव्य ज्यान, *हरिबोल शर्मा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीलाई मृतकले कुटपिट गरेको भने पनि निजका हातमा रहेको लाठी खोसी आफ्नो हातमा लिई सोही लाठीले मृतकलाई कुटेको भन्ने पुनरावेदक प्रतिवादीको भनाईबाट मृतकको जुलुमबाट उम्कन फुत्कन नसक्ने अवस्थामा पुगी मृतकलाई केही नगरे पुनरावेदक प्रतिवादीको ज्यानै जानसक्ने अवस्था देखिएन । आफ्नो बचाउका लागि मृतकमाथि कुटपिट गरेको भने पनि पुनरावेदक प्रतिवादीले निजका धानबालीमा मृतकले सुँगर चराएको विषयमा मृतक र पुनरावेदक प्रतिवादीबीच विवाद भएपछि मृतकले पुनरावेदक प्रतिवादीलाई लाठाले हिर्काएको रिसमा सो रिस थाम्न नसकी निज मृतककै लाठी खोसी मृतकका टाउकामा हिर्काउँदा लागेको चोटको कारण कलेश्वर मरिकको मृत्यु भएको भन्ने देखिन्छ । पुनरावेदक प्रतिवादी र मृतकबीच पहिलादेखि नै रिसइवी रहेको र सोही इवीका कारण मार्ने योजना बनाई कुटपिट गरी मारेको भन्ने नदेखिए पनि सुँगरले बाली खाएकोमा विवाद हुँदा मृतकले पुनरावेदकलाई लाठी प्रहार गरेका कारण तत्काल उठेको रिस थाम्न नसकी मृतकले नै प्रयोग गरेको लाठी खोसी प्रतिवादी हरिबोल शर्माले मृतकमाथि प्रयोग गरेको भन्ने देखियो । बाँसको लाठाले टाउको जस्तो संवेदनशील ठाउँमा हान्दा मानिस मर्न सक्छ भन्ने सामान्य समझ भएका व्यक्तिले बुझ्न सक्ने कुरा हो । तर पुनरावेदक प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकेको कारण त्यसतर्फ हेक्का नगरी बाँसका लाठाले

मृतकमाथि प्रहार गरेको देखिँदा त्यस्तो कृत्यलाई भवितव्य भन्न मिल्ने देखिएन। प्रतिवादीले मृतकलाई लुकीछिपी पनि नहानेका र जोखिमी हतियारले हानेको वा विष खुवाएको पनि नभई साधारण लाठाले हान्दा सोही चोटबाट कलेश्वरको मृत्यु भएको भन्ने देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.अनुसार दश (१०) वर्ष कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको फैसला बदर गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सबै प्रतिवादीहरू भई मृतकलाई घेरा हाली हत्या गरेकाले सबै प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसम्बन्धमा विचार गर्दा प्रतिवादीहरू रामअवतार शर्मा (बरही), कारी शर्मा (बरही), पहाडी भन्ने श्रीप्रसाद शर्मा, रामप्यारीदेवी शर्मा (बरही) लाई जाहेरीमा अभियुक्त भनी नाम उल्लेख गरेको देखियो। जाहेरीमा हातहातमा बोकी ल्याएको बाँसले सबै प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको भन्ने उल्लेख भएको देखिन्छ। तर जाहेरीमा उल्लिखित कुरालाई अदालतमा उपस्थित भई जाहेरवालाले बकपत्र गरी पुष्टि गर्न सकेको देखिएन। फौजदारी मुद्दामा अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नआएको जाहेरी दरखास्तलाई मात्र आधार मानी कसुरदार ठहर गर्नु कानून र न्यायको मान्य सिद्धान्त विरूद्ध हुन जाने।

घटनाका प्रत्यक्षदर्शी सीता मरिक र रीता मरिकलाई नबुझी फैसला भएको भन्ने वादी नेपाल सरकारको जिकिर रहेकोमा सन्तोष भन्ने हरिबोल शर्माबाहेकका अन्य प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको भनी सीता मरिक तथा रीता मरिकले मौकामा कागज गर्दा खुलाउन सकेको देखिएन। मौकामा अन्य प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको भनी भन्न सकेको नदेखिँदा मौकामा नखुलाइएको विषयलाई अदालतमा आई बकपत्र गरी प्रमाणित गरिरहनु पर्ने हुँदैन। त्यस्तै वादी पक्षका साक्षी प्रत्यक्षदर्शी भनिएका नातासा शर्मा तथा सजन मण्डललाई वादीले अदालतमा उपस्थित गराई अन्य प्रतिवादीहरूको अपराधमा संलग्नता रहेको भनी प्रमाणित गर्न सकेको पनि देखिएन। यस्तो अवस्थामा सन्तोष भन्ने हरिबोल शर्माबाहेकका अन्य प्रतिवादीहरूलाईसमेत अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

उल्लिखित तथ्य, कानूनी व्यवस्था तथा आधार प्रमाणसमेतबाट प्रतिवादीहरू रामअवतार शर्मा (बरही), रामप्यारीदेवी शर्मा (बरही), कारी शर्मा (बरही) र पहाडी भन्ने श्रीप्रसाद शर्मालाई अभियोगबाट सफाइ दिने ठहर गरी भएको फैसलालाई सदर ठहऱ्याई तथा सन्तोष भन्ने हरिबोल शर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर गरी भएको सुरूको फैसला केही उल्टी गरी प्रतिवादी सन्तोष भन्ने हरिबोल शर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम दश (१०) वर्ष कैद सजाय हुने र अन्य प्रतिवादीहरूले सफाइ पाउने ठहर गरी भएको सप्तरी जिल्ला अदालतको फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकार तथा प्रतिवादी सन्तोष भन्ने हरिबोल शर्मा (बरही) को पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम्।

१४

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६७-CR-०४३३, ०६७-CR-०६१६, ०६७-CR-०६१७, ०६७-CR-०६७६

र ०७२-RC-००२४, कर्तव्य ज्यान, *गोपाल राई, वि. नेपाल सरकार, धनेन्द्र इजम वि. नेपाल सरकार, मनिकुमार बोखिम वि. नेपाल सरकार, भीमबहादुर लक्सम वि. नेपाल सरकार र नेपाल सरकार वि. बिर्ख भन्ने बीरकुमार इजम (लिम्बु)*

मृतकको Autopsy report मा मृत्युको कारण Head injury and hemorrhagic shock due to rapture of liver भन्ने देखिएको छ । लास जाँच मुचुल्कामा मृतकका दुवै हात सनपाटको डोरीले बाँधी शरीरको भागले थिची उत्तानो अवस्थामा राखेको, निधारमा १ इन्च चौडाइको चोट, चिउँडोको मुनि भागमा २ इन्च चौडाको काटेको चोट, कम्मरको भागमा खोस्रिएको भन्ने तथा घटनास्थलमा प्राप्त सबुद प्रमाणमा रातो रङको ग्यास सिलिन्डर र सोको चुला १ थान तथा बाँसका लाठी थान २ रहेका भन्ने खुलाएको पाइन्छ । यी पुनरावेदक प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई लास जाँच प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनले समर्थन गरी रहेको देखिँदा अदालतमा आई इन्कारी बयान गरेको मात्र आधारमा अपराधमा संलग्नता रहेनछ भन्न सकिने देखिन नआउने ।

फौजदारी मुद्दामा शङ्काको सुविधा अभियुक्तले पाउने हुन्छ । प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरू सबैले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा एक आपसमा पोल गरी घटनाको सिलिसिलेवार रूपमा उल्लेख गरेका, निजहरूको सो बयानलाई जाहेरवालाको जाहेरी दरखास्त एवम् अदालतको बकपत्र, मौकामा बुझिएका लिलामाया थेवे, मनु सुब्बा, खड्ग थेवेसमेतले मौकामा गरेको कागज र अदालतमा आई गरेको बकपत्र एवम् शव परीक्षण प्रतिवेदन र लास जाँच प्रकृति मुचुल्कासमेतबाट पुष्टि एवम् समर्थन भइरहेको देखिँदा यी पुनरावेदक प्रतिवादीहरूको उक्त वारदातमा संलग्नता थिएन कि भनी शङ्का गर्ने अवस्था नै नदेखिने ।

अधिकारप्राप्त अधिकारीसमक्ष घटनाको बारेमा सिलसिलेवाररूपमा उल्लेख गरी गरेको बयानलाई खण्डन गर्ने ठोस र आधारयुक्त प्रमाण प्रतिवादीहरूबाट पेस हुन नसकेको र अन्य स्वतन्त्र प्रमाणले यी पुनरावेदक प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको पुष्टि गरिरहेको अवस्थामा अदालतमा गरेको निराधार इन्कारी बयान कै आधारमा मात्रै कसुरदारलाई छाड्दै जाने हो भने फौजदारी कानूनको उद्देश्य तथा फौजदारी न्यायको मूल मर्म नै परास्त हुन गई समग्र न्याय प्रणालीप्रति नै वितृष्णा उत्पन्न हुन जाने ।

उल्लिखित तथ्य एवम् आधार प्रमाणसमेतबाट प्रतिवादीहरू गोपाल राई, धनेन्द्र इजम, भीमबहादुर लक्सम्, बिर्ख भन्ने बीरकुमार इजम र मनिकुमार बोखिमलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.अनुसार जनही जन्म कैदको सजाय हुने ठहर गरी निज प्रतिवादीहरूलाई पन्ध्र वर्ष कैद गर्न मनासिब देखी अ.बं. १८८ नं.बमोजिम राय व्यक्त गरी भएको सुरू झापा जिल्ला अदालतको फैसलालाई रायसहित सदर ठहर गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०६७।३।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७३ साल जेठ २ गते रोज १ शुभम् ।

१५

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६८-CR-०३०५, कर्तव्य ज्यान, *आस्मा खातुन वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीको मानसिक अवस्था ठीक नरहेको भनी निज प्रतिवादीले पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्दासमेत जिकिर लिएको र सो सम्बन्धमा निजको मानसिक अवस्था

परीक्षणका लागि कोशी अञ्चल अस्पतालमा पठाएको देखियो । कोशी अञ्चल अस्पतालका मानसिक रोग विशेषज्ञले निजको मानसिक परीक्षण गरी दिएको प्रतिवेदनमा *FURTHER INFORMATION FROM FAMILY MEMBERS NEEDED TO CONFIRM THE DIAGNOSIS.* भन्ने उल्लेख गरेको भनी मिति २०६७।२।६ को कोशी अञ्चल अस्पतालबाट प्राप्त प्रतिवेदनमा खुलाएको पाइयो । मानसिक अवस्था सन्तुलनमा रहे नरहेको भनी परीक्षणका लागि पठाइएकोमा विशेषज्ञद्वारा जाँच गरी दिएको चिकित्सकको रिपोर्टमा मानसिक अवस्था सन्तुलनमा नरहेको भन्ने खुलाउन नसकी निजको रोगको बारेमा अतिरिक्त *DIAGNOSIS* का लागि परिवारलाई सिफारिस गरेको देखिँदा निज प्रतिवादी मानसिक रोगी हुन् भन्न नसकिने ।

मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Asphyxia due to strangulation भन्ने देखिन्छ । मृतकको लास जाँच प्रकृति मुचुल्कामा घाँटीको पछाडिपट्टी गर्धनमा तीन स्थानमा मासु माथि उठेको थिचेको डाम देखिएको, दायाँ कानमा सेतो माटो लागेको र सो कानभन्दा मुनि दुई ठाउँमा सानो आलो घाउ भई सामान्य रगत बगेको र सामान्य सुन्निएको तथा टाउकामा सेतो माटो लागेको हिलो देखिएको भनी खुलाएकोसमेतका तथ्य प्रमाणबाट प्रतिवादीले बच्चाको घाँटी थिची हिलोमा डुबाई हत्या गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई समर्थन गरी रहेको देखिँदा प्रतिवादीलाई शङ्काको आधारमा कसुरदार ठहर गरेको भन्न मिलेन । यस्तो अवस्थामा यस अदालतबाट विपक्षी झिकाउँदा लिएको जिकिरसँग सहमत हुन नसकिएको हुँदा पुनरावेदन अदालत, विराटनगरको फैसलालाई अन्यथा गरी रहन नपर्ने ।

माथि विवेचित तथ्य, कानूनी व्यवस्था तथा आधार प्रमाणबाट प्रतिवादी आस्मा खातुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३*(३)* नं.बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी भएको सुनसरी जिल्ला अदालतको फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।८।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी आस्मा खातुनको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम् ।

१६

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६८-CR-०६४३ र ०७१-RC-००५०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विनयकुमार भुज र नेपाल सरकार वि. मुराउ मौर्य*

फौजदारी मुद्दामा जाहेरवालाले अदालतसमक्ष उपस्थित भई जाहेरी दरखास्तमा लेखिएका कुरालाई बकपत्र गरी प्रमाणित नगरेसम्म र अन्य स्वतन्त्र प्रमाणबाट जाहेरी व्यहोरा समर्थित हुन नसकेसम्म त्यस्तो जाहेरी दरखास्त केवल घटनाको सूचनासम्म रहन सक्ने भई त्यस्तो जाहेरी दरखास्तले ठोस प्रमाणको रूपमा मान्यता पाउन सक्दैन । अभियुक्तको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान अन्य तथ्ययुक्त एवम् परिस्थितिजन्य प्रमाणबाट समर्थित हुन आएको अवस्थामा त्यस्तो बयानलाई प्रमाणमा लिन मिल्ने हुन्छ । तर अन्य स्वन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा मौकामा गरेको अभियुक्तको बयानले प्रमाणको रूपमा ग्राह्यता पाउन नसक्ने ।

फौजदारी मुद्दामा शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको छ । प्रतिवादीको कसुर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५अनुसार वादी पक्षमा रहेको छ । प्रतिवादी विनयकुमार भुजले मृतक प्रेम परियारलाई गोली हानी हत्या गरेका हुन् भन्ने प्रत्यक्ष देख्ने भनिएका चश्मदिद् गवाह गुरूचरण

चमारले अदालतमा उपस्थित भई बकपत्र गर्दा मृतकको हत्या अपरिचित व्यक्तिले प्रहार गरेको गोलीबाट भएको र विनयकुमार भुजको उक्त वारदातमा कुनै संलग्नता नरहेको भनी किटानीसाथ बकपत्र गरिदिएको पाइन्छ। प्रमाण ऐनको दफा २५ अनुसार प्रतिवादी विनयकुमार भुजको अपराध प्रमाणित गर्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस हुन सकेको पाइँदैन। वादीका साक्षीहरूले अदालतमा उपस्थित भई बकपत्र गर्दा उक्त वारदातमा प्रतिवादी विनयकुमार भुजको संलग्नता नरहेको भनी खुलाई दिएकोसमेतका प्रमाणहरूबाट प्रतिवादी विनयकुमार भुजले कसुर गरेको पुष्टि नभएकाले पुनरावेदन अदालत, बुटवलबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अत: माथि विवेचित तथ्य, आधार र प्रमाणबाट प्रतिवादी विनयकुमार भुजलाई कसुरदार ठहर गरी भएको सुरूको फैसला निजको हकमा उल्टी गरी निज प्रतिवादी विनयकुमार भुजलाई अभियोग दाबीबाट सफाइ दिने गरी तथा प्रतिवादी गुड्डु भन्ने श्रवणकुमार मौर्यको हकमा सुरूबाट कसुरदार ठहर गरी भएको फैसलालाई साधकको रोहबाट सदर ठहर गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।२।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी गुड्डु सिवा भन्ने श्रवणकुमार मुराउ (मौर्य) को हकमा साधक सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम्।

इजलास नं. १

१

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०९६-WO-०३४०, उत्प्रेषण, कृष्णगोपाल प्रधान *वि. मालपोत कार्यालय, कास्कीसमेत*

बन्डा गर्नुपर्ने सम्पत्तिमा कि.नं. १०५ को ०-३-०-२ र सोमा बनेको एउटा पक्की एउटा कच्ची ३ तले घर र कि.नं. ६४ को ०-४-२-१ जग्गामध्येबाटै ५ भागको २ भाग अंशबन्डा गर्नुपर्ने भएको र कि.नं. १०५ को ०-३-०-२ जग्गालाई ५ भाग लगाउँदा उक्त जग्गा भोगयोग्य रहने देखिँदैन। कतिपय जग्गा क्षेत्रफलका हिसाबले विभाजनयोग्य नै हुँदैन। त्यसैगरी कतिपय जग्गाको भूबनोट तथा बाटो निकासको दृष्टिकोणबाट खण्डित गर्न नमिल्ने प्रकृतिको हुन जान्छ। प्रत्येक कित्ताबाट बन्डा नछुट्टिँदा नरम करम नमिलेको भन्न नमिल्ने।

बन्डा गर्नुपर्ने सम्पत्तिलाई हेरी मुद्दाका सबै पक्षलाई सुविधा हुने र सम्पत्ति बन्डा गर्दा न्यायोचित हुने गरी बन्डा गर्नु नै नरम करमको मूल अभिप्राय हो। जग्गाको क्षेत्रफलअनुसार एक कित्तामा १ पक्षलाई केही बढी जग्गा पर्नु अर्को पक्षलाई केही कम परेको भाग अर्को कित्ताबाट सोधभर्ना हुनेगरी भएको बन्डा मुचुल्कालाई बदर गरिरहनु आवश्यक हुँदैन। कि.नं. १०५ मा बनेका २ वटा घरहरूमध्ये रिट निवेदकका छोरीहरु वादीलाई १ कोठाको १ तलेघर र केही जग्गासम्म बन्डा भाग छुट्याई बाँकी घर जग्गा विवाह खर्च र प्रतिवादीहरूको ३ भागबापत पर सारेको देखिन्छ। कि.नं. ६४ को पूरै क्षेत्रफल प्रतिवादीहरूकै भागमा छाडी बन्डा मुचुल्का भएको देखिने।

अदालतले बन्डा छुट्याउँदा के कति क्षेत्रफल कुन पक्षले पाउने हो भनी उल्लेख गर्न सम्भव हुँदैन। बन्डा गर्दा घरजग्गा रहेको कित्तामा बाटो निकाससमेत हुने गरी बराबर चिरा पारी सोमा पूर्व पश्चिम उत्तर दक्षिणतर्फ कुन पक्षको भाग पर्ने हो सोसम्म खुलाई बन्डा मुचुल्कामा उल्लेख गर्दा बन्डाको प्रक्रिया पुगेको मान्नु पर्ने हुन्छ। स्रेस्ता कायम गर्ने र क्षेत्रफल खुलाउने कार्य सम्बन्धित नापी तथा मालपोत कार्यालयबाट हुन जाने।

अतः उल्लिखित तथ्य, प्रतिपादित सिद्धान्त एवम् विवेचनासमेतको आधारमा प्रस्तुत मुद्दामा रिट निवेदकलाई कि.नं. १०५ बाट केही कम क्षेत्रफल बन्डा पाउने र सोको सोध भर्ना हुने गरी कि.नं. ६४ को पूरै जग्गा निजसमेतका अंशियारको बन्डामा पर्ने गरी बन्डा मुचुल्का भएको र सोबाट प्रक्रियात्मक तवरबाट केही कम बेसी भए तापनि निवेदकको सम्पत्ति प्राप्त गर्ने हकमा गम्भीर कानूनी त्रुटि भई आघात पर्न गएको भन्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ ७ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, २०६९-CI-०५२३, अंश चलन, *सीतादेवी पन्तसमेत वि. मुकुन्दराम पन्त*

दाताले दिएको सम्पत्ति प्राप्त कर्ताले आफ्ना नाममा नामसारी गरी हक प्राप्त नगरेको अवस्थामा निजको मृत्युपश्चात् निजका हकदारले पाउन सक्ने अवस्था रहेको भनी मान्न सकिने अवस्था नरहने।

वस्तुत: कुनै पनि सम्पत्तिमा कुनै व्यक्तिको हक स्थापित भएको मान्नको लागि त्यस्तो सम्पत्ति प्राप्त गर्ने व्यक्तिले उक्त सम्पत्तिमा कानूनत: आफ्नो हक स्थापित गरेको हुनुपर्ने हुन्छ। यसरी मूल व्यक्तिको नै त्यस्तो सम्पत्तिमा हक स्थापित नभएको अवस्थामा निजको हकदारको उक्त सम्पत्तिमा हक स्थापित भएको भनी मान्न कानूनत: मिल्ने नदेखिने। सगोलमा नभई मानो छुट्टिएपश्चात् आफ्नो भाग जति शेषपछिको बकसपत्र गरेको देखिएको हुँदा पुनरावेदकतर्फबाट प्रेषित उक्त नजिरको तथ्य र प्रस्तुत मुद्दाको तथ्यमा भिन्नता भई शेषपछिको बकसपत्रको लिखत कार्यान्वयन नभएको तथा सगोलमा वादी प्रतिवादी रहेकोले कुन सम्पत्ति शेषपछिको बकसपत्र दिएको हो सो नछुट्टिनुको अतिरिक्त यी वादीको नाममा कुनै पनि सम्पत्ति रहे भएकोसमेत नपाइने।

मुलुकी ऐनमा भएको २०३४ सालको संशोधनपश्चात् अंशबन्डा सम्बन्धमा मानो छुट्टिएको मानो जोडिएको तथा अंशबन्डाको लिखत कानूनबमोजिम रजिस्ट्रेसन गराउनु पर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिन्छ। यी वादी प्रतिवादीहरूबीच कानूनको प्रक्रिया पूरा भई लिखत भएको अवस्था पनि नदेखिएको र भोग बिक्री व्यवहारजस्ता प्रमाणहरूबाट भिन्न भएको अवस्थासमेत नदेखिने।

तसर्थ वादी र प्रतिवादीबीच नाता पुस्ता र एकासगोलका अंशियार रहे भएको कुरामा कुनै विवाद नदेखिएकोले अंशियारको हैसियतले आफ्नो भाग हिस्सामा पर्ने सम्पत्तिको अंश भाग पाउनु पर्ने वादीको नैसर्गिक हक अधिकारसमेत भएको र अंशियारको हैसियतले वादी मुकुन्दराम पन्तले कानूनबमोजिम आफ्नो अंश बुझी लिएकोसमेत नदेखिएका अवस्थामा यस अदालतबाट मिति २०६९।७।१७ मा प्रस्तुत मुद्दामा प्रदान गरिएको निस्साको आधारसँग सहमत हुन नसकिँदा पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अत: उल्लिखित तथ्य, प्रमाण, कानूनी व्यवस्था एवम् विवेचनासमेतका आधारमा तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्ये चाल्नाखेल गा.वि.स.वा.नं. ८(ख) कि.नं.५७, ५८ का जग्गाबाहेक अंशियारहरूका नाउँमा दर्ता स्रेस्ता कायम रही मोठ दर्ता स्रेस्ता भिडेको जग्गाबाट २ भागको १ भाग अंश वादीले प्रतिवादीबाट छुट्याई लिन पाउने भनी ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।२।१९ मा भएको फैसला मिलेकै देखिँदा

सदर हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर अधिकृत: बिक्रम प्रधान

इति संवत् २०७२ साल पुस २९ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-CR-०१११, ०७०-CR-०३८० कर्तव्य ज्यान, *जंगे राई वि. नेपाल सरकार, रामविर तामाङ वि. नेपाल सरकार*

मृतक मिति २०६१।९।७ गते बिहान ८:३० बजेको समयमा दीपक तामाङ भन्ने रामवीर तामाङको साथमा जाहेरवाली सरू राईको पति पुनम राई डुल्न भनी गएका र १२, १३ दिनसम्म घरमा नआई निज मृतक पुनम राईको मिति २०६१।९।१९ गते देउनिया खोलाको बगरमा बालुवाले पुरिएको अवस्थामा मृत लास फेला परेकोमा मृतक रक्सी खाई हिँडिरहेको अवस्थामा लडी मृत्यु भएको भए हिउँदको बेला पानी नपरेको समयमा पूरै लास बालुवाले ढाकिएको अवस्थामा रहन सक्ने अवस्था देखिन्न । जाहेरी दरखास्तमा उल्लिखित व्यहोरा, घटनास्थल लास जाँच प्रकृति मुचुल्कामा बालुवाले खाल्टोमा पुरिएको लास खनेर निकालिएको भन्ने उल्लेखसमेत भएकोले मृतक पुनम राई आफैँ गई सोही ठाउँमा कालगतिले मरेको भनी मान्न सकिने अवस्था नरहेकाले मृतकको मृत्यु स्वाभाविकरूपमा नभई कर्तव्यबाट भएको देखिन आउने।

प्रतिवादी रामवीर तामाङ लास फेला परे लगत्तै फरार भएको र लुकीछिपी बसेको अवस्थामा पक्राउ परेको अवस्था रहे भएको देखिन्छ भने यीनै प्रतिवादीले मृतकलाई घरबाट बोलाएर लगेको र घरमा नआएको अवस्थामा पुनम घरमा आयो भनी पटकपटक मेरो घरमा आई रामवीर तामाङले सोधेको भनी जाहेरवालीको जाहेरीमा उल्लिखित व्यहोराबाट समर्थित भएको मिसिल संलग्न आधार प्रमाणहरूबाट यी प्रतिवादी पुनम राईलाई कर्तव्य गरी हत्या गर्ने मुख्य योजनाकार रहेको तथ्य प्रमाणित हुन आएको देखिएकाले अदालतमा उपस्थित भई कसुरमा इन्कार रही बयान गर्दैमा प्रहरीमा आफूले गरेको साबिती बयानलाई कुनै अन्य प्रमाणबाट आफ्नो मन्जुरीबिना भएको भनी प्रमाणित गर्न नसकेकोसमेतका आधार कारणबाट यी प्रतिवादी निर्दोष हुन् भनी मान्न नसकिने।

प्रतिवादी जंगे राईको पुनरावेदन जिकिरतर्फ विचार गर्दा यी प्रतिवादी जंगे राई पनि लास फेला परेको मितिदेखि फरार रही २०६७।९।४ गते जिल्ला प्रहरी कार्यालय, भद्रपुर झापामार्फत अदालतमा उपस्थित गराइएको पाइन्छ । वारदात भएको लगत्तै फरार भई भारतको सिलगुडी सिक्किम मजदुरी गरी लुकीछुपी बसेको र नेपाल आउँदा पनि प्रहरीको आँखा छली लुकीछुपी आउने गरेको घटनापछिको यी प्रतिवादी पुनरावेदकको आचरणले पनि केरकेर भन्ने प्रेमबहादुर राई भनी गाउँघरमा बोलिने नाम यीनै प्रतिवादी जंगे राईको भएको कुरा प्रहरीको अनुसन्धानबाट खुल्न आएको देखिन्छ। अर्कोतर्फ यी प्रतिवादीको वतन झापा जिल्ला महेशपुर गा.वि.स.वा.नं.१ बस्ने भनी जाहेरीमा स्पष्ट भएको र पुनरावेदकको सोही वतन रहेको बाबुको नाम हर्कबहादुर राई भनी अभियोगपत्र दायर भएकोमा पुनरावेदकको बुबाको नाममा विवाद रहेको नदेखिएको तथा यी प्रतिवादीले अदालतमा बयान गर्दा जिल्ला झापा महेशपुर गा.वि.स.वा.नं.१ बस्ने हर्कबहादुर राईको छोरा प्रेमबहादुर राई भनेको अर्को कुनै व्यक्ति हो भनी आफ्नो बयानमा समेत खुलाउन सकेको अवस्था देखिँदैन। यी प्रतिवादीले आफ्नो अदालतको बयानमा भाइहरूमा काँइलो भनी लेखाएको देखिन्छ भने जाहेरीमा पनि ज्ञानेचोक-१ बस्ने प्रेमबहादुर राई (केरकेर काहिँला) भनी लेखिएको आधारबाट पनि यी प्रतिवादीको गाउँघरमा बोलिने उपनाम केरकेर भन्ने प्रेमबहादुर राई भएको कुरा प्रमाणित हुन आउँदछ ।

आफूसँग भएको चक्कुले मृतक पुनम राईको घाँटी रेटी ज्यान मारेको कुरा लुकाई अदालतमा करिब ६ वर्षपछि उपस्थित भई कसुरमा इन्कार रही बयान गर्दैमा किटानी जाहेरी दरखास्त, अर्का प्रतिवादी रामवीर तामाङले गरेको बयानसमेतका मिसिल संलग्न कागज प्रमाणहरूको विश्लेषणबाट यी प्रतिवादीको पुनरावेदन जिकिरसँगसमेत सहमत हुन नसकिने।

अत: माथि विवेचित तथ्य एवम् मिसिल संलग्न कागज प्रमाणहरूको आधारमा प्रतिवादी दीपक भन्ने रामवीर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं.बमोजिम ५ वर्ष कैद गरेको झापा जिल्ला अदालतको मिति २०६८।६।४ को फैसला नमिलेकोले केही उल्टी भई निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.बमोजिम जन्म कैद हुने र अर्का प्रतिवादी जंगे राईलाई सुरू जिल्ला अदालतबाटै जन्मकैद हुने ठहऱ्याएको फैसलालाई नै सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०६९।११।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:अर्जुनप्रसाद कोइराला

कम्प्युटर: बिक्रम प्रधान

इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम्।

४

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७२-WO-०३८६, उत्प्रेषण / परमादेश, *डा. अपार लामिछानेसमेत वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत*

त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानसमेतको लिखित जवाफमा पनि रिट निवेदकहरूलेसमेत अध्ययन गर्न पाउने विषयहरूमा १/१ सिट भर्ना गर्न सक्ने गरी नेपाल मेडिकल काउन्सिलबाट लेखी आएबमोजिमको प्रतिवेदनमा उल्लेख भएको हुँदा रिट निवेदकले माग गरेअनुसारको विषयमा मिति २०७२/९/१८ गते गोरखापत्रमा प्रवेश परीक्षाको लागि सूचना प्रकाशित गरिएको व्यहोरासमेत उल्लेख गरी रिट निवेदकहरूले अध्ययन गर्न चाहेको विषयसमेतलाई समावेश गरी १/१ सिट थप गरी विपक्षी त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान डीनको कार्यालय, परीक्षा नियन्त्रण महाशाखा महाराजगन्जबाट मिति २०७२।९।१७ गते सूचना प्रकाशित गरिएको मिसिल संलग्न कागजातहरूबाट देखिने।

अत: उल्लिखित तथा एवम् विवेचनासमेतको आधारमा निवेदकहरूको मागबमोजिमको सिट निर्धारण भइसकेको देखिएकोले निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्न पर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: बिक्रम प्रधान

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

इजलास नं. २

१

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी, ०७०-WO-०९४२, परमादेश, *प्रल्हादप्रसाद यादव वि. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकले मिति २०६४।११।२५ को निर्णयानुसार बढुवा भएको पदमा नियुक्तिपत्र लिन नगई मिति २०७१।३।२३ मा प्रस्तुत रिट निवेदन यस अदालतमा दर्ता गराएको देखिन्छ। बढुवा भएको कर्मचारीले नियमानुसार नियुक्तिपत्र लिई तोकिएको कार्यालयमा हाजिर हुनु पर्दछ। तर, निवेदक रा.प. अनङ्कित द्वितीय श्रेणीको गा.वि.स. सचिवको पदबाट रा.प. अनङ्कित प्रथम श्रेणी नायब सुब्बा गा.वि.स. सचिव पदमा बढुवा भए पनि हालसम्म नियुक्तिपत्र लिएको नदेखिँदा निजले बढुवा भएको पदको मिति

२०६४।१०।१ देखि ज्येष्ठता कायम हुने गरी नियुक्तिपत्र पाउने नै देखिने।

रिट निवेदक बढुवा समितिको मिति २०६४।११।२५ को निर्णयानुसार रा.प.अनङ्कित प्रथम श्रेणीको गा.वि.स. सचिव पदमा बढुवा भएको भए तापनि निजले बढुवा भएको पदको नियुक्ति पत्र हालसम्म बुझेको वा लिएको देखिँदैन । निजले रा.प.अनङ्कित द्वितीय श्रेणीको पदमा बहाल रही सोही पदमा हाजिर भई कामकाज गरेको देखिन्छ । बढुवा भएको पदको नियुक्तिपत्र नलिएको र बढुवा भएको पदमा रही कामकाज नगरेको अवस्थामा निजले साबिककै पदको जिम्मेवारी सम्हालेको हुँदा सोही पदको तलब भत्ता र सेवा सुविधा पाउने देखिन्छ । निवेदक रा.प. अनङ्कित प्रथम श्रेणी नायब सुब्बा गा.वि.स. सचिव पदमा बहाल रही कामकाज नगरेको अवस्थामा रिट निवेदक प्रल्हादप्रसाद यादवले रा.प. अनङ्कित श्रेणी नायब सुब्बा गा.वि.स. सचिव पदको तलब भत्ता, सेवा, सुविधा पाउने अवस्था नदेखिने।

अतः माथि विवेचित आधार र कारणसमेतबाट निवेदकले ज्येष्ठता कायम भएको २०६४।१०।१ देखि तलब, भत्ता, सेवा, सुविधा नपाउने र निवेदकलाई मिति २०६४।१०।१ देखि ज्येष्ठता कायम हुने गरी रा.प. अनङ्कित प्रथम श्रेणी नायब सुब्बा गा.वि.स. सचिव पदमा निवेदक नियुक्तिपत्र लिन आए नियुक्तिपत्र दिनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७०-CR-१३७७, कर्तव्य ज्यान, *सानुबाबु नेपाल वि. नेपाल सरकार*

काठको आग्लोले टाउको जस्तो अति संवेदनशील तथा मर्मस्थलमा पटकपटक हान्दा चोट खानेको ज्यान पनि जानसक्छ भनी पूर्वअनुमान वा दृष्टि (Fore see) साधारण समझ हुनेलाई पनि ज्ञान हुने कुरा हो । आफ्नो कार्यबाट कसैको ज्यान जानसक्छ भनी पूर्वज्ञान हुने अवस्थामा त्यहाँ Malice को तत्त्व रहेको छ भनी मान्नुपर्ने हुन्छ। पुनरावेदक प्रतिवादीले गरेको प्रहारबाट ज्यान मर्लाजस्तो देखिएको अवस्थामा ज्यानसम्बन्धी महलको ५ नं. अनुरूप भवितव्यको वारदात हुँदैन । ज्यानसम्बन्धी महलको ६ नं. अनुरूप सजाय केवल ज्यानसम्बन्धी महलको ५ नं. भित्रको वारदातमा मात्र हुन्छ। एउटाको कार्यबाट अर्कोको ज्यान जाने देखिएको अवस्थामा त्यहाँ Malice तत्त्व रहने हुँदा मार्ने नियतले हानेको होइन, मार्ने मनसाय वा उद्देश्य थिएन भन्ने प्रतिवादीको भनाई विश्वासलायक देखिएन। प्रतिवादी सानुबाबु नेपालीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर अपराध गरेको मिसिल संलग्न प्रतिवादीको बयानसमेतका प्रमाणद्वारा पुष्टि भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम प्रतिवादीलाई सजाय हुने।

प्रतिवादी सानुबाबु नेपाली र मृतकसँगै बसी रक्सी सेवन गरेको अवस्थामा विवाद उत्पन्न भई तत्काल उठेको रिसमा निज प्रतिवादीले मृतकलाई कुटपिट गरी मारेको देखिँदा आवेशप्रेरित हत्या जस्तो परिस्थिति देखिए पनि आग्लोजस्तो कडा काठको वस्तुले टाउकोजस्तो संवेदनशील अङ्ग तथा शरीरका विभिन्न भागमा प्रहार गरी कुटपिट गरेको कारणबाट मृतकको मृत्यु भएको हुँदा आवेशप्रेरित हत्याभन्दा अलि कठोर सजाय हुने कसुर देखिन्छ । आवेशले प्रेरित हत्या भएको अवस्थामा ज्यानसम्बन्धी महलको १४ नं. अनुरूप १० वर्ष सजाय हुन सक्ने हुँदा सो सजायको मापनलाई आधार बनाई अली बढी सजाय गर्दा कैद वर्ष १२ गर्नु न्यायोचित देखिन्छ। प्रतिवादी सानुबाबु नेपालीले पूर्वरिसइवी तथा योजना बनाई

तयारीकासाथ कसुर नगरी तत्काल सृजित विवादको कारण आफूले हत्या गरेकोमा साबिती रही बयानसमेत गरेको अवस्थामा निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम निज प्रतिवादी सानुबाबु नेपालीलाई १२ वर्ष कैद हुने।

इजलास अधिकृत : तेजबहादुर खड्का

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७३ साल असार २८ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७०-CR-१५५४, कर्तव्य ज्यान, *अयामनारायण पौडेल वि. नेपाल सरकार*

मृतक नरबहादुर क्षेत्री रक्सी सेवन गरेको र नशाकै सुरमा कान्तादेवी अदैको अस्थायी होटेलमा पल्टेको अवस्था छ। निजलाई प्रतिवादीले जबरजस्ती उठाई जुत्तासम्म लगाउन नदिई लिएर गएको भन्ने कुरा होटेल व्यवसाय गर्ने कान्तादेवी अदैसमेतले गरेको घटना विवरण कागज, वस्तुस्थिती मुचुल्का एवम् अदालतसमक्षको बकपत्रसमेतबाट देखिन्छ । मृतक नरबहादुर क्षेत्री नशाको सुरमा पल्टेको र निजलाई जुत्तासमेत लगाउन नदिई आफूले अङ्गालो मारी लिएर गएको र ढुङ्गाले पटकपटक हानेको तथ्य प्रतिवादीले अदालतमा समेत स्विकार गरेको अवस्था छ। ढुङ्गाले टाउको जस्तो संवेदनशील अङ्गमा पटकपटक प्रहार गर्दा र घाँटी मर्काउँदा ज्यान मर्न सक्छ भनी सहज अनुमान गर्न सकिने हुन्छ । यसरी आफूले गरेको कार्यबाट ज्यान जानसक्छ भनी पूर्वअनुमान वा पूर्वदृष्टि (Fore see) हुने अवस्थामा गरिने कार्यमा Malice हुन्छ । Malice तत्त्वको विद्यमानतामा भवितव्यको वारदात भन्न नमिल्ने।

मृतक प्रतिवादी ख्यामनारायण पौडेलको आफ्नै अड्डाको इन्चार्ज भएको र निज नशाको सुरमा पल्टेको देखेपछि निजको सुरक्षाप्रति अझ संवेदनशील हुनुपर्नेमा उल्टै जबरजस्ती घिसारी जुत्तासमेत लगाउन नदिई अमानवीय र क्रूरतापूर्वक ढङ्गले मुन्टोसमेत बटारी मृत्युन्मुख गराएको अवस्था देखिएको छ। आफूले गर्नु नहुने क्रुर कर्तव्य गरेकोमा त्यस्तो कर्तव्यप्रति पछुताई आत्मग्लानी महसुस हुनुपर्नेमा मिसिल संलग्न कागज प्रमाणबाट त्यस्तो अवस्था देखिएको छैन। मृतकलाई आफूले कर्तव्य गरी मारेपछि होटेलमा फर्की आएको देखिन्छ। मृतकको लास वारदात भएको २ दिनपछि मात्र फेला परेको अवस्था छ। मृतकलाई खोजतलास गर्ने क्रममा उनाउ व्यक्तिले लास फेला परेको सूचना दिएको र मृतक अन्तिम अवस्थामा यी प्रतिवादीसँग नै थिए भन्ने अनुसन्धानको क्रममा जानकारी प्राप्त भए र आफू उम्कन सक्तिन भन्ने अवस्था आएपछि मात्र न्यायिक प्रक्रियामा समर्पण गरेको अवस्था छ। आफूले गरेको अपराधबाट कुनै तवरबाट नउम्कने अवस्था आएपछि गरेको साबिती बयानलाई न्याय निरूपणमा सहयोग गरेको भन्न मिल्ने नदेखिँदा सुरू अदालतले अ.बं.१८८ नं.बमोजिम कम सजाय हुन व्यक्त गरेको राय अमान्य गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मनासिब देखिने।

अतः प्रतिवादी ख्यामनारायण पौडेलले अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ नं. विपरीतको कसुर गरेकोले निजलाई ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०७१।९।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल असार २८ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६९-CR-०७०६ र ०७१-CR-१०३६, कर्तव्य ज्यान, *कुलबहादुर महत क्षेत्री वि.*

नेपाल सरकार र डम्बरसिंह विश्वकर्मा वि. नेपाल सरकार

प्रतिवादी डम्बरसिंह विश्वकर्मा अर्काको श्रीमतीलाई करणी गर्ने दूषित मनोभावनासाथ मृतकको घरमा गएको देखिन्छ । सो समयमा मृतकले अर्को व्यक्तिसँग करणी गर्दै गरेको अवस्थामा प्रतिवादीहरू पुगेको हुँदा मृतक आक्रोशमा आई गाली गरेको भन्नेसम्म देखिन्छ । मृतकले प्रतिवादीउपर हतियार उठाई प्रहार गर्ने कुनै प्रयास गरेको भन्ने मिसिलबाट देखिँदैन । अदालतसमक्षको बयानमा लेखाए झैँ मृतकले निजको लिङ्गमा झुन्डिएकै भए पनि दुईजनाको संख्यामा रहेका प्रतिवादीहरूले सामान्य धक्का मुक्की गरी निजको हात छुटाई भागी जान सक्नेमा प्रतिकारस्वरूप खुकुरी प्रहार गरी ज्यानै लिने अवस्था रहेको देखिँदैन । आफ्नो ज्यान बचाउन हार गुहार गरी मद्दत माग्न सक्ने अवस्था रहेकै देखिन्छ । बरू यी प्रतिवादीले मृतकलाई चुल्ठोमा समाई आफ्नो नियन्त्रणमा लिएपछि मुक्का र खुकुरी प्रहार गरेको देखिन्छ । यसबाट मृतकले प्रतिवादीको ज्यान लिने सम्मको जोरजुलुम गरेको भन्ने नदेखिएको, मृतकको पन्जाबाट भागी, उम्की आफ्नो ज्यान बचाउन नपाउने अवस्था पनि रहेको नदेखिँदा आत्म रक्षार्थ मृतकउपर खुकुरी प्रहार गरेको भनी प्रतिवादीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

सहप्रतिवादी डम्बरसिंह वि.क. रयी पुनरावेदक प्रतिवादी कुलबहादुर महत मृतकलाई करणी गर्ने दूषित मनसायकासाथ निजको घरमा गएको अवस्था छ । मृतकले अर्कैसँग करणी गर्दै गरेको अवस्थामा डम्बरसिंहसँग भनाभन भई निजले मृतकको चुल्ठोमा समाई नियन्त्रणमा लिएपछि यी प्रतिवादीले सबभन्दा पहिला टाउकोमा मुक्का प्रहार गरेको देखिन्छ । उक्त तथ्य सहप्रतिवादी डम्बर सिंह विश्वकर्माको बयानबाट पुष्टि भइरहेको देखिन्छ । अर्का प्रतिवादीले चुल्ठोमा समाती मृतकलाई आफ्नो कब्जामा लिइसकेपछि निहत्था महिलालाई मुक्का प्रहार गर्नुको कुनै प्रयोजन थिएन । मृतकउपर सबभन्दा पहिले यीनैले आक्रमण गरेको देखिन्छ । अर्काको श्रीमतीसँग अवैधसम्बन्धको चाहना राखी जाने र आफ्नो चाहना पूरा नभएको कारण उल्टै सहप्रतिवादीको संलग्नतामा आक्रमण गर्नु कसुरजन्य कार्य होइन भन्न मिलेन । सहप्रतिवादी डम्बरसिंहले मृतकउपर खुकुरी प्रहार गर्न लागेको देखेपछि निजलाई रोक्ने कुनै प्रयास गरेको देखिँदैन । यसबाट यी प्रतिवादीको समेत मद्दत सहयोगबाट उक्त घटना वारदात घट्न पुगेको भन्ने देखिँदा यी पुनरावेदक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.अनुसार कसुरदार रहेको देखिने ।

अतः प्रतिवादी डम्बरसिंह विश्वकर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी र प्रतिवादी कुलबहादुर महतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.बमोजिम जन्मकैद हुने ठहर्‍याएको सुरू संखुवासभा जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादीले मृतक तारामाया राईलाई मार्नुपर्ने कुनै कारण र पूर्वरिसइवी रहेको भन्ने मिसिलबाट देखिँदैन । मार्नकै लागि योजना बनाई तारामायाको घरमा यी प्रतिवादी गएको हो भन्ने पनि देखिँदैन । साथीको भनाइमा लागेर मृतकलाई करणी गर्ने उद्देश्यले निजको घर गएकोमा मृतकले अर्कै व्यक्तिसँग करणी गर्दै गरेको भेटिएपछि भनाभन भएको अवस्थामा यी प्रतिवादीले मुक्का प्रहार गरेको देखिन्छ । यस हिसाबबाट प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखियो । निजका हकमा अ.बं.१८८ नं.बमोजिम कति सजाय गर्नु उचित हुन्छ भनी विचार गर्दा मृतकलाई मार्नमा पूर्वयोजना बनाएको देखिँदैन । कुनै जोखिमी हतियार प्रहार भएको अवस्था छैन । मृतकले प्रतिवादीहरूलाई गाली गरेको

फलस्वरूप विवाद हुँदा यी प्रतिवादीले मुक्का प्रहार गरेकोमा अर्का सहप्रतिवादीले खुकुरी प्रहार गरेको परिणामस्वरूप मृतकको मृत्यु हुन पुगेको अवस्था परिस्थितिलाई विचार गर्दा निजलाई १२ वर्ष कैद सजाय गर्दा न्यायको मकसद पूरा हुने देखिन्छ । तसर्थ प्रतिवादी कुलबहादुर महतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.बमोजिम जन्मकैद हुने ठहर्‍याई अ.बं.१८८ नं. प्रयोग गरी कैद वर्ष १२ हुने गरी पुनरावेदन अदालत, धनकुटाबाट व्यक्त रायसमेत मनासिब देखिएकोले सोहीअनुसार प्रतिवादी कुलबहादुर महतलाई १२ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : सुरेशराज खनाल

कम्प्युटर : अभिषेक कुमार राय

इति संवत् २०७३ साल असोज ५ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७०-CR-०५८३ र ०७०-CR-०७५१, लागु औषध खैरो हेरोइन, *विकास कुमार भन्ने सन्तोषकुमार पटेल वि. नेपाल सरकार र संदिपकुमार सिंह भूमिहार वि. नेपाल सरकार*

प्रतिवादीहरूको साथबाट लागु औषध बरामद भइरहेको तथ्यमा विवाद नहुँदा सजायमा उन्मुक्ति हुने आधार वा बरामद लागु औषध प्रचलित कानूनबमोजिम नै राखेको हो भन्ने कुराको प्रमाण पुर्‍याउने भार निजहरूमा रहने हुन्छ। तर सोबमोजिम आफू निर्दोष रहेको कुरा निजहरूले स्थापित गर्न सकेको नदेखिँदा निजहरू निर्दोष रहेछन् भन्न मिल्ने देखिएन । यी प्रतिवादीहरू एकै प्रकृतिको लागु औषध एउटै तरिकाले लुकाई साथमा लिई एउटै बसमा सँगै सिटमा बसी यात्रा गरेको तथा भारतबाट एकै उद्देश्यले नेपाल आएको तथ्य निजहरूको बयान व्यहोरा, बरामदी मुचुल्कासमेतबाट प्रमाणित भएको हुँदा प्रतिवादीहरूले संगठितरूपमा नै बरामद भएको १३८ ग्राम लागु औषध खैरो हेरोइनको अभियोग दाबीबमोजिमको कसुरमा संलग्न रहेको देखिन्छ । यसरी संगठितरूपमा प्रतिवादीहरूले आरोपित कसुर गरेको देखिन आएकोले निजहरूबाट एउटै बरामदी मुचुल्काबाट बरामद भएको लागु औषधको परिमाणलाई पृथक-पृथक कायम गरी सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने । प्रतिवादीहरूले भारतबाट १३८ ग्राम लागु औषध खरिद भएबमोजिम गरी वीरगन्ज हुँदै काठमाडौं लगी बिक्री वितरणसमेत गर्ने मनसायले लुकाई सँगसाथमा राखी ओसारपसार गर्ने क्रममा पक्राउ परेको देखिँदा निजहरूले अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ)(च) को कसुर गरेको पुष्टि हुन आयो । तसर्थ, सो कसुरमा दफा १४(१)(छ)(३) बमोजिम एक सय ग्रामदेखि माथिको परिमाण कारोबार गर्नेलाई पन्ध्र वर्षदेखि जन्मकैदसम्म र पाँच लाखदेखि पच्चिस लाख रूपैयाँसम्म जरिवाना सजाय हुन सक्ने प्रावधान रहेको देखिँदा सोबमोजिम यी प्रतिवादीहरूलाई सजाय हुने ठहर भएको निर्णय मनासिब नै देखिने।

दुवै प्रतिवादीहरूले अदालतमा बयान गर्दा १५ वर्ष को भनी उल्लेख गरे तापनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रतिवादी विकासकुमार भन्ने सन्तोषकुमार पटेलले १७ वर्ष भनी र प्रतिवादी सन्दिपकुमार सिंहले १८ वर्षको भनी उल्लेख गरेको देखिन्छ । यसको साथै यी प्रतिवादीहरूले सुरू अदालतसमक्ष बयान गर्दाको अवस्थामा उमेरको सम्बन्धमा कुनै वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको, प्रमाण पेस गर्न नसक्नुको कारण पनि नखुलाएको अवस्थामा पुनरावेदनको क्रममा मात्र पेस भएको आधिकारिकरूपमा पुष्टि नभएको भारतीय विद्यालयको प्रमाणलाई आधिकारिक हो भनी मान्न मिल्ने नदेखिनाले सजायको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सुविधा पाउनु पर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उपरोक्त विवेचित आधार,

कारणहरूबाट यी पुनरावेदक / प्रतिवादीहरूले लागु औषध बरामद भएको तथ्यलाई स्वीकार गरेको बयान, घटना विवरण कागज, बरामदी मुचुल्का, बरामद भएको लागु औषधको परिमाणसमेतका मिसिल संलग्न सबुद प्रमाणबाट लागु औषध खैरो हेरोइन निकासी पैठारी एवम् ओसारपसारसमेतका अपराधजन्य कार्य गरेको पुष्टि भएकोले प्रतिवादीहरू संदीपकुमार सिंह भूमिहार र विकासकुमार भन्ने सन्तोषकुमार पटेललाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(३) बमोजिम जनही १५(पन्ध्र) वर्ष कैद र रू.८,००,०००।- (आठ लाख रूपैयाँ) जरिवाना सजायसमेत हुने ठहर्‍याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६९।२।३ मा भएको फैसलालाई सदर ठहर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको २०७०।२।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तेजबहादुर खड्का

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७३ साल असार २८ गते रोज ३ शुभम्।

६

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०-CR-०१४६, विद्युतीय कारोबार ऐनअन्तर्गतको कसुर, *नेपाल सरकार वि. हरि पन्त*

कम्प्युटरको प्रयोग बहुआयामिक हुन्छ । इन्टरनेटको माध्ययमबाट खबरहरू हेर्न सकिन्छ । यसमा प्रकाशित खबरहरू, गरिएका प्रदर्शनहरू सार्वजनिक किसिमका हुन्छन् । त्यस्तै गरी कम्प्युटरको प्रयोग Social media बाट धेरै व्यक्तिहरूबीच संवादको प्रयोजनलाई पनि गरिन्छ । Social media मा अरूले पनि देख्न सकिने गरी तस्वीर प्रदर्शन वा अभिव्यक्ति प्रकाशन गर्न सकिन्छ । यसरी अरूले पनि देख्न सक्ने गरी भएको प्रदर्शन र प्रकाशन पनि सार्वजनिक प्रकृतिको नै हुन्छ। तर, दुई व्यक्तिबीच गरिएको इमेल भने सार्वजनिक नगरेसम्म त्यसमा भएको सामग्री ती दुई व्यक्तिबीच नै सीमित रहन्छ । अन्यथा प्रमाणित नभएसम्म त्यसमा सार्वजनिक जानकारीमा गयो भन्न नमिल्ने । एक व्यक्तिले अर्को व्यक्तिलाई उसको निजी इमेल ठेगानामा निजले मात्रै हेर्ने पढ्ने गरी कुनै सम्प्रेषण गर्दछ भने त्यो एक पत्रको समान हुन्छ । कसैलाई इमेलबाट पठाउने कार्य पत्र नै हो। केवल माध्यम हुलाक वा पत्र बाहकको नभई इलेक्ट्रोनिक प्रविधिको प्रयोगबाट भएको हुन्छ । एक व्यक्तिले अर्को व्यक्तिलाई पठाएको पत्र इलेक्ट्रोनिक माध्यम भएको कारणले मात्र त्यो कार्यलाई प्रकाशन वा प्रदर्शन गरेको हो भन्न मिल्दैन। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ अनुरूपको अपराध हुन "प्रकाशन" र "प्रदर्शन" हुन जरूरी हुन्छ । प्रकाशन र प्रदर्शन भन्ने शब्दबाट नै यो सार्वजनिक प्रकाशन वा प्रदर्शनलाई भनेको हो भनी बुझ्नुपर्छ । केवल प्रक्रियासम्म विद्युतीय उपकरणको प्रयोगबाट व्यक्तिगत ठेगानामा म्यासेज पठाएको कार्यलाई सार्वजनिक प्रदर्शन तथा प्रकाशन गरेको भन्न मान्न सकिने हुँदैन। अश्लिल इमेल पठाएको अवस्थामा मात्र ऐनको दफा ४७ बमोजिम प्रकाशन वा प्रदर्शन गरेको मानी दण्डित गर्न सक्ने अवस्था नदेखिने।

प्रतिवादीहरूले विद्युतीय कारोबार ऐन, २०६३ अनुरूपको कसुर गरेको अवस्थामा मात्र ऐ. ऐनको दफा ५७(१) र (२) को कसुरतर्फ विचार गर्नुपर्ने हुन्छ । तर, विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ को दाबी भएकोमा सोअनुरूपको कसुर घटित भएको अवस्था छैन। ऐनको दफा ५७(१) र (२) मा सङ्गठित संस्थाको विषयमा कानूनी प्रावधान राखिएकोसम्म हो । विद्युतीय कारोबार ऐन, २०६३ अनुरूपको कसुरदारले उक्त ऐनको कुनै दफाको कसुर गरेको हुनुपर्दछ । त्यसरी कसुर भएको अवस्थामा कसुरदार सङ्गठित संस्था भएमा के कस्तो हुने भनी कानूनी प्रावधान व्यवस्थित विद्युतीय कारोबार ऐन,

२०६३ को दफा ५७(१) र (२) ले गरेकोसम्म हो । प्रस्तुत विवादमा प्रतिवादीहरूले दफा ४७ अनुरूपको कसुर गरेको नदेखिएको हुँदा ऐ. को दफा ५७(१) र (२) तर्फ विचार गरिरहनु पर्ने अवस्था नै नदेखिने।

तसर्थ, अभियोग दाबीबाट प्रतिवादीलाई सफाइ दिने ठहर गरी प्रस्तुत मुद्दा सरकारवादी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम गाली बेइज्जतीमा परिणत हुने ठहर गरेको सुरू अदालतको मिति २०६७।११।१७ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१०।२५ को फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : तेजबहादुर खड्का

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल असार २६ गते रोज १ शुभम्।

इजलास नं. ३

१

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, ०७२-RC-००४०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुरेश भारती*

प्रतिवादीले आफूले चिरपट दाउराले टाउकोमा प्रहार गरेको कुरा मौका र अदालतमा स्वीकार गरेको देखिन्छ । केवल जोखिमी धार भएको बन्चरोले प्रहार नगरेकोमा मात्र इन्कारी बयान गरेको अवस्था देखिए तापनि मिसिल संलग्न रहेको प्रतिवादीले पुनरावेदन अदालतमा गरेको पुनरावेदनमा पनि आफ्नो कर्तव्यबाट मृतकको मृत्यु भएको स्वीकार गरेको देखिएको र मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय १ बमोजिम धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा त्यस्तो हतियार प्रहार गर्ने व्यक्ति ज्यानमारा ठहर्नेसमेतको व्यवस्था भएको परिप्रेक्ष्यमा बरामद भएको चिरपट पनि धार नभएको जोखिमी हतियारमा पर्ने देखिँदा केवल बन्चरोले प्रहार नगरेको भन्ने कुराले मात्र कर्तव्य नगरेको भन्न नमिल्ने।

जाहेरवाला दीपक बोहराले प्रतिवादीकै कर्तव्यबाट मृत्यु भएको भन्ने व्यहोराले जाहेरी दरखास्त दिएकोमा सो जाहेरी व्यहोरा समर्थन गरी बकपत्र गरेको देखिन्छ एवम् प्रकारले मौकामा कागज गर्ने नरेन्द्रबहादुर विष्टले मृतकको लास हेरी देखी टाउको समेतमा घाउ चोट लागेको थियो, मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएकोमा विश्वास छ भनी लेखाई दिएकोमा अदालतमा साक्षीसरह उपस्थित भई सो व्यहोरा समर्थन गरी बकपत्र गरेको देखिन्छ । यसप्रकार प्रतिवादीले गरेको बयान प्रमाण ऐन, २०३१ को दफा ९, विशेषज्ञ डा. को बकपत्र ऐ. दफा २३ को उपदफा (७) र जाहेरवाला एवम् नरेन्द्रबहादुर विष्टले गरेको बकपत्र ऐ. दफा १८ बमोजिम प्रतिवादीको विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिएको हुँदा प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय १ बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको फैसला साधक जाँचको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७३ साल वैशाख १० गते रोज ६ शुभम्।

२

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, ०६९-CR-०५९२ र ०६९-CR-०६५८, किर्ते (सरकारी कागज), *पारसनाथ कुर्मी वि. नेपाल सरकार, नेपाल सरकार वि. प्रमोदकुमार गुप्ता*

प्रतिवादी पारसनाथ कुर्मीले अनुसन्धान अधिकारी तथा अदालतमा समेत बयान गर्दा सहप्रतिवादी प्रमोद गुप्ताले मसँगबाट नागरिकताको फोटोकपी तथा रू. ५५००।– लिई निवेदनमा सहीछाप गराइ नगरपालिकाको सिफारिसलगायतका कागजात तयार पारिदिएका हुन् भनी सहप्रतिवादी

प्रमोद कमार गुप्तालाई समेत पोल गरेको आधारमा निजउपर अभियोग दाबी लिइएको पाइन्छ । निज प्रतिवादी प्रमोदकुमारले अदालतमा उपस्थित भई बयान गर्दा अभियोग दाबीलाई पूर्णरूपमा इन्कार गरेको पाइन्छ । अनुसन्धानको क्रममा बुझिएका गवाह राम अवतार थारूले प्रतिवादी प्रमोद गुप्ताले सो विवादित सिफारिस बनाइदिएको र सो बनाउन पारसनाथसँगबाट नगद तथा नागरिकता लिएका हुन् भनी बकपत्रको क्रममा लेखाएको भए पनि सो कुरा पारसनाथ कुर्मीले भनेपछि र सर्जमिन आउँदा थाहा पाएको हो भनी जिरहको क्रममा व्यक्त गरेको हुँदा उक्त बकपत्रलाई प्रतिवादी प्रमोदकुमार गुप्ताको विरूद्ध अकाट्य प्रमाणको रूपमा लिन मिल्ने देखिएन । प्रतिवादी पारसनाथ कुर्मीले निज प्रतिवादी प्रमोदकुमारलाई गरेको पोललाई समर्थन हुने अन्य कुनै विश्वासनीय प्रमाण कागज मिसिलबाट देखिन आएको छैन । यस्तो स्थितिमा अन्य प्रमाणबाट समर्थित हुन नसकेको मुख्य प्रतिवादीको मौखिक भनाइको आधारमा मात्र निज प्रतिवादीलाई दोषी करार गर्न मिल्ने अवस्था नदेखिँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

उपर्युक्त आधार कारणबाट पुनरावेदन अदालत, बुटवलबाट सुरूको फैसला केही उल्टी गरी प्रतिवादीमध्येको पारसनाथ कुर्मीलाई मुलुकी ऐन, कीर्ते कागजको १ नं. को कसुरमा ऐ को ७ नं.बमोजिम बिगोको आधी रू. ५५०००।- (पचपन्न हजार) जरिवाना तथा ऐ को १२ नं.बमोजिम १ वर्ष कैद हुने र प्रतिवादी प्रमोदकुमार कान्दु बानियाले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई मिति २०६९।२।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी पारसनाथ कुर्मी तथा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७३ साल असार २७ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६८-CR-०९०४, १०७५, कर्तव्य ज्यान, *रामपुकार महतो नुनिया वि. नेपाल सरकार, नेपाल सरकार वि. रामपुकार महतो नुनिया*

प्रतिवादीमध्येका रामपुकार महतोको हकमा विचार गर्दा निज प्रतिवादी आफूले छुराले दरेश महतोलाई टाउको र पेटमा प्रहार गरेको कुरामा अनुसन्धान अधिकारीसमक्ष र अदालतमा बयान गर्दासमेत साबित रहेकै देखिन्छ । निजको साबिती लासजाँच विवरणबाट समर्थित भएको छ । अदालतमा बयान गर्दासमेत आफूले दरेश महतोलाई छुरा प्रहार गरी मारेको भन्ने निजको कथन प्रमाण ऐन,२०३१ को दफा ९(१) बमोजिम निजको विरूद्ध आरोप पुष्टि हुने । प्रमाणको रूपमा ग्रहणयोग्य रहेको देखिन्छ । मरिसकेपछि दरेश महतोको लासलाई खोलामा फाली गएको भन्ने बयान व्यहोरा रहेकोमा लास खोलामा फेला परेको घटनास्थल मुचुल्काबाट देखिएकोले निजको बयान अन्यथा रहेछ भन्नु पर्ने अवस्थासमेत रहेन । विशेषज्ञले अदालतमा बकपत्र गर्दा ६५ प्रतिशतले जलेको कारणबाट मृत्यु भएको भनी उल्लेख गरेकोमा मृतकको शरीरमा भएका सर्ट, पेन्ट जलेको अवस्थामा नरहेका, लास प्रकृति मुचुल्काको विवरणबाट जलेको अवस्था नदेखिएकोले विशेषज्ञको बकपत्रको उक्त कथनले सो कुरा निर्विवाद रूपमा पुष्टि हुन सकेको अवस्था नपाइने ।

प्रस्तुत मुद्दामा यी प्रतिवादी रामपुकार महतोलाई ज्यानसम्बन्धी महलको नं.१३(१) बमोजिम सजाय गर्नुपर्नेमा नं.१३(३) बमोजिम सजाय गरेको सुरू फैसला नमिलेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेकोले त्यसतर्फ हेर्दा वारदातमा प्रयोग भएको भनिएको छुरा बरामद हुन सकेको अवस्था देखिँदैन । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को कानूनी व्यवस्था हेर्दा धार भएको वा नभएको

जोखिमी हतियार गैह्रले हानी, घोची, रोपी ज्यान मारेको अवस्थामा आकर्षित हुने ज्यानसम्बन्धीको नं.१३(३) को व्यवस्था लाठा, ढुङ्गा र सानातिना हातहतियारले कुटी हानी, रोपी, घोची मारेको अवस्थामा आकर्षित हुने भन्ने देखिन्छ । प्रस्तुत मुद्दामा मर्नेउपर प्रहार गरिएको भनिएको छुरा बरामद हुन नसकेको अवस्था हुँदा सो छुरा सानो सामान्य हतियार थियो वा ठूलो जोखमी प्रकृतिको थियो भन्ने कुरा स्पष्ट हुन सकेको अवस्था नभएको र मर्ने दरेश महतोको दायाँतर्फ टाउकोमा परेको चोट १ इन्च रहेको चिउँडोमुनी १/२ इन्चको चोट रहेको व्यहोरा मुचुल्कामा उल्लेख भएको हुँदा मर्नेउपर प्रहार गरिएको छुराको चोटको प्रकृतिले ज्यानसम्बन्धीको १३(३) को अवस्था आकर्षित हुनै नसक्ने भन्ने अवस्था रहेन । प्रतिवादीहरूले दरेश महतोलाई मार्ने योजना बनाई योजनाबद्धरूपमा रातको समयमा आफ्नो साथमा लगी एकान्तस्थलमा पुर्‍याई छुरा प्रहार गरी मार्ने कार्यसम्म गरेको भन्ने कुरा यी प्रतिवादीले स्वीकार गरेका अवस्थामा यी प्रतिवादी रामपुकार महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरेको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिँदा वादी नेपाल सरकारको १३(१) बमोजिम सजाय गरिपाउँ भन्ने र प्रतिवादी रामपुकार महतोले सफाइ पाउँ भनी सर्वोच्च अदालतमा गरेको दुवै पुनरावेदन जिकिर पुग्न सक्ने अवस्था नदेखिने ।

प्रतिवादी रामपुकार महतोले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दासमेत आफू र लक्ष्मण महतोसमेत भई दरेश महतोलाई मार्ने योजना बनाई मिति ०६४।७।१८ गते राति खोलाछेउ एकान्तस्थलमा पुर्‍याई प्र. लक्ष्मणले निजले समाई लडाई थिचेपछि आफूले छुरा प्रहार गरी मारी खोलामा फाली गएको भनी उल्लेख गरेकोमा अनुसन्धान अधिकारीसमक्षको बयानमा आफूले समाई लडाई थिचेपछि रामपुकारले छुरा प्रहार गरेको भन्ने कुरा स्वीकार गरी जिउमा हात हाली, पक्री, समाती मार्न संयोग पारिदिएको तथ्यमा साबित रहेको देखिन्छ । दरेश महतोको लास बेवारिसे अवस्थामा फेला परेकोमा पछि परिवारका सदस्यले फोटो र कपडासमेतबाट पहिचान गरी जाहेरी दिएको भन्ने देखिन्छ । रातको समयमा रामपुकार महतो एक्लैले दरेश महतोलाई लडाई छुरा प्रहार गरी मार्नसक्ने सम्भावना न्यून रहने हुन्छ । निजले एक्लैले छुरा प्रहार गर्दा मृतकले हार गुहार गरी भाग्न उम्कन सक्ने अवस्थाको सिर्जना भई आफ्नो बचाउको लागि प्रयत्न गर्नसक्ने हुन्छ । तर प्रस्तुत मुद्दामा मृतकले त्यस्तो अवसर पाएको अवस्था नरहेको र लास खोलामा फालिएको अवस्थामा फेला परेबाट यी प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयान व्यहोरा निजको स्वेच्छा विरूद्धको नभई प्रमाण ऐन, २०३१ को दफा ९(२) बमोजिम निजका विरूद्ध प्रमाणयोग्य देखिन्छ । प्रतिवादी रामपुकार र लक्ष्मण महतोले वारदातमा आफूहरूको संलग्नता देखाई परस्परमा पोल गर्नुपर्नेसम्मका कुनै कारण र पूर्वरिसइवी रहेको भन्ने अवस्थासमेत देखिँदैन । यस्तो स्थितिमा यी प्रतिवादी लक्ष्मण महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको नं.१७(३) बमोजिम सजाय गर्ने गरेको सुरू महोत्तरी जिल्ला अदालतको फैसला सो हदसम्म मिलेको नदेखिई प्रतिवादी लक्ष्मण महतोले मर्ने दरेश महतोलाई समाई लडाई थिची मार्न सहयोग पारी दिएकोले निज लक्ष्मण महतोले मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम कै आरोपित कसुर गरेको देखिने ।

प्रतिवादी रामपुकार महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको नं.१३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको हदसम्म सुरू महोत्तरी जिल्ला अदालतको मिति २०६६।३।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्‍याई भएको पुनरावेदन अदालतको फैसला र प्रतिवादीमध्येका लक्ष्मण महतोले मर्ने दरेश महतो जिउमा हात हाली समातेको भन्ने अवस्था समर्थित भइरहेको देखिँदा निज लक्ष्मण

महतोलाई ज्यानसम्बन्धीको महलको नं.१७(३) बमोजिम सजाय गर्ने गरेको हदसम्मको उक्त फैसला मिलेको नदेखिँदा प्रतिवादी लक्ष्मण महतोको हकमा सो फैसला उल्टी गरी प्रतिवादी लक्ष्मण महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(४) बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थः पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।१।७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी दुवैको पुनरावेदन जिकिर पुग्न सक्दैन साधक सदर हुने ठहर्ने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल जेठ १० गते रोज २ शुभम्।

४

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६७-CR-१२२८, १३२७, ०६८-CR-०८००, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पार्वती पाण्डेयसमेत, भवानी दत्त पाण्डे वि. नेपाल सरकार, चन्द्रदेव पाण्डेय वि. नेपाल सरकार*

प्रतिवादी पार्वती पाण्डेयले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा करूणाकर पाण्डेयले मृतकमाथि बन्चरो प्रहार गरेको भनी बयान गरे पनि अदालतमा बयान गर्दा मृतकले आफूमाथि हातपात गर्न खोज्दा लोग्ने भवानीले मृतकलाई लछार्दै बाहिर पुर्‍याएको र त्यसपछि आफूलाई केही थाहा नभएको भनी गरिदिएको बयानले प्रतिवादी भवानीदत्त पाण्डेयसँग मृतकको झगडा भएको तथ्यलाई समर्थन गरे तापनि बच्चासहित घरभित्रै बसेको भन्ने भनाईले वारदातमा प्रतिवादी पार्वती पाण्डेयको संलग्नता थियो भन्नसक्ने अवस्था देखिँदैन । तर मिसिल संलग्न तथ्यबाट थिनका पतिसमेतको आपराधिक कार्यबाट मृतक लासलाई दबाउने छिपाउने नियतले भिरबाट फालेको कुराको जानकारी हुँदाहुँदै पनि अपराधको जानकारी कहीँकतै नगराउनुले यी प्रतिवादी पार्वती पाण्डेय सुरू अदालतले ठहर्‍याएको जस्तो पूर्णतः निर्दोष हुन् र यीनलाई केही कुनै सजाय हुनु हुँदैन भन्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादी बिस्ना पाण्डे प्रतिवादी भवानी पाण्डेयको घरभन्दा केही पर रहेकी, बिस्नाको पति घरमा नभएका आफू बिरामी अवस्थामा रहेकी र निजलाई कुर्न निजकी साथी निर्मला निजसँगै सुतेको अवस्थामा आफूलाई वारदातका बारेमा केही थाहा छैन भनी अदालतमा बयान गरेको र बिस्नाको आँगनमा भएको बन्चरो बोकी मृतकलाई प्रहार गरेको हुँ भन्ने प्रतिवादी करूणाकर पाण्डेयको बयानसमेतबाट समर्थित भइरहेको अवस्थामा प्रतिवादी बिस्ना पाण्डेयको वादी नेपाल सरकारले दाबी लिए जस्तो संलग्नता मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिँदैन। तर प्रतिवादी बिस्ना पाण्डेयको आफ्नो बन्चरो वारदातमा प्रयोग भएको जानकारी निजलाई हुनसक्ने तथ्यबाट निजलाई वारदात घटेको कुराको जानकारी नै थिएन भन्न सक्ने अवस्था पनि देखिँदैन । अपराधको सूचना दिनुपर्ने कर्तव्य निजले पूरा गरेको कहीँकतै नदेखिएकोले निजलाई अपराधबाट सफाइ दिएको फैसला सो हदसम्म मिलेको भन्न सक्ने अवस्था नदेखिने।

प्रतिवादी करूणाकर पाण्डेय तथा भवानीदत्त पाण्डेयले पूर्वरिसइवी रहेकोसमेत कारणबाट नन्द सिंह महरालाई मारी लास दबाउने छिपाउने कार्यमा समेत दुवैजनाको संलग्नता रहेको भन्ने देखिँदा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरेको सुरूको फैसला सो हदसम्म मिलेकै देखिँदा कसुरसमेत प्रमाणित भएको अवस्थामा सोबमोजिम ६ महिना थप कैदको सजाय गर्नु पर्नेमा सो नगरेको हदसम्म सुरू फैसला मिलेको नदेखिँदा सो हदसम्म सुरू फैसला केही उल्टी गरी निजहरूलाई ज्यानसम्बन्धीको ४

नं.बमोजिम जनही ६ महिना थप कैदसमेत हुने ठहर्‍याई पुनरावेदन अदालत, महेन्द्रनगरले गरेको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन । सफाइ पाउँ भन्ने प्रतिवादीहरू करूणाकर पाण्डेय र भवानीदत्त पाण्डेयको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादीहरू पार्वती पाण्डेय र बिस्ना पाण्डेयको नन्द सिंह महराको ज्यान मार्नमा सहयोग र मतसल्लाहमा रहेको भएको नदेखिए पनि निजहरूलाई ज्यानसम्बन्धीको २५ नं. बमोजिम जनही रू.२०।-(बीस) जरिवाना हुने ज्यान मार्ने कसुरदारहरू निजहरूका पति नाताका व्यक्ति देखिएकोले ज्यानसम्बन्धीकै २४ नं. ले सो सजायबाट निजहरूले उन्मुक्ति पाउने ठहर्‍याई यी प्रतिवादीहरूलाई पूरै सफाइ दिने गरेको हदसम्म सुरू बैतडी जिल्ला अदालतको मिति २०६६।१०।१७ को फैसला केही उल्टी हुने ठहर्‍याई पुनरावेदन अदालत, महेन्द्रनगरले गरेको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिँदा मिलेकै देखिने ।

मृतक आफैँ नै रातिको समयमा प्रतिवादीहरू रहेको ठाउँमा गई आफैँ झगडा गर्न गएको कारणबाट घटना घट्न गएको देखिएको र प्रतिवादीहरूको ज्यान मार्ने पूर्वमनसाय (*Mens rea*) वा *intention* नदेखिएको र तत्कालको परिस्थितिजन्य अवस्थाका कारण उत्पन्न आक्रोसको कारण वारदात घटना घट्न गई सोही चोटपीडाको कारण मृतकको मृत्यु भएको अवस्थालाई विचार गरी सर्वस्वसहितको जन्मकैदको सजाय प्रतिवादीहरू करूणाकर पाण्डेय र भवानीदत्त पाण्डेयलाई गर्दा चर्को पर्ने चित्तमा लागेकोले कम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने हुँदा अ.बं. १८८ नं.अनुसार १५ (पन्ध्र) वर्ष कैद सजाय हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल जेठ १० गते रोज २ शुभम् ।

५

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६७-CR-०५८६, ०८५३, ०७२-RC-०१३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजमन केवटसमेत, छविलाल चमार हरिजन वि. नेपाल सरकार, नेपाल सरकार वि. इसराइल चुरीहार मुसलमान*

प्रतिवादीहरू इसराइल तथा छविलालको हकमा विचार गर्दा मृतक धुन्दकाललाई आफूहरू अर्थात् इसराइल र छविलाल भएर घाँटीमा गम्छा बाँधी खिच्न थाल्यौं भने रमेश र सोमनाथले हात खुट्टा समाती हलचल गर्न दिएनन् । निजलाई हामी चारजना भई हत्या गरेका हौं । रमेश र प्र. छविलालले सुतीको गम्छा बटारेर विन्दवासीनीलाई मारेको हो भनी प्रतिवादी इसराइलले मौकामा साबित भई बयान गरेको देखिन्छ भने प्रतिवादी छविलालले धुन्दकालको तिघ्रा र छातीमा सोमनाथ दुवेले हातले थिचेको भनी प्र.इसराइलको व्यहोरामा केही थप कुरा खुलाई अभियोग दाबीमा साबित भई मौकामा बयान गरेको देखिन्छ । अदालतमा बयान गर्दा यी प्रतिवादीहरू अभियोग दाबीमा पूरै इन्कार भई आफूहरूले प्रतिवादी राजमन केवट र मृतकहरूलगायतका कसैलाई पनि नचिनेकोसमेतको व्यहोरा उल्लेख गरेको देखिए पनि प्रहरीले बयान नसुनाई सहीछाप गराएको र डरले सहीछाप गरिदिएको भनी प्र. इसराइलले प्रहरीमा गरेको बयानको ज्यादै फिक्का खन्डन गरेको देखिन्छ । प्रतिवादी छविलालले भने डराएर सहीछाप गरेको भनी प्र. इसराइलले लिएजस्तो जिकिरसमेत पनि लिन सकेको देखिँदैन । यस्तो इन्कारीको लागि मात्र इन्कारी भएको दुबैको खण्डनबाट प्रमाण ऐन,२०३१ को दफा ९(२) को देहाय (क) को देहाय (१) (२) र (३) को प्रयोजन पूरा भएको मान्न नमिल्ने ।

प्रतिवादी राजमनलाई सफाइ दिएको सुरू फैसला नमिलेको भनी वादी नेपाल सरकारले

राजमनलाई र अरू प्रतिवादीहरूको चिनजान भई छलफल कुराकानी भई रू.२५,०००।- समेत दिएको, प्र.राजमनले आफ्नो सुरक्षाको लागि धुन्दकाललाई मार्नुपर्ने कारण रहेको, भाडाका प्रतिवादीहरूले पैसाको लागि जे पनि गर्नसक्ने अवस्था रहेको जस्ता कुराहरूतर्फ सुरू अदालतले विचार नगरेको भन्ने पुनरावेदन जिकिरहरू अघि सारेका देखिन्छ । तर यी प्रतिवादीहरू तथा सोमनाथ एवम् रमेशसमेतका ४ जना व्यक्ति राजमनको घरमा धुन्दकाल गएको मिति २०६५।१।६ भन्दा अगावै २०६५।१।४ मा धुन्दकालको घरमा पुगेका, बेलुका खानपिन गरेका, सुतेका, भोलिपल्ट ५ गते पनि विभिन्न ठाउँमा घुमेको देखिन्छ । त्यस समयसम्म यी प्रतिवादीहरू र प्र. राजमनका बीचमा कुनै सम्पर्क भएको देखिन्न। ६ गते ११ बजे मात्र धुन्दकाल र निजको सम्धी प्रतिवादी राजमन केवटका बीच वादविवाद भई धुन्दकाल रिसाइ धम्काई त्यहाँबाट गएपछि सोमनाथले रकम लगानी गरे धुन्दकाललाई नै खत्तम गरिदिन्छौं भनी प्रस्ताव गरेको र सोही राति वारदात भएको भन्ने अभियोग जिकिर देखिन्छ। तर त्यस अवस्थामा पनि अरू दुई व्यक्ति रमेश र छविलाल त्यहाँ गएको देखिन्न। त्यस स्थानमा सिर्फ सोमनाथ दुवे र प्र. इसराइल मात्र रहेको र प्र. राजमनले प्र. इसराइलसँग कुरा नगरी प्र. सोमनाथसँग मात्र कुरा गरेको भनिएको छ । तर सोमनाथ यस मुद्दामा अद्यापि अदृश्य रहेको अवस्था छ। धुन्दकाल रिसाएर र राजमनसँग छुट्टिएर हिँडेपछि सोमनाथसमेत धुन्दकालसँग नफर्की राजमनसँग सँगै बस्ने कुरा नै विश्वास गर्न गाह्रो देखिन्छ। प्र. राजमनले धुन्दकालका साथीहरूको नाम ठेगानासमेत थाहा नपाई धुन्दकालको ज्यान मार्ने षड्यन्त्र गरेको भन्ने प्र. राजमनको मौकाको साबिती बडो असहज देखिन्छ । आफू फर्कँदा आफ्नै साथी सोमनाथ आफूसँग नफर्की राजमनसँगै बसेको भए तेसरी किन बसेको, के के कुरा भयो भनी सोमनाथसँग धुन्दकालले खोज खबर गर्नुपर्नेमा निजबाट सो भएको भनी प्रतिवादीहरूले भन्न सकेको पाइँदैन। पत्याउने गाह्रो पर्ने कारण देखाई आफ्नै सम्धीको ज्यान लिने गम्भीर अपराधको कुरा अचानकमा भए होला भनी सोच्न नसकिने।

प्रतिवादीहरू भाडाको हत्यारा भएको भए भाडाका हत्याराले तोकिएभन्दा बढी किन हत्या गर्थ्यो ? उसले त प्रत्येक हत्याको मूल्य खोज्छ । तर धुन्दकालले हत्याको मोलतोल भएको भनेकोमा भन्दा ३ जना बढि व्यक्ति त्यो पनि अत्यन्त नृशंस किसिमले मारिएबाट हत्याराहरू र धुन्दकालका परिवारबीचको सम्बन्ध र कारण नै यस वारदातको कारण देखिन्छ । नकि प्र. राजमनको मौकाको कृत्रिम साबिती राजमन र सोमनाथबीच धुन्दकालको छोरी स्वास्नीसमेत मार्ने सहमति भएको देखिन्न । तिनीहरूबीच धुन्दकालको हत्याको मात्र योजना बनेकोमा छोरी स्वास्नीसमेतको हत्या भएको देखिन्छ । त्यसै पनि ज्यानसम्बन्धी १६ नं. को षड्यन्त्रको आरोप सजिलै लगाउन सकिने आरोप भएकोले यसको पुष्ट्याइँको लागि अदालतले शतप्रतिशत नै शङ्कारहित प्रमाणको अपेक्षा गरिने ।

वादी पक्षले दाबी लिनु मात्र पर्याप्त हुँदैन। दोषी ठहर गर्नको लागि ठोस आधार कारण एवम प्रमाणबाट पुष्ट्याई गर्नुपर्ने हुन्छ। वादी नेपाल सरकारले यी प्रतिवादीले आरोपित कसुर गरेको तथ्यको प्रमाण शङ्कारहित तवरबाट गराउन सकेको पाइँदैन। प्रस्तुत मुद्दामा प्र. राजमन विरूद्ध वादीले त्यस्तो शङ्कारहित र ठोस प्रमाण गुजार्न सकेको नपाइएकोले प्र. राजमनलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ प्रतिवादीहरू इसराइल र छविलाल चमारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने र प्रतिवादी राजमन केवटले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई कपिलवस्तु जिल्ला अदालतले मिति २०६५।९।२८

मा गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः प्रतिवादीहरू इसराइल र छविलाल चमारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम जन्मकैद हुने र प्रतिवादी राजमन केवटले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई कपिलवस्तु जिल्ला अदालतले मिति २०६५।९।२८ मा गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादी इसराइल चुरिहार मुसलमानको हकमा साधक सदर हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल जेठ १० गते रोज २ शुभम्।

६

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६७-CR-१०५६, कर्तव्य ज्यान, *सुकबहादुर लामा तामाङ वि. नेपाल सरकार*

टाउकोमा चोट लागेको कारण मृत्यु भएको भन्ने मृतक पदम लामाको शव परीक्षण प्रतिवेदनबाट देखिन्छ । जाहेरवालीले प्रतिवादीका पिताको पेन्सन आउँथ्यो, त्यो पेन्सन लिनको लागि प्रतिवादीका बुबा आमाले मेरा पतिलाई लिएर जानुहुन्थ्यो त्यही रिसले मेरो पतिलाई मारेका हुन् भनी अदालतमा बकपत्र गरेको पाइन्छ। त्यसैगरी मौकामा बुझिएका केसकान्त कँडेल, सीता गिरी र भागिरथ कँडेलसमेतले प्रतिवादी सुकबहादुर लामाले भान्जा मृतकलाई बन्चरोले हानी मारेका हुन् भनी बकपत्रसमेत गरेको देखिन्छ। यी माथि उल्लिखित सबुद प्रमाणबाट प्रतिवादी सुकबहादुर लामा निर्दोष रहेको भन्ने कुरा समर्थित हुन नआउने।

प्रतिवादी सुकबहादुर लामा उपर ज्यानसम्बन्धी महलको १३(३) नं.को अभियोग दाबी भएकोमा निज प्रतिवादीलाई जन्मकैद मात्र गरी भएको फैसला नमिलेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको छ, त्यसतर्फ हेर्दा सपठित ऐनमा "लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी मारेमा सोही एकजना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ" भन्ने व्यवस्था भएको देखिन्छ। प्रतिवादी सुकबहादुर लामाबाहेकका व्यक्तिले मृतकलाई चोट प्रहार गरेको भन्ने देखिँदैन। त्यस्तोमा सर्वस्वसहित जन्मकैदको सजायको प्रावधानलाई नजरअन्दाज गरी प्रतिवादी सुकबहादुर लामालाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैद हुने ठहर्‍याई सुरू चितवन जिल्ला अदालतबाट २०६५।४।२२ मा भएको फैसला नमिलेकोले सो फैसला सो हदसम्म केही उल्टी भई निजको हकमा ज्यानसम्बन्धी महलको १३(३) नं. को प्रावधानबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन। अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी सुकबहादुर लामाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

पुनरावेदक प्रतिवादीले अदालतमा समेत साबित भई न्यायिक कार्यलाई सहयोग गरेको र मृतकलाई मार्नुपर्ने खालको कुनै पूर्वरिसइबी एवम् मनसायपूर्वक हत्या गरेको नदेखिएको, वादविवाद भई सोही क्रममा बन्चरो धकेलाधकेल खोसा खोसको क्रममा तत्काल उठेको रिसबाट टाउकोमा प्रहार हुन गई सोही कारणबाट मृतकको मृत्यु भएको देखिएकोले प्रतिवादी सुकबहादुर लामा तामाङलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेकोले

कम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने हुँदा अ.बं.१८८ नं.ले कैद वर्ष १५ हुने ।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल जेठ ११ गते रोज ३ शुभम् ।

७

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७०-CR-१५१८, जबरजस्ती करणी, *भिमबहादुर सुवेदी वि.नेपाल सरकार*

जाहेरी दिने माया लामा माईती नेपाल रोकथाम गृह हेटौंडाकी कार्यक्रम संयोजक रहेकी देखिन्छन् जुन संस्था बेचिएकी नेपाली महिलाहरूको उद्धार तथा पुनर्स्थापनासमेतमा संलग्न निकाय हो । महिलाहरूको बृहत्तर हितमा समर्पित संस्थाका एक जिम्मेवार व्यक्ति (जो प्रतिवादी बसेको घरमा नै बसेको भन्ने पनि देखिँदैन) ले कोठाको सामान्य विषयमा बाबुले छोरीउपर जबरजस्ती करणी गर्‍यो भनी झुट्टा जाहेरी दिएकी होलान भन्ने विश्वास गर्न सक्ने अवस्थाको छैन । पीडित कल्पनाको ओठको कुनामा चोट भई रगत बगिरहेको छ, कन्या जाली च्यातिएको छ, पीडकको घाँटी कुहिनालगायतमा चोट देखिएको छ, जुन चोट पीडितले यथासम्भव आफ्नो अस्तित्त्व बचाउन गरिएको प्रयासका रूपमा गरिएको प्रतिकारको चिह्न देखिन्छन् । यस्तो अवस्थामा पीडितलाई उक्साई झुट्टा जाहेरी दिइएको भन्ने प्रतिवादीको भनाईलाई स्वीकार गर्न सकिने अवस्था नदेखिने ।

प्रतिवादीले आफूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान भनेबमोजिम लेखिएको होइन, तयार पारी राखेको कागजमा डर त्रासमा पारी सहीछाप गराएको हो, जबरजस्ती करणी गरेको होइन भन्ने जिकिरको सम्बन्धमा हेर्दा निजले सो तथ्य सबुद प्रमाणबाट पुष्टि गराउन सकेको देखिँदैन । पीडित बालिकाको अङ्गहरूमा देखिएको चोटपटक र करणी भएको लक्षण तथा प्रतिवादीको शरीरमा देखिएको वा भएको घा खत के कसरी देखिएको भन्ने भरपर्दो जवाफ प्रतिवादीले दिन सकेको अवस्था छैन । पीडित बालिकाले बताएको घटनाक्रम अनुसार प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानले तथ्यहरू देखाएको छ र ती तथ्यहरूलाई अन्य प्रमाणहरूले समर्थित गरेको अवस्थामा अपराधको उद्देश्य, मनसाय, क्रियाकलापका सबै तथ्यहरू उल्लेख भएको बयान निजले भनेअनुसार नलेखिएको भनी शङ्काको गुन्जायस रहेको नदेखिने ।

प्रतिवादीले पुनरावेदन पत्रमा उच्चतमरूपमा भएको सजाय ठिक नभएको भन्दै कम सजायको अपेक्षा गरेकोसमेत सम्बन्धमा एकातिर आफूले आफ्नी छोरीलाई करणी गरेको होइन जाहेरीलगायतका कागज पत्र झुट्टा हो भन्ने अर्कोतिर कम सजायको अपेक्षा गर्ने ! आफू २|३ वर्षको हुँदा आमाको मृत्यु भएको कुरा प्रतिवादी पिताले बताउनु भएको कुरा पीडितले मौकामा गरेको कागजमा उल्लेख छ । आफूलाई जन्म दिने आमाको मृत्यु भई मातृ वात्सल्यबाट विमुख भएकी कल्पना जसको सहारा जे भएपनि यी प्रतिवादी नै थिए । छोरीलाई दिइनु पर्ने उचित शिक्षा दिक्षा र पालन पोषण तथा छोरीउपर हुनसक्ने कुनै पनि हिंसामा ढाल बनी संरक्षक रहनु पर्ने पिताबाट नै मादक पदार्थ सेवन गरी मध्यरातमा निन्द्रामा रहेकी ९ वर्षकी नाबालिका छोरीमाथि करणी हुनु, रक्षक नै भक्षक भएको देखिन्छ । यी प्रतिवादी भिमबहादुर सुवेदी पिताको नाममा नै कलङ्क हो । प्रतिवादीबाट भएको करणी एक यौन पिपासुले आफ्नो यौनकुन्ठा पूरा गर्न गरिएको अत्यन्त नीच र मानवीय मर्यादाको पराकाष्ठ नाघी गरिएको अत्यन्त घृणित क्रियाका रूपमा रहेको देखिन्छ। जुन सभ्य मानव समाजका लागि लाजसरमको विषय हो । यसरी अवोध नाबालक आफ्ना छोरीलाई जबरजस्ती करणी गर्ने अमानवीय यौन पिपासुलाई कम

सजाय गर्नु कुनै गुन्जायस नरहने।

अतः माथि विवेचित आधार कारणहरूबाट प्रतिवादी भिमबहादुर सुवेदीले आफ्नी नाबालिका छोरी कल्पनालाई जबरजस्ती करणी गरेको देखिन आएकाले प्रतिवादी भिमबहादुर सुवेदीलाई मुलुकी ऐन, जबरजस्ती करणीको १, २ र ३ (१) नं. को कसुरमा सोही महलको ३(१) नं. बमोजिम १५ वर्ष कैद, सोही महलको २ नं. अनुसार हाडनाता करणीतर्फ मुलुकी ऐन, हाडनाता करणीको महलको १ नं. अनुसार थप १० वर्ष कैदसमेत गरी जम्मा २५ वर्ष कैद सजाय हुने, पीडितलाई जबरजस्ती करणीको महलको १० नं. बमोजिम एकलाख रूपैयाँ क्षतिपूर्तिसमेत भराई दिने ठहर्‍याएको सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

तसर्थ, प्रतिवादी भिमबहादुर सुवेदीलाई आरोपित कसुरमा कसुरदार ठहर गरी सुरू मकवानपुर जिल्ला अदालतले मिति २०६९।३।२९ मा गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाले गरेको मिति २०७०।९।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल असार २० गते रोज २ शुभम्।

८

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९-CR-०९३८ र ०७२-RC-००१३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दीपक दर्जी, नेपाल सरकार वि. लालबहादुर गुरूङ*

मौकामा प्रतिवादी एल.वि. भन्ने लालबहादुर गुरूङसमेतको संलग्नताबाट धनसिंह मगरको कर्तव्यबाट मृत्यु भएको भनी जाहेरवाला धनमाया मगर र घटना विवरण कागज गर्ने धनमाया गिरीले लेखाइदिएको देखिन्छ । निजहरूले अदालतमा साक्षीसरह उपस्थित भई मौकामा लेखाएको व्यहोरा समर्थन गरी बकपत्र गरेको देखिन्छ । उक्त बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम विश्वसनीय र ठोस प्रमाणमा लिन मिल्ने देखियो । त्यसैगरी शव परीक्षण प्रतिवेदनमा घाँटीमा ३x३ को घाउ भएको भन्ने देखिएकोमा प्रतिवादीको मौकाको बयानबाट आफूले घाँटीमा छुरी प्रहार गरेको भनी बयान गरेको देखिएबाट समेत सो कुरा आपसमा मालाकार रूपमा मिलेको देखिन्छ । साथै प्रतिवादी एल.वि. भन्ने लालबहादुर गुरूङले मौकामा बयान गर्दा उल्लेख गरेअनुसारका चोटपटक देखिएको समग्र घटनाको अवस्था र परिस्थितिलाई दृष्टिगत गर्दा प्रतिवादी एल.वि. भन्ने लालबहादुर गुरूङको कर्तव्यबाट मृतक धनसिंह मगरको मृत्यु भएको देखिएबाट पुनरावेदन अदालत, इलामले प्रतिवादी एल.वि. भन्ने लालबहादुर गुरूङलाई सर्वस्वसहित जन्म कैदको सजाय हुने गरी मिति २०६९।९।३ मा गरेको फैसला साधकको रोहमा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल जेठ २६ गते रोज ४ शुभम्।

इजलास नं. ४

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७२-RC-०११५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भोला बुढाथोकी*

प्रतिवादी भोला बुढाथोकीले आफ्नी सहोदर आमा चेतकुमारी बुढाथोकीलाई निर्मम रूपमा कर्तव्य

गरी मारेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. बमोजिमको कसुर अपराधमा ऐ.को १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू रामेछाप जिल्ला अदालतको मिति २०७०।११।६ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।०९।१६ को फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल चैत ४ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७१-MS-००१३, अदालतको अवहेलना, *विष्णुबहादुर कार्कीसमेत वि. विष्णुकुमार कार्की*

अदालतको आदेशलाई पालना गर्दै विपक्षी विष्णुकुमार कार्कीले दाबीको जग्गामा घर निर्माणलगायतको कार्य ५(पाँच) वर्षसम्म रोकी बसेको थिएँ भनी लिखित जवाफ लगाएको देखिन्छ । निवेदकहरूले जुन मुद्दाको कारणबाट अदालतको अवहेलना विपक्षीले गरेको भनी दाबी लिएको हो, सो मुद्दा नै खारेज भएको र अदालतले दिएको आदेशलाई पालना गर्दै विष्णुकुमार कार्कीले घर निर्माणको कार्य रोकेको भनी निजले लिखित जवाफमा भनेको र सो कुरालाई निवेदकहरूले अन्यथा नभनेकोले निवेदन दाबी पुग्ने अवस्था नदेखिने।

अतः उल्लिखित व्यवस्था, मिसिल संलग्न कागजातहरूबाट प्रस्तुत निवेदनका विपक्षी विष्णुकुमार कार्कीले अदालतको अवहेलना गरेको नदेखिँदा निवेदन दाबी नपुग्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल चैत्र ४ गते रोज ५ शुभम्।

इजलास नं. ५

१

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र, ०६८-CR-१३३० र ०६९-CR-०७०२, मानव बेचबिखन तथा ओसारपसार, *भीमबहादुर सुनार वि. नेपाल सरकार*

अभियोगपत्र दायर हुनुपूर्वका लिखतहरूबाट प्रतिवादीहरूले पीडितहरूलाई नेपाली युवतीलाई वैदेशिक रोजगारको प्रलोभनमा पारी भारत लगी बिक्री गर्नका लागि सफिक मुसलमानसमक्ष पुर्‍याउने कार्य गर्दाको क्रममा प्रतिवादीहरू वारदातस्थलबाट पक्राउ परेको कुरा विवादरहित तवरबाट प्रमाणित हुने।

आफूहरूले पीडितहरूलाई विदेश पठाउनेसम्मको कार्यको उद्योग गरेको हो मानव बेचबिखनको उद्योग होइन भन्नेसम्मको प्रतिवादीहरूको अदालतको इन्कारी छ । तर प्रतिवादीहरूले पीडितहरूलाई भारत पुर्‍याई सफिक मुसलमानको जिम्मा लगाउने र निजले पीडितहरूलाई बिक्री गर्ने र प्राप्त रकम बाँडी खाने भन्ने प्रतिवादीहरूको मौकाको बयान बिनाआधार अन्यथा गर्दा प्रमाण ऐन, २०३१ को दफा ९ को त्रुटि हुन पुग्छ। मौकाको बयान बनावटी भएकोले प्रमाणमा लिन नमिल्नेतर्फ उक्त दफा ९ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको अवस्थाहरू खुलाउन र सोको प्रमाण पेस गर्न प्रतिवादीहरू असफल रहेको देखिन्छ। त्यसमाथि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ मा कुनै व्यक्तिलाई यस ऐनअन्तर्गत कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेछ भनी उल्लेख भएको व्यहोराबाट प्रतिवादीहरूको मौकाको बयान त्यसै अन्यथा हुन नसक्ने हुँदा प्रतिवादीहरूले गरेको मौकाको बयान निजहरू विरूद्ध प्रमाण लाग्ने नै

देखिने।

वैदेशिक रोजगारमा जानको लागि कुन वा कुन कुन मुलुकमा जाने हो तत्सम्बन्धी राहदानी, अनुज्ञा (भीसा) जस्ता विश्वसनीय प्रमाण गुजार्ने र वैध नाकाबाट मात्र देश छोडेको ठाउँ र समय राहदानीमा खुलाई आवतजावत गर्नुपर्ने हुन्छ। तर प्रतिवादीहरूले पीडितहरूलाई लुकीछिपी अवैध किसिमले लान खोजेको र कसैले सोधेमा उपचार गर्न जान लागेको भन्नु भनी सिकाएको भन्ने मिसिल प्रमाणले प्रतिवादीहरू विरूद्धको अनुमानलाई बल पुर्‍याएको पाइने।

उल्लिखित सबुद प्रमाणसमेतबाट पुनरावेदक प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम जनही १० वर्ष कैद र जनही रू.१ लाख जरिवाना हुने र ओसारपसारमा सोही ऐनको दफा १५(१)(ङ)(१)बमोजिम जनही रू.१० वर्ष कैद र जनही रू.५० हजार जरिवाना हुने र प्रतिवादीहरूबाट पीडितहरूले दामासाहीले रू.१ लाख क्षतिपूर्तिसमेत भराई लिन पाउने ठहर्‍याएको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।७।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७३ साल वैशाख २७ गते रोज २ शुभम्।

२

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७२-WO-०४९५, उत्प्रेषण / परमादेश, *कल्पना कुमारी कार्की वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

सबैको व्यक्तित्वको कदर गर्नु प्रजातन्त्रको आधारस्तम्भ हो । तत्कालीन शिक्षा नियमावली, २०५९ को नियम ९७ ले नियुक्तिको लागि तोकेको प्रक्रिया उल्लङ्घन भएको वा विवादित पदको लागि निवेदक अयोग्य रहेको वा निवेदकको शैक्षिक योग्यता नभएको भन्न सकिएको छैन । निवेदिका स्वयम्ले के जालसाजी वा गल्ती काम कुरा गरिन् सो पनि खुल्दैन। राहत शिक्षकको पद अस्थायी भएपनि स्थायी शिक्षकको पूर्ति नभएसम्म सम्बन्धित शिक्षकले केही गरे बिराएको अवस्थामा बाहेक यस्ता शिक्षकले निरन्तरता पाउने देखिन्छ। यस्तै प्रचलन रही आएको छ। यस स्थितिमा लाग्नै नसक्ने । कानून लगाई सुनवाइको मौका प्रदान नगरी निवेदिकालाई पदमुक्त गरेको विपक्षीको मिति २०७२।९।२४ को निर्णय बदर हुने।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७२-WO-०४९६, उत्प्रेषण परमादेश, *रामकुमार वर्तौला वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०-WO-०१२७, उत्प्रेषण, *हफिजुल्ला अन्सारी वि. पुनरावेदन अदालत, बुटवलसमेत*

विपक्षी रूदलले फैसलाबमोजिम बिगो भरिपाउँ भनी मिति २०६८।५।१८ मा नवलपरासी जिल्ला अदालतमा दिएको निवेदनमा उल्लेख गरेको प्रतिवादीको नाम ठेगाना पनि जिल्ला रूपन्देही बगाहा गाउँ विकास समिति वडा नं. ६ समेतमा पनि घर भई ऐ. सिद्धार्थनगर नगरपालिका वडा नं. १३ शान्तिनगरको घरमा बस्ने अरमान मुसलमान भन्ने हफिजुल्लाह अन्सारी उल्लेख भएको अवस्था छ । सो निवेदनबमोजिम नवलपरासी जिल्ला अदालतबाट मिति २०६८।६।४ मा जारी म्यादमा पनि निवेदकको

नाम ठेगाना जिल्ला रूपन्देही बगाहा गाउँ विकास समिति वडा नं. ६ समेतमा पनि घर भई ऐ. सिद्धार्थनगर नगरपालिका वडा नं. १३ शान्तिनगर बस्ने अरमान मुसलमान भन्ने हफिजुल्लाह अन्सारीकै नाम ठेगाना उल्लेख भई मिति २०६८।८।९ मा तामेल भएको तामेली व्यहोरा देखिन्छ। वादी मुबारक खाँ र जिल्ला रूपन्देही बगाहा गाउँ विकास समिति वडा नं. ६ समेतमा पनि घर भई ऐ. सिद्धार्थनगर नगरपालिका वडा नं. १३ शान्तिनगरको घरमा बस्ने अरमान मुसलमान भन्ने हफिजुल्लाह अन्सारी भनी प्रतिवादीको नाम उल्लेख गरी लेनदेन मुद्दामा नवलपरासी जिल्ला अदालत, २०६७।१२।७ मा मिलापत्र भएको देखिन्छ। मिसिल संलग्न ती प्रमाणहरूको निवेदकले कुनै खण्डन गर्न सकेको देखिँदैन। यस अवस्थामा निवेदकको कोरा जिकिरमा भर गरी विवादित कपाली तमसुकका ऋणी यी निवेदक नभई अरमान भन्ने बेग्लै व्यक्ति रहेको भन्ने निष्कर्षमा रिट क्षेत्रबाट पुग्नु उचित नहुने।

निवेदकको नाम र निजले स्वीकार गरेको सिद्धार्थनगर नगरपालिका वडा नं. १३ को घरमा नै म्याद तामेल भएको र सो तामेली अ.बं. ११० नं. विपरीत रहेको भन्ने निवेदकको जिकिर नरहेबाट समेत निवेदकको मागबमोजिमको आदेश गर्नु न्यायसङ्गत हुँदैन । यस सम्बन्धमा निवेदकलाई मुलुकी ऐन, अ.बं. २०८ नं. ले सक्षम उपचार दिएकोमा सो ग्रहण नगरी रिटमा प्रवेश गरेको निवेदकको आचरण कानूनविपरीत देखिन्छ । सर्वोत्तम उपचार भनेको साधारण अधिकारक्षेत्रकै उपचार हो। सोको परित्याग गर्ने निवेदकलाई रिटबाट मद्दत गर्नु कानूनसम्मत नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

इति संवत् २०७३ साल जेठ १३ गते रोज ५ शुभम्।

४

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६८-CR-१३३९, ०६८-CR-१३४० र ०६९-CR-०१८१, मानव बेचबिखन तथा ओसारपसार, *कमला कार्की वि. नेपाल सरकार, रेवती चौधरी वि. नेपाल सरकार र नेपाल सरकार वि. कमला कार्कीसमेत*

प्रतिवादी रेवती चौधरीले लिएको खैरो रङको हाते झोलामा पीडित बसन्ता सावत र भीमकला दमाईको नागरिकता तथा अभियुक्त कमला कार्कीले लिएको कालो रङको हाते झोलाबाट पीडित कमला परियार र पवित्रा वि.क.को नागरिकता बरामद भएको मिति २०६६।३।४ को प्रतिवादीहरूको जिउ खानतलासी मुचुल्कामा उल्लिखित व्यहोरा र त्यसलाई समर्थन गरी २०६६।३।४ गतेको साँझ करिब ५:०० बजे प्रतिवादीहरू कमला कार्की र रेवती चौधरीलाई मर्यादपुर टेक्सी स्टेन्डबाट पक्राउ गरी ल्याएको र प्रतिवेदन दिएको हो त्यसमा लेखिएको व्यहोरा ठीक हो भनी प्रतिवेदक प्र.ना.नि. प्रेमशंकर चौधरीले अदालतमा गरेको बकपत्रबाट यी प्रतिवादीहरू वारदातस्थलबाट उल्लिखित दिन समयमा पक्राउ परेको र निजहरूका साथमा भारत बेचिन लगेका पीडितहरूसमेत रहेको कुरा प्रमाणित हुने।

पीडितहरूको प्रतिवादीहरू विरूद्ध गरेको बयान अदालतबाट समेत प्रमाणित छ । ती सबै प्रमाणलाई प्रतिवादीहरूले अर्को ठूलो प्रमाणबाट विस्थापित गर्न सकेको नदेखिँदा पुनरावेदन अदालत, बुटवलले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम पुनरावेदक प्रतिवादीहरूलाई ७ वर्ष कैद गरेको फैसला मिलेकै देखिन्छ। उक्त फैसला उल्टी गरिपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रतिवादी राधा कार्कीलाई अभियोग दाबीबाट सफाइ दिएको पुनरावेदन अदालतसमेतको फैसला नमिलेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर हेर्दा जाहेरवालीहरूले आफ्नो जाहेरीमा राधा

कार्की विरूद्ध किटानी आरोप लगाउन नसकेको र अदालतमा बकपत्र गर्दा घटनामा प्रतिवादी राधा कार्कीको संलग्नता छैन भनी पीडित जाहेरवाली बसन्ता सावत र भीमकला बिकले स्पष्ट लेखाएको, आरोपित कसुरमा प्रतिवादी राधा कार्की इन्कार रहेको र निज विरूद्ध प्रतिवादीहरूको मौकाको पोलबाहेक अरू कुनै पनि ठोस लिखत प्रमाण नरहेको, यस्तो पोल जसले जसलाई पनि गर्नसक्ने हुँदा यो आधारमा मात्रै प्रतिवादी राधा कार्कीलाई कसुरदार ठहर गर्नु फौजदारी न्यायशास्त्र विरूद्ध हुने देखिँदा निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिन्छ। यससम्बन्धी वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

पीडितहरूलाई भारतको सोहरतगढसम्म पुर्‍याई राधा कार्कीको जिम्मा लगाउने र राधा कार्की तथा अपरिचित व्यक्तिले केटीहरूलाई भारतको विभिन्न स्थानमा बिक्री गरी सोबाट प्राप्त रकम बराबर भागबन्डा हुने भनी प्रतिवादीहरूले राधा कार्की विरूद्ध गरेको पोल पुग्न नसकी प्रतिवादी राधा कार्कीले अभियोगदाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालतसमेतको फैसला यस इजलासबाट मनासिब ठहरेबाट केटीहरूलाई भारतमा को कसले कसरी कहाँ बिक्री गर्ने भन्ने तथ्यलाई वादीले प्रस्ट गर्न नसकेको मान्नु पर्ने। प्रतिवादीहरूले पीडितहरूलाई बेचबिखन गर्नको लागि नभई वैदेशिक रोजगारीको लागि विदेश ओमान लानको लागि निजहरूको राहदानीलगायतका लिखत बनाएको तथा पीडितहरूको नागरिकता प्रमाणपत्रसमेत प्रतिवादीहरूको सँगसाथबाट बरामद भएको अवस्था छ। पीडितहरूको जाहेरी, मौकाको प्रमाणित बयान र अदालतको बकपत्रबाट समेत निजहरूलाई प्रतिवादीहरूले वैदेशिक रोजगारीको लागि भारत हुँदै विदेश लाने कुरा गरेको देखिन्छ। यसरी भारतको कुन ठाउँमा प्रतिवादीहरूलाई को कसले पुर्‍याउने र बिक्री गर्ने भन्ने मूल तथ्य नै खुल्न नसकेको मिसिलको वस्तुस्थितिलाई नजरअन्दाज गरी पीडितहरूलाई भारतमा बिक्री गरी धन कमाउने हिसाबले लान लागेको भन्ने प्रतिवादीहरूको मौकाको बयानलाई मात्र टेकी मानव बेचबिखनजस्तो गम्भीर कसुरमा सजाय गर्नु उपयुक्त हुँदैन। उल्लिखित बयान अन्य आधारभूत प्रमाणहरूबाट समर्थित नभएकोले निजहरू विरूद्धको सो हदसम्मको अभियोगदाबी पुग्न नसक्ने ठहर्‍याई सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर गरेको ठहर्‍याई निजहरूलाई सोही ऐनको दफा १५(१)(छ) बमोजिम जनही ७ वर्ष कैद गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।१०।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारले यी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम हदैसम्म सजाय गरिपाउँ भनी लिएको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : यमप्रसाद बास्कोटा

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम्।

इजलास नं. ६

१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७२-WH-००५३, बन्दीप्रत्यक्षीकरण, *कुनसाङ पाख्रीन वि. मकवानपुर जिल्ला अदालत, हेटौंडासमेत*

मिसिल संलग्न रहेको मिति २०६३।१०।१७ को जन्मदर्ताको प्रमाणपत्रबाट निवेदिका कुनसाङ्ग पाख्रीनको जन्म २०५८।८।५ मा भएको देखिन्छ भने कर्तव्य ज्यानको वारदात मिति २०७२।१२।१६ मा भएको देखिएको छ। यस तथ्यबाट वारदातको दिन यी निवेदिकाको उमेर १४ वर्ष ४ महिना ११ दिन भएकोले

उमेर पुगेको नभई नाबालक नै रहेको तथ्य समर्थित भएको छ। यस्तो अवस्थामा निवेदिकाको हकमा उमेर पुगेको व्यक्तिलाई लागू हुने सरहकै कानून आकर्षित हुने नभई बालबालिकासम्बन्धी ऐन, आकर्षित हुने देखिने।

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेबापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न हुँदैन भन्ने प्रावधान बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १५ मा रहेको पाइन्छ। यस अवस्थामा निवेदिकालाई मुद्दा पुर्पक्षको क्रममा अन्य उमेर पुगेका कैदीको साथ कारागारमा थुनामा राख्दा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १५ को उल्लङ्घन हुने देखिने।

तसर्थ निवेदिकालाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी भएको मकवानपुर जिल्ला अदालतको मिति २०७३।१।१५ को थुनछेकको आदेश मिलेको नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। निवेदिकालाई कारागारबाट थुनामुक्त गरी मुद्दा पुर्पक्षको लागि बालसुधार गृहमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने हुन्छ। निवेदिकाको उमेर सम्बन्धमा मकवानपुर जिल्ला अदालतको आदेशानुसारको शारीरिक परीक्षणको प्रमाणपत्र प्राप्त भएपछि प्रचलित ऐन, नियमबमोजिम हुनसक्ने नै हुँदा हाल निजलाई सम्बन्धित कारागार शाखाबाट थुनामुक्त गरी बालसुधार गृह भक्तपुरमा राखी मुद्दा पुर्पक्ष गर्नू।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल जेठ ७ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६६-CR-०२६७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गुरूदेव राम हरिजनसमेत*

प्रमाण ऐन, २०३१ को दफा १८ ले कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था भएकोमा जाहेरवाला एवम् अनुसन्धानको क्रममा प्रहरीसमक्ष कागज गर्ने व्यक्तिहरूले अनुसन्धानको क्रममा गरेको कागजमा लेखाएको आफ्नो व्यहोरा समर्थन हुने गरी अदालतमा बकपत्र गर्न नसकी को कसले कुटपिट गरी मारे भन्न नसक्ने भनी बकपत्र गरेको देखिएबाट निजहरूको अनुसन्धानको क्रममा भएको कागजको आधारमा प्रतिवादीहरूलाई आरोपित कसुर गरेको ठहर्‍याउन कानूनसम्मत र न्यायोचित हुने नदेखिने।

फौजदारी मुद्दामा अभियुक्तउपर लगाइएको कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ। यो फौजदारी न्यायको आधारभूत सिद्धान्त हो। शङ्कास्पद प्रमाण वा तथ्यगत विश्लेषणबाट गरिएको अनुमानको भरमा मात्र कसैलाई फौजदारी मुद्दामा कसुरदार ठहर गर्न सकिँदैन । यसर्थ विद्यमान कानूनी व्यवस्थालाई मध्यनजर गरी हेर्दा प्रस्तुत मुद्दामा विपक्षी प्रतिवादीहरू उपरको अभियोग दाबी शङ्कारहित तवरले प्रमाणित हुन सकेको देखिन आउँदैन । यसरी प्रतिवादीहरू उपरको अभियोग दाबी वस्तुनिष्ठरूपबाट समर्थित नभएकोले शङ्काको सुविधा प्रतिवादीहरूले पाउने नै हुँदा निज प्रतिवादीहरू दिनेशराम हरिजन, जिरालाल भन्ने तनूकलाल राम हरिजन, गुरूदेव राम हरिजन, गोसाईराम हरिजन, हरिदेव भन्ने हरिनारायण राम हरिजन, रून्दीराम हरिजन, जहरू भन्ने इन्द्रदेव राम हरिजन, रामकिसून राम हरिजन, रामप्रसाद राम हरिजन, नथुनीराम हरिजन, मुन्ना भन्ने पवनराम हरिजन र लक्ष्मण राम हरिजनलाई अभियोग दाबीबाट सफाइ पाउने गरी भएको पुनरावेदन अदालत, सप्तरीको मिति २०६६।१।२३ को फैसला मिलेकै देखिँदा सदर

हुने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार २८ गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६८-CR-०७८४, कर्तव्य ज्यान, *अर्जुनप्रसाद सापकोटा वि. नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को दफा ३८ ले "कलिलो उमेर, अति वृद्धावस्ता वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहर्‍याएको व्यक्तिबाहेक मतियारलगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछ ।" भन्ने कानूनी व्यवस्था देखिँदा नाबालक साक्षी हुन नसक्ने भन्ने देखिएन । झुट्ठा बकपत्र गरेबापत नाबालकलाई वयस्कलाई हुने सजाय हुन नसक्नेसम्म हो । नाबालकको बकपत्र अन्य प्रमाणबाट समर्थित भएको अवस्थामा प्रमाणयोग्य छैन भन्न नमिल्ने ।

दिपा सापकोटाको कागज तथा बकपत्र र मृतक भगवती सापकोटाको Autopsy Report मा तादम्यता रहेको पाइन्छ । सो Autopsy Report मा मृत्युको कारण Intra abdominal hemorrhage due liver and spleen injury भन्ने उल्लेख भएकोले यी प्रतिवादी अर्जुन सापकोटाले मृतक भगवती सापकोटाको पेटसमेतमा कुटपिट गर्दा त्यस प्रकारको चोट लाग्न गई पेटमा रक्तप्रवाह हुन जाँदा मृत्यु भएको भन्ने पुष्टि हुन आयो । यसैगरी मृतक तीन महिनाका बालक हरिप्रसाद सापकोटा पनि वारदातको समयमा प्रतिवादी अर्जुन सापकोटा र मृतक भगवती सापकोटाकै साथमा रहेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिएको र निजको Autopsy Report मा मृत्युको कारण Head injury भन्ने उल्लेख भएकोमा प्रतिवादी अर्जुन सापकोटाले मृतक भगवती सापकोटालाई कुटपिट गर्दा हरिप्रसाद सापकोटाको टाउकोमा चोटपटक लाग्न गई मृत्यु भएको तथ्य तर्कसम्मतरूपबाट पुष्टि हुन्छ । यी प्रतिवादी अर्जुन सापकोटाको कर्तव्यबाट मृतकहरूको मृत्यु नभएको भन्ने कुनै पनि सबुत प्रमाण प्रस्तुत हुन सकेको नदेखिँदा यी प्रतिवादी अर्जुनप्रसाद सापकोटाले मृतकहरूलाई कर्तव्य गरी मारेको होइनन् भन्ने निष्कर्षमा पुग्न सक्ने नदेखिँदा सदर हुने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार २८ गते रोज ३ शुभम् ।

इजलास नं. ७

१

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०-CR-१२३३, ०७०-CR-११३८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. केश बहादुर राईसमेत, केश बहादुर राई वि. नेपाल सरकार*

अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३ (३) नं.अनुसारको कसुर हुन आपराधिक कार्य गर्ने रिसइबी, तयारी, योजना, घातक हतियारको प्रयोग जस्ता मार्ने मनसाय देखिने तत्त्वको विद्यमानता रहनु पर्दछ । प्रस्तुत वारदातमा प्रतिवादीले छुट्याउन खोज्दाको रिसको आवेगमा आई ढुङ्गा हानेको कारण मृत्यु भएको देखिएकाले त्यस्तो वारदातलाई प्रतिवादीले ढुङ्गा हानेको स्वीकार गरेकै कारण ज्यानसम्बन्धी महलको १३ (३) नं. अनुसारको सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी केश बहादुर राईले आफ्नो पुनरावेदन जिकिरमा मान्छे मर्लाजस्तो नदेखिएको अवस्थामा कुनै रिसइबीसमेत नभई मसँग झगडा गर्ने संयोग तामाङलाई तर्साउन शरीरको अन्य भागमा लागोस् भनी ढुङ्गाले हान्दा संयोगवश मृतकलाई लागी सोही चोटका कारण मृत्यु हुन गएको सो वारदात

ज्यानसम्बन्धी महलको ५ नं. अनुसार भवितव्य ज्यान हो । ज्यानसम्बन्धीको महलको ६ नं.अनुसार सजाय गरिपाउँ भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । सोतर्फ हेर्दा ज्यानसम्बन्धीको महलको ५ नं. मा "ज्यान लिने इबीलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्नेजस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएमा भवितव्य ठहर्छ ।" भन्ने व्यवस्था रहेको पाइन्छ । यो व्यवस्था हेर्दा भवितव्य ज्यान हुन ज्यान मार्ने मनसाय रिसइबी तथा ज्यान मार्नु पर्ने कुनै कारण नभएको हुनुपर्ने, आफूले गरेको कामबाट मानिस मर्नेजस्तो पनि नदेखिनु पर्ने वा परिणामको पूर्वज्ञान नभएको हुनुपर्ने र कुनै काम सावधानी अपनाएर गरेको भए पनि अप्रत्यासितरूपमा अर्कोलाई लाग्न गई ज्यान मर्न गएको देखिएमा मात्र भवितव्य ज्यान हुने देखिन्छ । यी सबै अवस्था विद्यमान भएमा मात्र भवितव्य मानिने हुँदा भवितव्यलाई दुष्परिणामको इच्छा तथा पूर्वज्ञानसमेत नभएको एक दुर्घटना तथा अप्रत्यासित तथा आकस्मिक घटनाका रूपमा लिइन्छ । त्यसैले वारदातलाई भवितव्यका रूपमा लिन वारदात दुर्घटनापूर्वक भएको हो भन्ने अनिवार्य रूपमा प्रमाणित हुनुपर्ने ।

प्रस्तुत वारदात भएको अवस्था तथा परिस्थिति हेर्दा यी प्रतिवादीले रातको समयमा विवाह घरमा रक्सीसमेत सेवन गरेको अवस्थामा मृतक युवराज राईसँग जिस्कने क्रममा झगडा हुँदा प्रतिवादीमध्येका संयोग तामाङले छुट्याउने क्रममा यी केश बहादुरलाई रिस उठी ढुङ्गाले संयोग तामाङलाई हान्न भनी हान्दा मृतकलाई लाग्न गएको देखिन्छ । भवितव्य हुन यो वारदातमा भएजस्तो रिस उठी आवेशमा आई मानिसलाई नै प्रहार गरेको देखिनु हुँदैन । स्वाभाविकरूपमा सावधानी अपनाई कुनै काम गर्दा अकल्पनीयरूपमा दुष्परिमाण आएमा मात्र भवितव्य हुनेमा प्रस्तुत वारदातमा यी प्रतिवादीले त्यस्तो स्वाभाविक काम सावधानीसाथ गरिरहेको भन्ने देखिँदैन । प्रतिवादी रिस उठी आवेशमा आउनुले नै प्रतिवादीमा सावधानी अपनाउने क्षमता नरहेको र जसका कारण आवेशमा आएको हो त्यसलाई प्रहार गर्ने रिस तथा मनसाय तत्कालै भएपनि सिर्जना भएको प्रस्ट देखिने । रातको समयमा झगडा हुँदाको अवस्थामा छुट्याउन आउने व्यक्तिलाई हान्न ढुङ्गा जथाभावी हान्ने कार्य गरेकोलाई मानिस मर्लाजस्तो नदेखिएको तथा परिणामको पूर्वज्ञान नभएको भनेर पनि भन्न मिल्दैन । रातको समयमा मानिसको भिडभाड भएको ठाउँमा ढुङ्गा हान्दा चोट लाग्न गई मृत्युसमेत हुनसक्ने कुरा जुनसुकै सामान्य अवस्थाको मानिसको पूर्वज्ञानमा रहने विषय नै हो । एउटाउपर रिस उठी आवेशमा आई हान्दा संयोगले अर्कोलाई लाग्न गए पनि त्यसलाई सांयोगिक घटनाका रूपमा लिन सकिँदैन । जसलाई लागे पनि चोट लाग्न सक्ने सम्भावना रहे भएको देखिने अवस्थाको विद्यमानतासमेत रहेको नै हुँदा यसमा सरेको मनसाय (Transferred Malice) को सिद्धान्त लागू हुने नै हुन्छ । त्यसैले यस्तो रिस र आवेशको अवस्थामा प्रहार गरे भएको कार्यलाई भवितव्यको कोटीमा राखिपाउँ भनी लिएकोप्रतिवादी केश बहादुर राईको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी केशबहादुर राईलाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुर कायम गरी १० (दश) वर्ष सजाय हुने र प्रतिवादीहरू संजोग भन्ने संयोग तामाङ र रमेश गुरूङलाई सफाइ दिने ठहर्‍याई सुरू इलाम जिल्ला अदालतबाट मिति २०६९।९।२३ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, इलामबाट मिति २०७०।५।१७ मा भएको फैसला मनासिब हुँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार

र प्रतिवादी केशबहादुर राईको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल आसार १९ गते रोज १ शुभम्।

२

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का, ०७२-CR-१०२६, विदेशी विनियम, *नेपाल सरकार वि. नारायण पौडेल*

सर्वप्रथम न्यु दाहाल बिजनेश इन्टरप्राइजेज प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ अन्तर्गत विदेशबाट सामान आयात निर्यात गर्ने प्रयोजनका लागि दर्ता भएको फर्म रहेको र सो फर्मका प्रोप्राइटर पदमबहादुर राउत रहेको मिसिल संलग्न कागजबाट पुष्टि हुन जान्छ। सो फर्मको प्रोप्राइटर पदमबहादुर राउत भनी दर्ता भएपछि सोको आधिकारिक व्यक्ति पनि निज पदमबहादुर राउत नै हुने हुन्छ। फर्मको तर्फबाट गरिने काम कारोवारको अन्तिम जिम्मेवारी र दायित्व पनि निजमा नै रहने हुन्छ। निजले नियमानुसार फर्मका तर्फबाट पत्र दिएमा वा आफूले गर्नुपर्ने काम गर्नु भनी कुनै व्यक्तिलाई मन्जुरीनामा वा वारेसनामा प्रकृतिको कागज गरी दिएमा मात्र सोअनुरूप कागजमा तोकेबमोजिमको काम कारोबार तथा अधिकारको प्रयोग अरूले गर्नसक्ने हुन्छ। त्यस्तो अवस्थामा पनि अन्तिम जिम्मेवारी प्रोप्राइटरको हुने भए पनि तोकेको कार्य तथा अधिकारको दुरूपयोग भई कुनै दायित्व वहन गर्नुपर्ने भएमा सिमित दायित्व उक्त अधिकारपत्रबाट काम गर्ने व्यक्तिमा पनि रहन जाने।

फर्मको आधिकारिक व्यक्ति तथा प्रो. पदमबहादुर राउतले फर्मका तर्फबाट आधिकारिक रूपमा पत्र दिई कसैलाई जिम्मेवारी नतोकेसम्म अर्को व्यक्तिले सो फर्मको प्रतिनिधित्व गर्न सक्दैन र त्यसलाई फर्मका तर्फबाट कुनै काम गर्ने आधिकारिक व्यक्ति भएको मान्न सकिँदैन। यसमा निज प्रतिवादी नारायण पौडेललाई यो यस्तो कार्य वा विदेशी विनिमयको कार्य फर्मका तर्फबाट गर्नु भनी फर्मका तर्फबाट वा फर्मका प्रो. पदमबहादुरका तर्फबाट कुनै आधिकारिक पत्र, प्रतिनिधित्व देखाउने मन्जुरनामा वा वारेसनामा जस्ता कागजहरू दिएको वादी पक्षले देखाउन नसकेको र त्यस्तो पत्र रहे भएको कुनै बैंकको पत्रबाट समेत खुल्न आएको देखिँदैन। निजले पटकपटक फर्मको प्रतिनिधित्व गर्ने गरेको भनी बैंकका कर्मचारीले भने पनि आधिकारिक पत्र बिना कुनै बैंकले निजलाई प्रतिनिधि मानी निजमार्फत फर्मको काम कारोबार गर्ने सम्भावना नहुने। बैँकमा फर्मको दर्ता प्रमाणपत्र, फर्मका आधिकारिक व्यक्तिको मन्जुरनामा वा सहमतिपत्र बिना नै कुनै व्यक्तिको मौखिक भनाइको भरमा काम भयो होला भन्ने कुरा सामान्य समझको मानिसले विश्वास गर्नसमेत सक्तैन। यदि यस्तो गरेमा सो बैंकका कर्मचारीमाथि पनि प्रश्न चिह्न खडा हुनुपर्ने हो।

निजले फर्मका तर्फबाट जिम्मेवारी लिएर काम गरेको भए पनि बिनाकानूनी प्रक्रिया अपनाई काम गर्न अर्याउने र काम गरिदिनेउपरसमेत त्यसको दायित्व रहन जाने हुन्छ। सो सम्बन्धमा अभियोग पत्रमा कुनै दाबी लिएको देखिँदैन। तसर्थ बिना आधिकारिक पत्र तथा अन्य लिखतका आधारमा यी प्रतिवादीलाई न्यु दाहाल बिजनेश इन्टरप्राइजेजका तर्फबाट बैंकमा कारोबार गर्ने आधिकारिक व्यक्ति मान्न नसकिने।

प्रतिवादीको यो यस्तो कारणले कसुरमा संलग्नता र सहयोग रहेको छ भनी स्पष्ट रूपमा वादीले प्रमाण पुर्‍याउन नसकी केवल बैंकहरूमा खाता रहेको, तिब्बतको खासाबाट सामान ल्याई व्यापार गर्ने, बैंकहरूमा कारोबार गरिरहने, फर्मका नाममा पैसा जम्मा गरेको भन्नेजस्ता आधार लिएर मात्र कसुरदार ठहर्‍याउनु नमिल्ने। कसुर भएको प्रमाणित हुनु र कसुरदार प्रमाणित हुनु अलग अलग विषय हो। फर्मको नामबाट कसुर भएकै आधारमा सो फर्मको नाममा पैसा जम्मा गर्ने, फर्मबाट पैसा लिने वा अन्य कुनै

कारणले फर्मसँग सम्बन्धित देखिने भएपनि कसुरदार कायम गर्न सकिदैन । कसुरदार भनी असम्बन्धित तथा दाबी शङ्कारहित तरिकाले प्रमाणित गर्न नसक्ने प्रमाण पेस गरेर हुँदैन । दाबीलाई न्यायिक परीक्षणको रोहमा शङ्कारहित तरिकाले प्रमाणित गर्नसक्ने सर्वोत्तम प्रमाण पेस गर्नुपर्ने फौजदारी कसुर प्रमाणित गर्न Balance of Evidence भन्दा Standard of Evidence लाई मध्यनजर गरी न्याय निरोपण गर्नुपर्दछ । कसुरदार ठहरिन कुसुरजन्य कार्य र आरोपित व्यक्तिका बीचमा अवैध तरिकाको सम्बन्ध रहेको स्थापित गर्न सक्ने प्रमाण नै फौजदारी कसुरका सम्बन्धमा Standard Evidence हुन्छ । यस्तो सम्बन्ध स्थापित हुने । प्रमाण वादी पक्षबाट पेस हुन नसकेकोले निजलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी लिएको वादी नेपाल सरकारको जिकिरसँग सहमत हुन नसकिने ।

माथि विवेचित आधार र कारणबाट यी प्रतिवादी नारायण पौडेलको कसुरमा संलग्नता रहे भएको भन्ने शङ्कारहित तवरले पुष्टि हुने प्रमाण वादी पक्षले पेस गर्न नसकेकाले काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।११।१० मा भएको फैसला केही उल्टी गरी यी प्रतिवादी नारायण पौडेललाई सफाइ हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।१२।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल साउन २३ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६९-CR-१००२, जबरजस्ती करणी, *राजु परियार वि. नेपाल सरकार*

प्रतिवादीको अदालतको इन्कारी बयान मात्र आफैँमा स्वतन्त्र प्रमाणको रूपमा भूमिका खेल्न सक्ने हुँदैन । सो इन्कारी बयान अन्य प्रमाणबाट समर्थित र पुष्टि हुन सक्नु पर्ने हुन्छ । सो नभए केवल इन्कारीलाई मात्र सफाइको आधार मान्न कदापि सकिँदैन । त्यसैले आफूले अदालतमा इन्कारी बयान गरेकोले सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुन सकिँदैन । त्यस्तै यी प्रतिवादीले जाहेरी दरखास्त सुनेको आधारमा मात्र पर्न आएको हुँदा प्रमाणमा लिन मिल्ने होइन भन्नेसमेत जिकिर लिएको देखिन्छ तर यसमा जाहेरी दिने परिवर्तित नाम विनिता सेर्माले जबरजस्ती करणी गरेको हल्ला सुनी पीडितहरूलाई बोलाई सोध्दा निजहरूले हो भनेको र निजहरूको योनिसमेत सुन्निएको देखिएकोले जाहेरी दिएको हो भनी उल्लेख गरेको र सो व्यहोरा अन्य प्रमाणबाट समर्थितसमेत भइरहेको अवस्थामा जाहेरी सुनेको भरमा मात्र दिएकोले झुट्ठा हो भनी भन्न नमिल्ने ।

यी ५ र ६ वर्षकी कुनै कुरा सोच्न सक्ने, ठीक बेठिक छुट्याउन सक्ने वा कुनै कुरामाथि विचार गर्न सक्ने क्षमताकोसमेत विकास भई नसकेको अवोध नाबालिकाहरूले आफ्नै बावुउपर नगरे नभएको कुरा गरेको भनी झुट्ठा पोल गर्न सक्ने अवस्था र त्यस्तो पोल गर्नुपर्ने कारण रहे भएकोसमेत देखिँदैन । त्यस्तै सामान्यतः एउटा संस्थामा काम गर्ने महिलाले पनि प्रतिवादीउपर प्रतिवादीले जिकिर लिएझैँ बनावटी जाहेरी दिनुपर्ने कुनै कारण रहे भएको भनी मान्नसमेत नमिल्ने । सामान्यतया जबरजस्ती करणी मुद्दामा प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुने हुँदा पीडित नै घटनाको मुख्य गवाह हुन्छ । निजले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १०(ख) (क) बमोजिम कुनै काम वा घटनाबाट पीडित भएको व्यक्तिले मौकामा व्यक्त गरेको कुराका रूपमा लिई प्रमाणमा लिनुपर्ने नै हुन्छ । तसर्थ यी नाबालिकाहरूको भनाईलाई प्रमाणयोग्य मान्न नमिल्ने भन्ने प्रतिवादीको जिकिरसँगसमेत सहमत हुन नसकिने ।

यी प्रतिवादीले योनिमा लिङ्ग दलेको हो, योनिभित्र लिङ्ग प्रवेश गराउन खोज्दा पीडितहरू रोएकाले प्रवेश गराइन भनी गरेको अनुसन्धानको बयानको सन्दर्भमा हेर्दा जबरजस्ती करणी हुनलाई सबै अवस्था र सबै उमेरको पीडितको योनिभित्र लिङ्ग प्रवेश गराएकै देखिनु पर्दछ भन्ने हुँदैन। योनिमा लिङ्ग नै प्रवेश हुन नसक्ने वा प्रवेश गराउन खोज्दा पीडितलाई असह्य पीडा भई रोई कराई गर्दा अरूलेसमेत थाहा पाउन सक्ने जस्ता अवस्थामा कसुरदारको लिङ्ग योनिमा प्रवेश नभएको वा प्रवेश गराउने प्रयास नगरेको हुन सक्छ। सोही आधारमा जबरजस्ती करणी नगरेको भनी भन्नु न्यायोचित नहुने।

प्रतिवादीले लिङ्गलाई बालिकाहरूको योनिमा दली वीर्य स्खलन गराएको भन्ने तथ्य पुष्टि भइरहेकोमा त्यसरी दल्नुको अर्थ जबरजस्ती करणीका लागि लिङ्गलाई योनिभित्र प्रवेश गराउने प्रयास गरेको भन्ने नै हुन्छ । कम उमेरकी बालिकाको यौनाङ्ग विकसित भइनसकेको कारणबाट लिङ्ग प्रवेशको सम्भावना कम हुने हुन्छ। प्रतिवादीकै भनाईबाट पनि पीडितहरू रोएकाले लिङ्ग प्रवेश नगराएको भन्ने देखिएको छ । यस किसिमको अवस्थालाई आधार मानी जबरजस्ती करणी नगरेको भनी भन्न मिल्दैन र सोही आधारमा कसुरको गाम्भिर्यतालाई कम आँकलन गर्न पनि नमिल्ने।

हाडनाता करणी गर्नेको महलको १ नं.अनुसार आफूले जन्माएका छोरीको करणी गर्नेलाई दश वर्ष कैद हुने हुन्छ। उपरोक्त कानूनी व्यवस्थाका आधारमा यी प्रतिवादीउपर हाडनाता करणी गर्नेको महलको १ नं. मा छोरीलाई करणी गर्नेलाई हुने सजाय थपसमेत हुने नै देखिन आयो । सोअनुसार यी प्रतिवादी राजु परियारलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं.बमोजिम १० वर्ष र सोमा ऐ.को २ नं.अनुसार हाडनातामा करणी गर्नेको महलको १ नं. ले हुने १० वर्ष कैदसमेत थप गरी गरेको सुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नसकिने।

अतः सुरू मोरङ जिल्ला अदालतबाट यी प्रतिवादी राजु परियारलाई जबरजस्ती करणीको महलको ३(१) नं. अनुसार १० वर्ष र ऐ. महलको २ नं. अनुसार हाडनाता करणीसमेत गरेकोले हाडनाता करणीको १ नं. अनुसार थप १० वर्ष कैद साथै निज प्रतिवादीबाट पीडितहरूले जनही रू. ५०,०००।- क्षतिपूर्तिसमेत भराई पाउने ठहर्‍याई मिति २०६८।५।१२ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।१०।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम्।

४

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७०-CR-१०२८, कर्तव्य ज्यान, *एकल राई वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धानमा यातना दिएर बयान गराएको भनी अदालतको बयानमा लेखाए पनि के कस्तो, कसले यातना दिए सो सम्बन्धमा केही खुलाउन सकेको छैन र निजको अनुसन्धानको बयान कुनै प्रमाणबाट खण्डित नभई अन्य प्रमाणबाट समर्थितसमेत भइरहेको छ । यी प्रतिवादी अर्को प्रतिवादी शम्भु सिक्तेन राई र मृतकसँग तथा वारदातस्थलमा नभई अन्यत्र भएको भए निजले आफ्नो बयानमा वारदात अघि, वारदातको समयको र वारदात पछिको सम्पूर्ण गतिविधिलाई यसरी सिलसिलाबद्ध तरिकाले लेखाउन सक्ने पनि हुँदैन । निजले भनेअनुसार नै लासजाँच प्रकृति मुचुल्काबाट झोलाको फित्ताले झुन्ड्याएको तथा घाँटीमा पासोको

डाम, मृतकको खुट्टाले भुइँ छोएको, शव परीक्षण प्रतिवेदनमा मृतकको कारण महलमा Asphyxia due to hanging भनी उल्लेख भएको देखिन्छ । यस्तो अवस्थामा अनुसन्धानमा आफूले गरेको बयानलाई यातना दिई सही गराएको भनी लिएको जिकिरलाई सत्य हो भनी भन्न नसकिने।

प्रतिवादी एकल राईले आफूले अदालतमा इन्कारी बयान गरेको र घटनाको प्रत्यक्षदर्शी कोही नभएको अवस्थामा मलाई दोषी ठहर गर्न मिल्ने होइन भनी पुनरावेदन जिकिर लिएकोतर्फ विचार गर्दा अदालतको इन्कारी बयानलाई आफैंमा प्रमाणको रूपमा ग्रहण गर्न सकिँदैन । सोलाई प्रमाणका रूपमा ग्रहण गर्न सो साबिती अन्य प्रमाणबाट र घटनाको वस्तुस्थिति तथा परिस्थितिबाट पुष्टि हुनुपर्ने हुन्छ । साथै अनुसन्धानको बयानलाई झुठ्ठा तथा यातना दिई गराएको भनी मान्नलाई पनि सो यातना कसरी किन कसले दिएको हो भन्ने पुष्टि हुन सक्नु पर्दछ । निजको अदालतको बयान अन्य कुनै प्रमाणबाट समर्थित हुन नसकेको र निजको अनुसन्धानको बयान अन्य प्रमाणबाट समेत समर्थित भइरहेको प्रस्तुत अवस्थामा अनुसन्धानको बयानलाई झुठ्ठा र अदालतको बयानलाई सही हो भनी जिकिर लिएकोलाई सही मान्न नसकिने। प्रत्यक्षदर्शी प्रमाणको प्रमाणिक महत्त्व ठूलो हुने भए तापनि सबै वारदातमा प्रत्यक्षदर्शी प्रमाण हुन्छन् र पुष्टि गर्न प्रत्यक्षदर्शी प्रमाण खोजिरहनु पर्छ भन्ने अनिवार्यता रहेको हुँदैन। प्रतिवादीहरू मृतकसँगै अघिल्लो दिन सँगै बास बसेको, दोस्रो दिन सँगै भ्यान चढेर गएको र पछि मृतक जयकुमारी मृत अवस्थामा फेला परेको तथ्य प्रत्यक्ष देख्ने साक्षीहरूले सबै कुरा खुलाई अनुसन्धानमा र अदालतमा लेखाइदिएको र प्रतिवादीमध्येका एकल राईले निजहरूको व्यहोरासँग मिल्ने भिड्ने गरी वारदात हुँदाको, वारदात अघिको र वारदात पछिको घटना क्रमलाई सिलसिलाबद्ध रूपमा प्रत्यक्ष वारदातमा संलग्न रहेकै भनी लेखाई दिएको अवस्थामा प्रत्यक्ष प्रमाणको अभाव रहेको मान्न सकिँदैन । त्यस्तै मृतकलाई मार्ने मनसाय नभएको भनीप्रतिवादीले लिएको जिकिरलाई पनि यी प्रतिवादी एकल राई आफैँले मार्ने कुरा शम्भु सिक्तेलले आफूसँग गरी सहयोग मागेको र आफूले सँगै रही खुट्टा समाती सहयोगसमेत गरेको भनी लेखाई दिएबाट र मार्ने मनसाय नरहेको भए बचाउन सक्ने तथा बचाउने प्रयास गर्न सक्ने पर्याप्त अवस्था भएकोमा बचाउनका लागि कुनै प्रयास गर्नुको सट्टा उल्टै सहयोग गरेको देखिएबाट निजमा मार्ने मनसाय नरहेको भनी भन्न नसकिने।

अतः सुरू धनकुटा जिल्ला अदालतले मिति २०६८/९/२४ मा प्रतिवादी एकल राईलाई र मिति २०७०।९।२४ मा प्रतिवादी शम्भु सिक्तेन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरी गरेको फैसलालाई साधक सदर हुने गरी क्रमशः मिति २०६९।११।२२ र मिति २०७१।२।६ मा पुनरावेदन अदालत, धनकुटाबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी एकल राईको पुनरावेदन जिकिर पुग्न सक्दैन । साथै प्रतिवादी शम्भु सिक्तेल राईको हकमा साधकसमेत सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७३ साउन २४ गते रोज २ शुभम्।

इजलास नं. ८

१

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदा प्रसाद घिमिरे, ०६८-WO-०९०१, उत्प्रेषण, *टेकनाथ हुमागाई वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत*

निवेदकले पुनरावेदन अदालत, पाटनको

मिति २०७१।३।१५ को निर्णय र बढुवा समितिको मिति २०७१।३।१८ को निर्णयअनुसार नेपाल प्रशासन सेवा, लेखा समूह रा.प.अनं. प्रथम श्रेणी लेखापाल पदमा बढुवा भइसकेको भन्ने देखिन्छ। निजले बढुवा माग गरेको श्रेणी तहको पदमा नै बढुवा भइसकेको अवस्था निवेदकतर्फबाट देखाइएको कागजातहरूबाट देखिँदा बढुवा समिति, बढुवा समितिको सचिवालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय, दोलखाको मिति २०६८।११।५ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनका रजिस्ट्रारबाट भएको मिति २०६८।१२।२१ को निर्णयको औचित्यमा प्रवेश गरी निर्णय गरी रहन पर्ने अवस्था देखिन नआएकोले उक्त निर्णयहरू उत्प्रेषणको आदेशले बदर गरिरहनु नपर्ने।

बढुवा सिफारिस समितिको मिति २०६८।११।५ को निर्णयमा नै निवेदकको नाम समावेश भई सिफारिससम्म नभएको देखिँदा सेवाको जेठता कायम गर्ने सम्बन्धमा विपक्षी बनाइएका साबिकमा बढुवा सिफारिसमा नाम समावेश भएका विपक्षी आशा बस्नेत र निवेदकको जेष्ठता एउटै कायम हुनु समन्यायिक दृष्टिले न्यायोचित देखिँदा निवेदकको बढुवाको जेष्ठता र विपक्षीको बढुवाको जेष्ठता एउटै कायम हुने गरी व्यवस्था मिलाउनु भनी बढुवा समिति, बढुवा समितिको सचिवालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय, दोलखाका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: देवीमाया खतिवडा (देबिना)

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७०-CR-१०९०, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. सुभाष ढुङ्गानासमेत*

प्रतिवादीहरूले विदेश पठाउन भनी रकम लिएको भनी वादी पक्षले दाबी लिनु मात्र प्रयाप्त हुँदैन। सो दाबीका साथमा सो प्रयोजनका लागि निजहरूले रूपैयाँ लिएको कुरा प्रमाणित गर्न सकेको देखिँदैन। केवल मौखिक प्रमाण अर्थात् जाहेरवालाको जाहेरी र बकपत्रलाई मात्र भर गरी प्रतिवादीहरूले जाहेरवालाहरूले रकम लिएका रहेछन् भनी अर्थ लगाउनु प्रमाण ऐन, २०३१ को दफा २५ को प्रतिकूल हुन जान्छ। तसर्थ लिखत प्रमाणले समर्थन गरेको जाहेरवाला त्रय मंगलबहादुर लामा, गणपति लामा र सबिना तामाङको बिगो रकमसम्म र हर्जाना तथा टिकटअनुसारको रकम जाहेरवालाले भरी पाउने ठहर्‍याएको हदसम्मको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिब देखिने।

प्रतिवादी गोपी ढुङ्गानाले यो यस्तो रीतबाट यो यस्तो कसुर गरेको भनी प्रस्ट उल्लेख नभई केवल अन्य कसुर कायम भएका प्रतिवादीहरूको भाई भएकै नाताले मात्र प्रतिवादीको कसुर स्थापित हुन तथ्यगत वस्तुनिष्ठ आधारबेगर शङ्का र अनुमान कै भरमा मात्र कसुरदार ठहर गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन जाने।

तसर्थ जाहेरवालाहरूले प्रमाणअनुसार मंगलबहादुर लामाले रू.८,००,०००।– गणपति लामाले रू.२,१५,०००।– र सबिना तामाङले रू.१,९०,०००।– र सो को ५०प्रतिशतले हुने थप रकमसमेत हर्जानाबापत र जाहेरवालाद्वय मंगलबहादुर लामा र गणपति लामाले साउथ अफ्रिकाबाट दुबई हुँदै नेपाल फर्किँदा लागेको टिकटअनुसारको जनही अमेरिकी डलर १८,६०५।– बराबरको तत्काल प्रचलित सटहीको दरमा हुन आउने नेपाली रूपैयाँसमेत प्रतिवादीद्वय सुरेश ढुङ्गाना र सुभाष ढुङ्गानाबाट भरिपाउने र निज प्रतिवादीहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३अनुसार जनही ४ वर्ष कैद र रू. ३,००,०००।– जरिवाना हुने तथा जाहिरवाला विमला गुरूङको हर्जानासमेत भराई

पाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने र प्रतिवादी गोपी ढुङ्गानाले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।२।७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल फागुन ८ गते रोज १ शुभम्।

इजलास नं. ९

१

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०७१-RB-०२३९, करार ऐन, २०५६ को दफा ८७ बमोजिम करारको निरन्तरता पाउँ, *ज्ञानेन्द्र पियासमेत वि. चितवन उच्च मा.वि., भरतपुर चितवनसमेत*

करार ऐन, २०५६ को दफा ४ मा "यस ऐनको अधीनमा रही करारको स्वरूप तथा विषयवस्तु छनौट गर्न, प्रतिफल, प्रतिफलको मात्रा, करारका सर्त तथा करार उल्लङ्घन भएबापत उपचारको प्रकृति निर्धारण गर्न र करारबमोजिमको विवाद समाधान गर्ने उपाय निश्चित गर्न करारका पक्षहरू स्वायत्त हुनेछन्" भन्ने र दफा ५ मा "एक व्यक्तिले अर्को व्यक्तिसमक्ष राखेको प्रस्तावमा त्यस्तो प्रस्तावित व्यक्तिले स्वीकृति जनाएपछि करार भएको मानिनेछ" भन्ने उल्लेख भएको छ। यसबाट निवेदकबाहेकका अन्य व्यक्तिसँग विद्यालयले आफ्नो सम्पत्ति भाडामा दिने सम्बन्धमा करार गर्न तथा करारका सर्त निर्धारण गर्न विद्यालय स्वतन्त्र रहेको, अन्य व्यक्तिसँग करार गरिएकोमा निवेदकहरूसँग पनि करार गर्नैपर्दछ" भनी बाध्य गर्न मिल्ने देखिँदैन । विद्यालयले अन्य व्यक्तिसँग गरेको करारको आधारमा निवेदकहरूको समेत करारको अवधि गणना गर्दै जाने हो भने करारको स्वायत्ततासम्बन्धी सिद्धान्तको समेत विपरीत हुन जाने हुन्छ। दुवै पक्षबीच भएको करारनामाबाट नै करारको अवधिबारे सुनिश्चितता भएको देखिन्छ । दुवै पक्षको सहमति र स्वीकृतिबाट मात्र करारको अवधि थप गर्न सकिने र सो करार पहिले गरेको करारको निरन्तरता हुने नभई स्वतन्त्र करारको रूपमा अस्तित्वमा रहने हुन्छ । करारनामामा तोकिएको अवधि वा सर्तबाट करारले निरन्तरता पाउने अवस्था र परिस्थितिसमेत निर्धारण हुने र प्रस्तुत विवादको विषयसँग सम्बन्धित करारमा त्यस्तो अवस्था नहुँदा करारको अवधि समाप्तिपश्चात् पनि अर्काको हक स्वामित्त्वको जग्गामा बसिरहेको र त्यसबापत पूर्वनिर्धारित सर्तबमोजिम भाडा बुझाएको आधारमा करारले निरन्तरता प्राप्त गरेको छ भन्न नमिल्ने।

विद्यालयले निवेदकहरूलाई करारको अवधि समाप्त भएपछि उक्त जग्गा खाली गरिदिन पुनः म्याद थप नगरिने व्यहोराको पत्राचार गरिरहेको र करार गर्ने स्वतन्त्रताअनुरूप निवेदकहरूले भोगी आएको जग्गा भाडामा दिन टेन्डर भएको अवस्था परिस्थितिसमेतलाई दृष्टिगत गर्दा निवेदकहरूको निवेदन जिकिरसँग सहमत हुन सकिएन। करार गर्ने प्रत्येक पक्षले करारबमोजिमको दायित्व पूरा गर्नुपर्ने हुन्छ । करारनामामा तोकिएको करारको अवधि नै समाप्त भइसकेपछि सो करारको प्रतिफल कुनै पक्षले लिइरहेको छ भन्ने आधारमा उक्त करारले निरन्तरता पाउनुपर्छ भन्नु न्यायसङ्गत नहुने।

तसर्थ, उल्लिखित तथ्य, कानूनी व्यवस्था र विवेचनासमेतका आधार कारणहरूसमेतबाट चितवन उच्च मा.वि. र निवेदकहरूबीच करारनामामै करारको दफा ११ मा मिति २०६४।१२।०१ देखि मिति २०६८।१२।०१ सम्म लागू हुने भनी उल्लेख भएको र करारको दफा ४ मा करारको म्याद समाप्त भएपछि पुनः करार गरिने छैन भन्ने उल्लेख भएको र विद्यालयको तर्फबाट निवेदकहरूले जग्गा खाली नगरेको कारणबाट विद्युत लाइनसमेत कट्टा गरी दिएको

मिसिल संलग्न कागजातहरूबाट देखिएकोसमेतबाट करार यथावत् रहेको स्थिति नदेखिँदा निवेदकहरूको करारको निरन्तरता गरिपाउँ भन्ने दाबी पुग्न नसक्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।०२।१४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: नगेन्द्रकेसरी पोखरेल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १६ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०७१-CI-१३९७, हरहिसाब गरी रकम फिर्ता पाउँ, *प्रवीन खनालसमेत वि. पूर्णबहादुर घिमिरे*

प्रस्तुत मुद्दाको विषयवस्तुबाट पक्ष विपक्षबीच लिनुदिनु पर्ने हिसाबकिताबमा कुरा नमिलेको अवस्था देखिन्छ। विपक्षी हिमालयन बैंक सार्वजनिक व्यावसायिक संस्था भएको र संस्थाले आफ्नो व्यावसायिक कारोबारबाट नाफा आर्जन गरी सेवा प्रवाह गर्ने उद्देश्यसमेत राखेको हुनुपर्छ। बैंकको निश्चित सार्वजनिक उत्तरदायित्व पनि रहन्छ। बैंकले बहन गरेको जिम्मेवारी र उत्तरदायित्वकै कारणबाट सर्वसाधारणले रकम जम्मा गर्ने, कर्जा प्रवाह हुने र बाँकी बक्यौता भए असुलउपरसमेतको कारबाही गर्ने हुन्छ। त्यसैगरी बैंकमा रकम जम्मा गर्ने र ऋण लिने सेवाग्राहीलेसमेत बैंकसमेतसँग केही व्यावसायिक जिम्मेवारीको अपेक्षा राखेका हुन्छन्। कर्जा रकमको सर्त र सुरक्षा बारे दुवै पक्षलाई जानकारी हुनु र विशेष गरी ऋणी सेवाग्राहीलाई सेवा सर्तबारे स्पष्ट जानकारी गराउनु बैंकको प्रमुख दायित्व हो। बैंकले ऋण लगानी गर्ने र सोबापतमा ब्याज तथा अन्य सेवा शुल्क लिने कार्य कानूनमा व्यवस्था भएबमोजिम हुने र कानूनले नियमन गर्ने विषयभित्र पर्दछ। निवेदकको उजुरी निवेदन र प्रतिउत्तर जिकिर हेर्दा विपक्षी बैंकले राखेको हिसाब विवरणमा चित्त नबुझाएको अवस्था देखिन्छ। बैंकले राखेको हिसाब विवरणमा सेवाग्राहीले चित्त बुझ्ने तवरले पुनः परीक्षण गराईपाउँ भन्ने माग दाबी न्यायिक नै हुने देखियो। ऋणी पुनरावेदकले परीक्षणका लागि माग दाबी गर्दागर्दै पनि विपक्षी बैंकले वादीको मागदाबीलाई बेवास्ता गर्दै नियमित तवरले हुने नियमनलाई नै आधार बनाइरहेको अवस्था देखिन्छ। नियमित ब्याज तिरी आएकोमा अन्तिम किस्ताको रकम बुझाउँदा बढी रकम असुलउपर गरेकोले अन्यायमा परेकोले पुनः हरहिसाब गराई पाउँ भन्ने वादीले जिकिर लिएकोमा सो सम्बन्धमा बैंकले कारोबार गर्दाको अवस्थामा कुनै व्यहोरा खुलाई नियमित किस्ताभन्दा बढी लिनपर्ने कारण खुलाई कुनै जानकारी दिएको अवस्थासमेत मिसिल संलग्न कागजातहरूबाट नदेखिएकोले वादी प्रतिवादीबीच भएको कर्जा, तिरे बुझाएको सावाँ ब्याजसमेतको विवरण पुनः परीक्षण भई निक्योल गर्नुपर्दैन भन्नु न्यायोचित पनि नदेखिने।

वादी दाबी पुग्न नसक्ने भनी सुनसरी जिल्ला अदालतबाट मिति २०७०।०२।०९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई बैंकले नियुक्त गरेको मान्यता प्राप्त अडिटरबाट पुनरावेदकले कर्जा लिएको रकमको सम्बन्धमा पुनः हरहिसाब गरी बैंकले बढी रकम असुल गरेको देखिएको स्थितिमा बढी लिएको रकम पुनरावेदकलाई फिर्ता दिने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।०३।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकेसरी पोखरेल

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १६ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६९-CR-०५६०, ०७०-CR-

०७०६, अपहरण तथा शरीर बन्धक, *ज्ञानबहादुर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. ज्ञान ब. तामाङ*

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षको बयानमा कसुरमा साबित रही बयान गरेको तथा निजको उक्त साबिती बयान जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र, मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्र तथा अपहरित बालकले गरी दिएको सनाखत कागजसमेतबाट पुष्टि हुन आएको पाइन्छ । अदालतसमक्षको बयानमा प्रतिवादीहरूले आफूहरू परिबन्धबाट अपहरण गर्नु परेको भनी जिकिर लिए तापनि सो कुरालाई प्रमाणित गर्ने कुनै प्रमाण पेस गर्न सकेको देखिएन । जाहेरवाला तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूले निजहरूलाई फसाउनु पर्ने कुनै कारण रहेको भन्ने प्रतिवादीहरूको जिकिर पनि छैन । यसरी जाहेरवाला, वस्तुस्थिति मुचुल्काका मानिसहरू, पीडित, घटनास्थल मुचुल्काका मानिसहरूसमेतले जाहेरीलाई समर्थन हुने गरी अदालतमा आई बकपत्रसमेत गरिदिएको र यी प्रतिवादीहरूले जाहेरवालाको छोरा सुरज शाहलाई अपहरण गरी बन्धक बनाई जाहेरवालासँग फिरौती माग गरी जाहेरवालाको मोबाईल नं. ९८४१९०२७७४ मा कुराकानी गरेको मिति २०६८।७।१९, २० र २१ गतेको Call detail समेतले प्रतिवादीहरूबाट अपहरण तथा शरीर बन्धकको कसुर भएको होइन भन्न मिल्ने देखिएन । यसरी प्रतिवादीहरूले अपहरण तथा शरीर बन्धकको कसुर गरेको, अपहरित बालकलाई चार दिनसम्म कब्जामा राखेको र दुई लाख रूपैयाँ फिरौती रकमसमेत जाहेरवालासँग असुल गरेको देखिन्छ । यस्तो कार्य मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. ले अपहरण मानेको पाइने ।

पुनरावेदन अदालत, पाटनबाट मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ३, ७ र ९ नं.बमोजिम जनही ११ वर्ष कैद र पचास हजार जरिवाना हुने ठहर्‍याई सुरू अदालतबाट भएको फैसला सदर मात्र गरेको र मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १२ नं.बमोजिम पनि सजाय गर्नुपर्नेमा सो गरेको नदेखिँदा पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।१९ र २०७०।२।२४ का फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरूबाट मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १२ नं. बमोजिम प्रतिवादीबाट बरामद हुन नसकेको अपुग बिगो रकम रू. ६,७६४।- र पीडित व्यक्तिलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी चार दिनको पाँच सयका दरले हुन आउने रकम रू. २,०००।- गरी जम्मा रकम रू. ८,७६४।– को आधा आधा प्रतिवादीहरूबाट पीडित र सम्बन्धित पक्षलाई भराई दिने र कुल बिगो रकम रू. २,००,०००।- रहेको हुँदा प्रतिवादीहरूबाट जनही थप रू. १,००,०००।- जरिवानासमेत हुने ।

अत: प्रतिवादीहरू छेवाङ्ग तामाङ र ज्ञानबहादुर तामाङले जाहेरवालाको छोरा सुरज शाहलाई अपहरण गरी बन्धक बनाई जाहेरवालासँग फिरौती रकमसमेत असुल गरेको हुँदा प्रतिवादीहरूलाई मुलकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ३, ७, ९ र १२ नं.बमोजिम जनही ११ वर्ष कैद र एक लाख एक हजार जरिवाना र प्रतिवादीबाट बरामद हुन नसकेको अपुग बिगो रकम रू. ६,७६४।- र पीडित व्यक्तिलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी चार दिनको पाँच सयका दरले हुन आउने रकम रू. २,०००।- गरी जम्मा रकम रू. ८,७६४।– को आधा आधा रकम प्रतिवादीहरूबाट पीडित र सम्बन्धित पक्षलाई भराइदिने ठहर्छ । पुनरावेदन प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल साउन २१ गते रोज २ शुभम् ।

इजलास नं. १०

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०७२-CI-०२९३, अंश चलन, *शिवप्रसाद गौतम, वि. इन्द्रप्रसाद गौतमसमेत*

वादी प्रतिवादीबीच नाता सम्बन्धमा विवाद देखिंदैन । वादीको अंश भागको सम्पत्ति पिता नन्दलालको जिम्मामा राखी आफूहरू २०४१/२/२२ को अंशबन्डाको लिखत गरी छुट्टिसकेको हुँदा वादीलाई हामीहरूले अंश दिनु नपर्ने भन्ने प्रतिवादीहरूको जिकिर देखिन्छ । मिति २०४१/२/२२ को बन्डा लिखतमा वादीको संलग्नता देखिँदैन । वादीको संलग्नता वा वादीको कुनै मन्जुरी नै नभएको त्यस्तो लिखतले कानूनी मान्यता पाउन सक्तैन । त्यस्तो लिखतलाई बदर गराइरहनु पर्ने अवस्था पनि हुँदैन । अंश बुझेको भरपाई लाई दुषित भनी जिल्ला अदालतले बोलेको र त्यसलाई अन्यथा भनी पुनरावेदन अदालतको निर्णयमा पनि नदेखिने ।

अंश हक जन्मसिद्ध अधिकार हो । त्यस्तो अधिकारलाई कुनै पनि प्रकारबाट कुन्ठित गर्न मिल्दैन । वादीको संलग्नता नै नभएको लिखतलाई मान्यता दिई त्यसमा पनि अदालत आफैँले दुषित भनी नामाकरण गरिसकेको लिखतको आधारमा पाउने अंश हकमा आघात पुर्‍याउन मिल्दैन । यस सम्बन्धमा तुलसी देवी कुँवरसमेत विरूद्ध हिरालाल कुँवरसमेत भएको अंश मुद्दामा (*नेकाप* २०६८, अङ्क ९, नि.नं. ८६९०) "अंशको हक अंशियार भएको नाताले स्वतः प्राप्त गर्ने हक हुँदा यसरी स्वतः प्राप्त गर्ने अंश जस्तो नैसर्गिक कानूनी हकलाई निष्कृय वा संकुचित पार्ने गरि भएको कुनै लिखतले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।" भन्ने सिद्धान्त प्रतिवादन भएको अवस्थासमेत देखिने ।

वादी प्रतिवादी अंशियार भएकोमा प्रतिवादीले समेत स्वीकार नै गरेको अवस्था छ । जिल्ला अदालत र पुनरावेदन अदालतबाट अंशियार कायम गरि मिति २०४१।२।२२ लाई मानो छुट्टिएको मिति कायम गरेको देखिन्छ । जुन लिखतमा वादीको संलग्नता छैन र जुन लिखतलाई दुषित भनी अदालत, स्वयम्ले नामाकरण गरिदिएको छ, सोही लिखत पारित भएको मितिलाई मान्यता दिई मानो छुट्टिएको मिति कायम गर्नु कानूनतः मिल्ने नदेखिने ।

अब कुन मितिलाई मानो छुट्टिएको मिति कायम गर्ने भन्ने सम्बन्धमा हेर्दा, मानो छुट्टिएको वादी प्रतिवादीले एउटै मिति स्वीकार गरेको छ भने सोही मिति र रजिस्ट्रेसन पारित भई मानो छुट्टिएको छ भने सोही मितिलाई मानो छुट्टिएको मिति कायम गर्ने र त्यस्तो अवस्था नभएमा फिराद परेको दिनलाई मानो छुट्टिएको मिति कायम गर्नुपर्ने हुन्छ । सो सम्बन्धमा यस अदालतबाट गोपाल बहादुर प्रधान विरूद्ध कटकबहादुर प्रधान भएको अंश मुद्दामा (*नेकाप*,२०२७, अङ्क १, नि.नं. ५६६)" वादी प्रतिवादी बिच मुख नमिलेकोले कुनै खास दिनमा मानो छुट्टिएको भन्ने दुवै थरको लेखाई नभई यति गते भन्ने कुरामा मुलुकी ऐनले तोकेका बन्देजमा रहनुपर्ने हुन आयो । त्यसतर्फ हेर्दा रजिस्ट्रेसनका ३(क) नं. ले रजिस्ट्रेसन पास भएको लिखतबेगर यो मितिमा मानो छुट्टिएको हो भनी मन्जुर गरे पनि अदालतले मान्यता दिन नसक्ने हुनाले फिराद परेको मितिमा मानो छुट्टिएको मिति कायम हुन्छ ।" भनी सिद्धान्त प्रतिपादन भएकोले सो आधारमा समेत प्रस्तुत मुद्दामा मानो छुट्टिएको मिति फिराद परेको दिनलाई नै कायम गर्नुपर्ने हुन आई मिति २०४१।२।२२ लाई मानो छुट्टिएको मिति कायम गरेको जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला सो हदसम्म मिलेको नदेखिने ।

तसर्थ, माथि विवेचित आधार प्रमाणहरूबाट मिति २०४१।२।२२ लाई मानो छुट्टिएको मिति कायम गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन

अदालतको फैसला सो हदसम्म उल्टी भई प्रस्तुत मुद्दाको फिरादपत्र दायर भएको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी दाखिल भएको तायदाती फाँटवारीमा उल्लेख गरिएका श्री सम्पत्तिबाट हाल ४ अंशियार कायम रहेको देखिएकोले ४ भागको १ भाग अंश वादी शिवप्रसादले छुट्याई लिन पाउने।

इजलास अधिकृत : विमला पौडेल

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७२-CI-०५३६, अंश चलन, *विमला गौतम, वि. विन्दा गौतमसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०७१-CI-०९५९, मिलापत्र र फैसला बदर, *रघुनाथ कोहार, वि. रामबकस रायसमेत*

मुलुकी ऐन, अ.बं. ८६ नं. ले फैसला डिसमिस मिलापत्र खारेज भएका मुद्दामा सो फैसला डिसमिस, मिलापत्र खारिज भएकाले अर्काको हकसमेत जाने भएको रहेछ भने जसको हक जानेछ। त्यसैले पैंतीस दिनभित्र यसमा हाम्रो पनि हक लाग्छ यसले मात्र हारी वा डिसमिस खारेज मिलापत्र गराएकोले हाम्रो हक जाने होइन भनी आफ्नो हक जतिमा झगडियाका नाउँमा नालिस दिए इन्साफ गरिदिनु पर्छ। यसरी उक्त व्यवस्थाबमोजिम अदालतमा प्रवेश गर्ने व्यक्ति अघि चलेको मुद्दाको पक्ष, विपक्ष नभई तेस्रो पक्ष हुनुपर्ने व्यवस्था गरेको देखिन्छ। कुनै दुई पक्ष मिली तेस्रो पक्षको हक जाने गरी फैसला गराएको अवस्थामा हकमा असर पर्ने तेस्रो पक्षले आफ्नो हकमा उजुर गर्न पाउने हो। अघि जुन व्यक्तिले आफ्नो हक देखाई नालेस गरी हक कायम गराउन नसकी मुद्दा डिसमिस फैसला भएको अवस्थामा सोही व्यक्तिका हकदारले सो डिसमिस फैसला बदर गराउन नालिस गर्न पाउने हकदैया उक्त अ.बं. ८६ नं. ले प्रदान गर्दैन। अघिल्लो पिँढीका व्यक्तिले हक कायम गराउन नसकेको विषयमा पछिल्लो पिँढीको हकदारले पुनः सोही विषयमा दाबी लिन पाउने हो भने अदालतको निर्णयले कहिल्यै पनि अन्तिमता पाउँदैन। प्रस्तुत मुद्दामा यी वादीहरूकी सगोलकी आमा, सासू, हजुरआमा नाताकी कैलासीदेवी स्वयम्ले नालिस गरी हक कायम गराउन नसकी डिसमिस फैसलामै अन्तिम भइसकेको मुद्दामा एकासगोलका हकवाला रहेका यी वादीहरूले पुनः सोही विषयमा मुद्दा लिएर अदालतमा आउन पाउने देखिँदैन। यसै सम्बन्धमा अशोककाजी बानियाँ वि. छिरिङ फिन्छोक (*नेकाप* २०५८ अङ्क ७,८ पृ ४४० नि.नं. ७०२२) भएको हक कायम निर्णय बदर मुद्दामा यसै अदालतबाट एकासगोलमा रहेकी आमाउपर परेको मुद्दा हारजित भएपछि सगोलमा रहेका नाबालक छोराहरूले उमेर पुगेपछि अ.बं. ८६ नं. को आधारमा मुद्दा गर्दै जाने हो भने विवादको निरूपण कहिल्यै अन्त नहुनेसमेत भई मुद्दाको अन्तिम हुने सिद्धान्त (Finality of decisions) को प्रतिकूल हुन जान्छ। घरको मुख्यले गरेको मुद्दामा अ.बं. ८६ नं. आकर्षित हुने। अवस्था देखिँदैन भनी व्याख्या भएको पाइने।

यसरी अघिल्लो पिढीकी कैलासी देवीले नालिस गरी डिसमिस गराएको फैसला बदर गराउन हकवालाहरूले अ.बं. ८६ नं. को आधारमा मुद्दा गर्दै जाने हो भने विवादको कहिल्यै पनि अन्त्य हुँदैन र मुद्दाको अन्तिमताको सिद्धान्त (Finality of decision) समेतको विपरीत हुन जाने हुनाले प्रस्तुत मुद्दामा अ.बं. ८६ नं. आकर्षित हुन नसक्ने।

इजलास अधिकृत : सन्देश श्रेष्ठ

इति संवत् २०७३ साल भदौ १२ गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-CI-०९५९, जग्गा दर्ता निर्णय बदर खिचोला मेटाइ हक कायम दर्ता नामसारी, *रघुनाथ कोहार, वि. रामबकस रायसमेत भएको* मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का, ०७०-WO-०१२१, उत्प्रेषण, *रामबाबु दाहाल वि. पुनरावेदन अदालत, विराटनगरसमेत*

लेनदेन मुद्दासँग असम्बन्धित मुद्दाहरूमा तारिखमा रहेकोले सो आधारमा लेनदेन मुद्दाको मिति ०६९।१०।४ को तारिख थामी पाउँ भनी विपक्षीले मिति ०६९।१२।४ मा मोरङ जिल्ला अदालतका तहसिलदारसमक्ष निवेदन दिएको देखिन्छ । निजले उक्त तारिख थमाउन निवेदन दिदा मुलुकी ऐन, अ.बं. ५९ नं. वा अ.बं. ६२ नं.अनुसार गुज्रेको तारिख थामी पाउँ भनी कुनै कानूनी आधार लिन सकेको देखिँदैन । विपक्षीका वारेस कमल राज खतिवडा व्यवसायिक वारेस रहेको भन्ने निजको निवेदन व्यहोराबाट देखिन्छ । यसरी व्यवसायिक वारेस भएको व्यक्तिलाई आफू तारिखमा रहेको सबै मुद्दाहरूमा अदालतले तोकेको तारिखमा बस्नु पर्छ भन्ने ज्ञान अन्य सर्वसाधारण व्यक्तिलाई भन्दा बढी हुन्छ । मुलुकी ऐन, अ.बं. ६४ नं. ले "तारिख पाउनेले तोकिएको तारिखका दिन तोकिएको ठाउँमा तोकिएको समयदेखि तारिख तोकी लिन नसकुन्जेलसम्म हाजिर भइरहनु पर्छ । तोकिएको समयमा तारिखमा हाजिर हुनु पर्ने झगडिया हाजिर भएन भने अड्डाले पर्खिरहनु पर्दैन । कानूनबमोजिम मुद्दाको कारवाही गर्नु पर्छ । तोकिएको समयमा हाजिर नहुनेको तोकिएको तारिखको दिन तारिखमा लेखिएको काम भएन भन्ने उजुर लाग्न र अड्डा उठ्ने समय नाघी अड्डा उठिसकेपछि आउनेको तारिख थामिन सक्दैन भन्ने व्यवस्था गरेको छ । यस ६४ नं. ले अदालतबाट तारिख तोकी पाएको पक्षले सो तोकिएको तारिखको दिन र समयमा अदालतमा उपस्थित हुनु पर्ने दायित्व तोकेको छ मुद्दामा तारिखमा रहनु पर्ने पक्ष वा निजको वारेसले अदालतमा उपस्थित नभएमा त्यसबाट सिर्जित परिणाम पनि निजले नै भोग्नुपर्ने हुन्छ ।

के कस्तो कार्यको लागि अदालतले कहिलेको तारिख तोकेको छ भन्ने कुराको ख्याल राख्नु सम्बन्धित पक्ष वा वारेसको कर्तव्य हुन्छ । तर मुद्दामा तारिखमा रहने वा नरहने वा एउटै अदालतमा पनि एकभन्दा बढी मुद्दाहरूमा तारिखमा रहेकोमा कुन मुद्दामा कुन दिनको तारिखमा रहने र कुनमा नरहने वा तारिख नलिने भन्ने कुरा पक्षको आफ्नो स्वविवेकको कुरा हो । त्यसमा अदालत वा अदालतको कर्मचारीले बाध्य गराउन सक्ने हुँदैन । विपक्षी हिरण्यकुमार श्रेष्ठको वारेस कमलराज खतिवडाले लेनदेन मुद्दामा आफूले तोकी पाएको मिति ०६९।१०।४ को तारिखमा उपस्थित नभई तारिख गुजारेको देखिन्छ भने निज वारिस रहेको अरू फाँटमा रहेका अरू नै पक्ष विपक्ष भएको अन्य मुद्दाहरूमा सो मिति २०६९।१०।४ को तारिखमा उपस्थित भई तारिख लिई त्यसपछि पनि पटकपटक तारिखमा रहेको देखिएबाट निजले लेनदेन मुद्दाको मिति ०६९।१०।४ को तारिखमा उपस्थित नभई स्वइच्छाले नै तारिख गुजारी बसेको देखिने ।

यसरी आफ्नो स्वइच्छाले तारिख गुजारी बसी कानूनले थाम्न पाउने म्याद वेतीत भइसकेपछि सो लेनदेन मुद्दासँग लगाउ नै नरहेको अन्य असम्बन्धित मुद्दामा मिति २०६९।१०।४ को तारिख लिएबाट सो दिन आफू अदालतमा उपस्थित नै रहेकोले लेनदेन मुद्दाको तारिख थामिपाउँ भनी निवेदन दिएको कारणबाट निजको तारिख थाम्न नसकिने ।

तसर्थ विपक्षी हिरण्यकुमार श्रेष्ठको वारिस कमलराज खतिवडालाई मोरङ जिल्ला अदालतको मुद्दाको कामकारवाहीका लागि मिति २०६९।१०।४ गते तोकेको तारिखमा मुद्दाका पक्ष वा वारिस कोही पनि उपस्थित हुन नगई तारिख गुजारी बसेको अवस्थामा हिरण्य कुमार श्रेष्ठको वारेस अन्य व्यक्ति वादी प्रतिवादी भई चलेको मुद्दामा उपस्थित रहेको भन्ने कारणले वादी हिरण्यकुमार श्रेष्ठ प्रतिवादी राम बाबु दाहाल भएको लेनदेन मुद्दामा तोकिएको तारिखमा

उपस्थित रहेको भन्ने अर्थ गरी गुज्रेको तारिख थामी दिने भन्नेसमेत व्यहोराको मोरङ जिल्ला अदालतको मिति २०६९।१२।६ को आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।४।१७ को आदेश मुद्दामा तारिखको अवधारणा र मुलुकी ऐन, अदालती बन्दोबस्तको ५९ नं. तथा यसै अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत रहेकोले उक्त आदेशहरू उत्प्रेषणको आदेशद्धारा बदर गरी हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल असोज ३० गते रोज १ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-CI-०७७९, घर पर्खाल भत्काइ पाऊँ, *बलराम सेढाई वि. परशुराम सेढाई*

मिसिलसाथ संलग्न मन्जुरीनामाको लिखत हेर्दा उक्त जग्गाहरूमध्ये कि.नं. १९८ मा तिमी मेरा सहोदर भाई परशुराम सेढाईले पक्की घर निर्माण गर्ने मनसायले म बलराम सेढाईसँग मन्जुरीनामा माग गरेकोले मसमेतका नाममा संयुक्त दर्ता रहेको उल्लिखित कि.नं.१८३ तथा १९८ का जग्गाहरू मध्ये अंशबन्डाको लिखतअनुसार मेरो भागमा परेको जग्गाको सम्बन्धमा तिमी भाइले इच्छाअनुसारको घर निर्माण गर्न बाटो प्रयोग गर्नसमेत पाउने गरी आफ्ना मनोमान खुशीराजीसँग किनाराका साक्षीका रोहबरमा बसी यो मन्जुरीनामाको कागज लेखिदिए भनी स्पष्टसँग उल्लेख भएको देखिन्छ। सोही मन्जुरीनामाबमोजिम नै प्रतिवादीले मिति २०५३।१।३१ मा नक्सा पास गरी उक्त घर निर्माण गरेको देखिन्छ। यसरी एकपटक मन्जुरीनामा दिई प्रतिवादीले कानूनी रीत पूरा गरी नक्सा पास गरी घर निर्माण गरिसकेको अवस्थामा अहिले आएर विवाद गर्न मिल्ने देखिँदैन। वादीले २०५३ सालमा बनाएको घरको लागि मात्र मन्जुरीनामा दिएको हुँ, घरको तल्ला थप्न र पर्खाल लगाउनको लागि मन्जुरीनामा दिएको होइन भनी जिकिर लिएको भए तापनि उक्त मन्जुरीनामाको व्यहोरा हेर्दा प्रतिवादीलाई निजको इच्छाअनुसार घर निर्माण गरी बाटोसमेत प्रयोग गर्न पाउने गरी मन्जुरीनामा दिएको देखिन्छ। प्रतिवादीलाई तल्ला थप्न वा जग्गाको भोगचलन गर्नमा नियन्त्रण गर्ने कुनै व्यहोरा उक्त मन्जुरनामामा देखिँदैन। कुनै पनि कार्य गर्नको लागि एकपटक सहमति दिएर कानूनबमोजिम कुनै कामकारवाही अगाडि बढ्छ भने उक्त सहमति दिने व्यक्ति वा पक्षले उक्त सहमतिको पालना गर्नुपर्छ। उक्त सहमतिको आधारमा अगाडि बढेको कामकारबाहीको सम्बन्धमा पछि गएर विवाद गर्ने कार्यलाई उपयुक्त र न्यायोचितसमेत मान्न नसकिने।

मिति २०५२।१२।२१ मा वादीले मन्जुरीनामा दिई तिमी भाइले इच्छाअनुसारको घर निर्माण गर्न बाटो प्रयोग गर्नसमेत भनी लिखित रूपमा दिई सकेपछि सो मन्जुरीनामा बदर नभएसम्म त्यसलाई मान्नु पर्ने हुन्छ। घर बनाउन मन्जुरी दिने तर त्यसलाई अस्वीकार गर्ने अधिकार जग्गाधनीलाई पनि हुँदैन। मिति २०५२।१२।२१ को उक्त मन्जुरीनामाबाट वादीले घर बनाउन प्रतिवादीलाई अधिकार दिई प्रतिवादीले घर निर्माण गरेकोमा यति अंशसम्म निर्माण गर्न दिएको, तल्ला थप्न वा पर्खाल लगाउन नदिएको भनी मन्जुरीनामामा नै उल्लेख नभएको कुराको आधारमा त्यसलाई अस्वीकार गर्न मिल्दैन। एकपटक कुनै कुरालाई लिखित रूपमा नै स्वीकार गरी सकेपछि सो कुरालाई अन्यथा भन्न ऊ विवन्धित हुन्छ। प्रमाण ऐन, २०३१ को दफा ३४ मा कुनै व्यक्तिले लेखेर, बचनले वा आचरणद्धारा कुनै व्यक्तिलाई कुनै कुरा यस्तो हो भन्ने विश्वासमा पारी वा त्यस्तो विश्वासमा पर्न दिई सो व्यक्तिबाट कुनै काम गराएमा वा हुन दिएमा निज र सो व्यक्तिको बीचमा चलेको कुनै मुद्दामा सो कुरा त्यस्तो होइन वा थिएन

भनी निजले खण्डन गर्न पाउने छैन भन्ने व्यवस्था छ । मिति २०५२।१२।२१ मा वादीले गरिदिएको मन्जुरीनामा बदर नभई कायम रहिरहेको स्थितिमा त्यसलाई अन्यथा भन्न नमिल्ने हुँदा वादीको जिकिरसँग सहमत हुन नसकिने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल भदौ १३ गते रोज २ शुभम् ।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६५-CI-०१८२, निषेधाज्ञा, *परशुराम सेढाई वि. बलराम सेढाई*

प्रस्तुत मुद्दामा निरूपण गरिनुपर्ने प्रमुख विषय भनेको काभ्रेपलाञ्चोक जिल्ला बालुवा गा.वि.स. वडा नं. ९ कि.नं. १६८४ को क्षे.फ. १-१३-३ मा बनेको घर विपक्षीले भत्काउने आशङ्काको अवस्था छ वा छैन भन्ने हो । तर आज बहसको क्रममा यस इजलासमा उपस्थित दुवै पक्षले विवादित उक्त घर भूकम्पको कारणले भत्किसकेको जानकारी गराउनुभयो । भूकम्पको कारणले उक्त घर भत्किसकेको र हाल उक्त घरको अस्तित्व नभएको भन्ने कुरामा दुवै पक्ष सहमत रहेको देखिन्छ । निषेधाज्ञाको निवेदनबाट हकबेहकको निरूपणा नहुने र जुन घर भत्काउन सक्ने आशङ्काको आधारमा पुनरावेदन अदालत, पाटनले निषेधाज्ञाको आदेश जारी गरेको हो । हाल उक्त घरको अस्तित्त्व नै नरहेको देखिँदा निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । यस अवस्थामा उक्त घर नभत्काउनु भत्काउन नदिनु भनी पुनरावेदन अदालत, पाटनले गरेको मिति २०६४।१०।२३ को फैसला उल्टी हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

इति संवत् २०७३ साल भदौ १४ गते रोज ३ शुभम् ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७२-CI-०५४६, अंश चलन, *बलबहादुर कटुवाल वि. पन्ना गुरूङसमेत*

प्रतिवादीले स्त्री अंशधनको रूपमा प्राप्त गरेको र आफ्नो पालामा आफूले आर्जन गरेको सम्पत्ति आफूखुस गर्न पाउने हो भनी प्रतिवाद गरे पछि त्यस कुरालाई प्रमाणित गर्ने भार दाबी गर्ने प्रतिवादी कै देखिन्छ । प्रचलित मुलुकी ऐन, स्त्री अंशधनको महलको ४ नं. मा "स्वास्नी मानिसलाई माइतीमावली पट्टिका नातेदार इस्टमित्रहरूले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति दाइजो ठहर्छ । लोग्ने वा लोग्नेपट्टिको अंशियारहरूले सबै अंशियारहरूको मन्जुरीको लिखत गरिदिएको र लोग्ने पट्टिका अरू नातेदार वा इस्टमित्रले दिएका चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति पेवा ठहर्छ ।" भन्ने र स्त्री अंश धनको महलको ५ नं. मा "स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउँछ । ऊ मरेपछि यसले खानु भनी लिखत गरिदिएको रहेछ भने लिखतैबमोजिम हुन्छ । लिखत रहेनछ भने सँगै बसेका छोराछोरी भए त्यस्ता छोराछोरीले, त्यस्ता छोराछोरी नभए भिन्न बसेका छोराछोरीले, त्यस्ता छोराछोरी पनि नभए लोग्नेले, लोग्ने पनि नभए विवाह भएकी छोरीले, ऊ पनि नभए छोराका छोरा वा अविवाहिता छोरीले र निजहरू पनि नभए हकवालाले पाउँछन्" भन्न कानूनी व्यवस्था रहेको पाइन्छ । प्रतिवादीको नाममा मिति २०५१।५।२२ मा बकसपत्रबाट प्राप्त भएको कि.नं. १८१ को घरजग्गा शिवशंकर डंगोलले बकस गरिदिएको देखिन्छ । यसरी आफ्नो घर माइती दुवैतर्फको नाता सम्बन्धभन्दा बाहिरका अपरिचित व्यक्ति शिवशंकर डंगोलबाट बकस पाउँदा के कति कारणबाट बकस पाएको भन्ने स्पष्टरूपमा खुल्न सकेको छैन । केबल जग्गा प्राप्तिको स्रोत बकसपत्र हुँदैमा त्यो निजी आर्जन हो भनी अनुमान गर्न मिल्ने हुदैन । यसरी जग्गा खरिद गरी लिएको र जग्गा हस्तान्तरणको प्रक्रिया बकस भन्ने आधारमा दाइजो पेवाको रूपमा मान्न मिल्ने नदेखिँदा पुनरावेदक प्रतिवादीको जिकिरसँग सहमत

हुन नसकिने।

त्यस्तै कि.नं. ६४५ को जग्गा निजी आर्जनको कमाई र बैंक ऋणसमेतबाट जोडिएको सम्पत्ति हो भन्ने कुरा प्रतिवादीले जिकिर लिएपनि स्पष्टरूपमा मेरो निजी आर्जनबाट जोडिएको हो भनी स्रोत खुलाउन सकेको देखिँदैन। यसरी निजी आर्जनको सम्पत्ति हो भनी प्रमाणित गर्न नसकेमा सगोलको आर्जनको सबै अंशियारको हक पुग्ने सम्पत्ति मानिन्छ। परिवारको मुख्यलगायत कुनै सदस्यले नगद आर्जन गरेबाटै सो सम्पत्ति निजको निजी आर्जन हुने होइन अपितु त्यसमा सगोल परिवारको श्रम, सहयोग आदि पनि नपरेको भएमा मात्र निजी आर्जन हुने।

सबैको श्रम, सहयोग आदि परेको सम्पत्ति सगोलको हुन्छ। प्रतिवादी र निजको लोग्ने एकासगोलमा नरहेको भन्ने कानूनबमोजिमको तथ्य र अवस्था कहीँ कतैबाट खुल्न आएको पनि छैन। सगोलको अंशियारले आफ्नो नाममा रहेका सम्पत्तिमा आफ्नो Exclusive right अर्थात् अन्य अंशियारबाहेकको आफ्नो निजी हक भनी दाबी गर्नका लागि कुनै वैध लिखत वा अन्य कानूनबमोजिमको कुनै ग्रहणयोग्य प्रमाणबाट पुष्टि गर्नुपर्ने हुन्छ। तर प्रतिवादीबाट गरिएको मौखिक कथन मात्रले सो जिकिर अदालतले स्वीकार गर्न नसक्ने हुन्छ। प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार अन्यथा प्रमाणित नभएसम्म जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति भएको भनी अदालतले अनुमान गर्नुपर्ने हुन्छ। र सोबमोजिम यी पुनरावेदकले अदालतको अनुमानलाई अन्यथा प्रमाणित गरी खण्डन गर्न सकेको पाइँदैन। निजी आर्जन हो भन्ने कुरा कानूनबमोजिमको कुनै लिखतबाट प्रमाणित नभएसम्म एकाघरका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाउँमा रहेको सम्पत्ति भए तापनि त्यस्तो सम्पत्तिलाई प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार सगोलको सम्पत्ति मान्नुपर्ने सिद्धान्त ने.का.प. २०५१, नि.नं. ५००९, पृष्ठ ९१२ मा यस अदालतबाट प्रतिपादित भएकोसमेत देखिने।

प्रस्तुत मुद्दामा प्रतिवादी मञ्जु गुरूङको आफ्नै छोरा चन्दन गुरूङ र छोरी पन्ना गुरूङ तथा पति टिकाराम गुरूङले अंशको दाबी गरी फिराद दायर गरेको अवस्था छ। आमाको नाउँमा भएको सम्पत्ति आफ्नै छोराछोरीले समेत अंशको रूपमा पाउन नसक्ने भन्नु न्यायको मक्सदविपरीत हुन जान्छ। वादी टिकारामले आफ्नो आयको स्रोत देखाएका छन्। प्रतिवादी मञ्जु गुरूङले देखाएको आयको स्रोत त्यसमा परेको भएपनि सबैको आर्जनबाट प्राप्त सम्पत्ति सगोलकै आर्जन हुन्छ। र सगोलको आर्जन सबै अंशियारको हक लाग्ने भन्ने कुरामा विवाद हुन सक्दैन। सम्पत्ति मञ्जु गुरूङको नाउँमा रहेको कारणले मात्र अन्य अंशियारलाई अंश लाग्न सक्दैन भन्न मिल्दैन र कानूनत: अन्य अंशियारको अंश नलाग्ने अवस्थाको विद्यमानता देखिँदैन। यसरी प्रतिवादीले जिकिर लिइएका कित्ताका सम्पत्तिहरू स्वआर्जनका हुन परिवारका सदस्यहरूको श्रम सहयोग परेको थिएन भनी वस्तुनिष्ठ र सुस्पष्ट प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ तायदातीमा उल्लिखित सम्पत्ति आफ्नो ज्ञानसिपले आर्जन गरेको र अन्य अंशियारको अंश नलाग्ने निजी हकको सम्पत्ति हो भन्ने पुनरावेदक प्रतिवादीको जिकिर तत्सम्बन्धी लिखतको आधारभूत र निश्चयात्मक प्रमाणबाट समर्थित नभएको अवस्थामा प्रतिवादीको पुनरावेदन जिकिर मान्य हुन नसक्ने हुँदा पुनरावेदक प्रतिवादीबाट वादीलाई अंश दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।१०।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल कात्तिक २२ गते रोज २ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६६-CI-०४१९ र ०७१-CI-०७७८, खिचोला मेटाई हक कायम, जालसाजी *परशुराम सेढाई वि. बलराम सेढाई, बलराम सेढाई वि. परशुराम सेढाईसमेत*

करारनामामा घर वादी बलराम सेढाईले बनाएको भन्ने कुरालाई प्रतिवादी परशुराम सेढाईसमेतले स्विकार गरी करारको एक पक्ष भई रीतपूर्वक सही छाप गरेको देखिन्छ । सो कुरालाई प्रतिवादीले अदालतमा उपस्थित भई अन्यथा भन्न सकेको अवस्था देखिँदैन । केवल उक्त करारनामा सुरू देखिनै निष्क्रिय रही कार्यान्वयनमा नआएको हुँदा उक्त करारनामाको हवाला दिई फिराद दायर गर्ने हकदैया वादीलाई छैन भन्नेसम्मको जिकिर लिएको देखिन्छ । सो सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दाको विषय उक्त करारनामाको कार्यान्वयन भयो वा भएन भन्ने होइन । उक्त विवादित घर वादीले बनाएको हो भनी प्रतिवादीले समेत स्वीकार गरेको लिखतको रूपमा उक्त करारलाई प्रमाणको रूपमा पेस गरिएको हो । यस अवस्थामा उक्त करारनामामा उल्लिखित व्यहोराको आधारमा घर वादीको हो भनी फिराद गर्न मिल्दैन भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुन सकिएन । वादी र प्रतिवादी सहोदर दाजुभाइसमेत भएको अवस्थामा वादीले दाबी गरेजस्तो मौखिक सहमतिको आधारमा त्यस प्रकारको घर बन्न नसक्ने अवस्था पनि देखिँदैन । घर अर्काको जग्गामा पनि बन्न सक्छ । सबै अवस्थामा जसको जग्गा हो उसैको घर बनेको भनी परिकल्पना गर्न पनि मिल्दैन । केवल जग्गाधनीको मन्जुरी वा स्वीकृति रहेको थियो वा थिएन भनी हेर्नुपर्छ । जग्गा धनीको स्वीकृति वा मन्जुरीबिना अर्को व्यक्तिले घर बनाउनु कानूनसम्मत हुँदैन तर जग्गाधनीले आफ्नो घर बनाउन स्वीकृति वा मन्जुरी दिएको छ भने त्यस्तो स्वीकृति वा मन्जुरी बदर नभएसम्म त्यसलाई मान्नुपर्ने हुन्छ । घर बनाउन मन्जुरी दिने तर त्यसलाई अस्वीकार गर्ने अधिकार जग्गाधनीलाई पनि हुँदैन । मिति २०५८।१।१४ को करारनामामा उल्लिखित सर्तबाट प्रतिवादी परशुरामले विवादित घर वादी बलरामले बनाएको भनी स्वीकार गरिसकेको अवस्थामा सो घर आफूले बनाएको भन्नेप्रतिवादीको जिकिर स्वीकारयोग्य देखिएन । एकपटक कुनै कुरालाई लिखितरूपमा स्वीकार गरी सकेपछि सो कुरालाई अन्यथा भन्न ऊ विवन्धित हुने ।

प्रमाण ऐन, २०३१ दफा३४ मा कुनै व्यक्तिले लेखेर, वचनले वा आचरणद्वारा कुनै व्यक्तिलाई कुनै कुरा यस्तो हो भन्ने विश्वासमा पारी वा त्यस्तो विश्वासमा पर्न दिई सो व्यक्तिबाट कुनै काम गराएमा वा हुन दिएमा निज र सो व्यक्तिको बीचमा चलेको कुनै मुद्दामा सो कुरा त्यस्तो होइन वा थिएन भनी निजले खण्डन गर्न पाउने छैन भन्ने व्यवस्था छ । मिति २०५८।१।१४ को करारनामा बदर नभई कायम रहिरहेको अवस्थामा सोमा उल्लिखित सर्त मान्दिन भन्न मिल्दैन । अतः विवादित घरसम्म वादी बलरामको हक कायम हुने देखिन्छ । जहाँसम्म घरबाहेकका अन्य जग्गामा पनि खिचोला मेटाई चलन चलाइपाउँ भन्ने वादी बलराम सेढाईको दाबी छ । सो सम्बन्धमा विचार गर्दा उक्त जग्गा प्रतिवादी परशुराम सेढाईको नाममा दर्ता भएको कुरा स्वयम् वादीले नै आफ्नो फिरादपत्रमा स्वीकार गरेको अवस्था देखिन्छ । वादीले सो जग्गामा घर बनाउँदैमा अन्य जग्गामा पनि निजको हक पुग्ने अवस्था रहँदैन । यस अवस्थामा अन्य जग्गामा पनि खिचोला मेटाई चलन चलाई पाउँ भन्ने वादी दाबीसँग सहमत हुन नसकिने ।

वादी बलराम सेढाईले मिति २०६०।६।१५ मा भएको को कागजलाई जालसाजी घोषणा गरी प्रतिवादीलाई सजाय गरिनु पर्ने मागसमेत गरेको

देखिन्छ । सो सम्बन्धमा विचार गर्दा उक्त मिति २०५८।१।१४ को करारनामालाई सुरूदेखि नै शून्य घोषणा गर्नको लागि उक्त कागज भएको देखिन्छ। उक्त कागज तारादेवी सेढाई र परशुराम सेढाई एक पक्ष र श्रीधर कार्की अर्को पक्ष भई भएको रहेछ भने श्रीधर कार्कीको श्रीमती सुशीला कार्की साक्षीको रूपमा रहेको देखिन्छ । वादीले उक्त कागज जालसाजीबाट तयार गरेको हो भनी जिकिर लिएको भए तापनि सो कागजमा वादी बलराम सेढाईको संलग्नता नदेखिँदा त्यसको कुनै प्रामाणिक मूल्य नै नदेखिँदा जालसाज भन्नुपर्ने अवस्था विद्यमान नदेखिने।

अतः माथि विवेचित आधारमा विवादित घरमा सम्म वादी बलराम सेढाईको हक कायम हुने ठहर्‍याई अन्य बाँकी जग्गामा वादीको हक नपुग्ने ठहर्‍याएको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०६३।३।१२ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनले गरेको मिति २०६४।१०।२३ को फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल भदौ १४ गते रोज ३ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०७२-WO-०८९२, उत्प्रेषण, *मंगल लिम्बूसमेत वि. भगवान सिपरा लिम्बुसमेत*

बाबुको मृत्युपछि घरको मुख्य व्यक्ति कसलाई मानिन्छ भन्ने सम्बन्धमा विचार गर्दा स्वाभाविकरूपमा आमा नै घरको मुख्य व्यक्ति भन्ने देखिन्छ। लेनदेन व्यवहारको ८ नं. हेर्दा, घरको मुख्य भई कामकाज गर्ने वा सगोलमै बसी विभिन्न ठाउँमा घर, खेती, व्यापार वा अरू कुनै काम गरी बस्ने उमेर पुगेको जानकार लोग्ने मानिस वा स्वास्नी मानिस आफू बसी काम गरेको ठाउँको मुख्य ठहर्छ। त्यस्ता मुख्यले गरेको व्यवहार वा एकाघरका उमेर पुगेका अरूले गरेकोमा मुख्य जानकारको पनि सहीछाप वा लिखत भएको व्यवहारमात्र गोश्वरा धनबाट चल्छ भनी स्पष्ट उल्लेख भएको पाइन्छ । उक्त कानूनी व्यवस्थाको रोहमा प्रस्तुत मुद्दामा रहेको विवादको विषयवस्तुलाई हेर्ने हो भने विभिन्न ठाउँमा घर, खेती, व्यापार वा अरू कुनै काम गरी बसेको प्रमाणबाट पुष्टि हुँदैन। आमाबाहेकका अन्य व्यक्तिलाई घरको मुख्य भई कामकाज गर्ने व्यक्तिका रूपमा लिन मिल्ने कुनै आधार र कारण विद्यमान रहेको देखिएन । कर्जा लिने पृथीलाल लिम्बू घरको मुख्य व्यक्ति भई कामकाज गरेको भन्ने कुराको पुष्टि हुने खालका प्रमाणसमेत पेस भएको देखिँदैन । बममाया लिम्बूका पृथीलाल लिम्बू जेठा छोरा भएकै नाताले घरको मुख्य व्यक्ति भन्न पनि मिल्ने देखिँदैन। त्यसमाथि पनि निजबाट परिवारका अन्य सदस्यहरूको जानकारी र मन्जुरीबिना गरिएका सबै व्यवहारलाई आमा र परिवारका अन्य सदस्यहरूको हकमा समेत मान्यता दिँदै जाने हो भने घरको मुख्य व्यक्तिको अवधारणा र त्यस्तो मुख्य व्यक्तिले घर व्यवहार सञ्चालन गर्ने र सम्पत्तिको सुरक्षा गर्ने मान्यताविपरीत हुने देखिन्छ । परिवारको कुनै एक सदस्यले परिवारका अन्य सदस्यलाई जानकारी नै नदिई जथाभावी व्यवहार गर्दै जाने र त्यसको दायित्व अन्य सदस्यले समेत व्यहोर्न पर्ने अवस्था नपरोस् भन्ने अभिप्राय लेनदेन व्यवहारको ८ नं. ले राखेको देखिने।

यस्तै लेनदेन व्यवहारको ९ नं. हेर्दा, यसै महलको ८ नं. बमोजिम मुख्य भई कामकाज गरेकोमा बाहेक अरू अवस्थामा एकाघरका उमेर पुगेको कुनै व्यक्तिले कुनै व्यवहार गरेको रहेछ भने निजले आफूले आर्जन गरेको वा आफूखुसी गर्न पाउने सम्पत्तिबाट मात्र लिन पाउँछ भनी स्पष्ट उल्लेख गरेको देखिन्छ। यसरी मुख्य भई कामकाज गरेकोमा बाहेक

अरू अवस्थामा एकाघरका उमेर पुगेको कुनै व्यक्तिले (स्वास्नी, छोरा, अविवाहिता छोरी जोसुकै होस्) कुनै व्यवहार गरेको रहेछ भने निजले आफूले पाउने धनमा निजको हक नपुगेसम्म साहुले सो धनमा समाउन पाउने देखिँदैन । लेनदेन व्यवहारको ८ र ९ नं. लाई सामान्जस्यपूर्ण रूपले व्याख्या गर्ने हो भने मुख्य व्यक्तिको ऋणको दायित्व लेनदेन व्यवहारको १० नं.समेतको अधिनमा रही अन्य अंशियारले समेत व्यहोर्न पर्ने र मुख्यको मन्जुरी नभएमा अन्य अंशियारले गरेको व्यवहारबाट सगोलको सम्पत्तिमा दायित्व सिर्जना गर्न नपाउने स्थिति देखिन्छ । कानूनमा पनि मुख्यको नाउँमा रहेको सम्पत्तिमा असर गर्न सक्ने देखिन आउँदैन । घरको मुख्य व्यक्तिको मन्जुरी नलिई लिइएको ऋण सगोलको सम्पत्तिबाट भरिभराउ गर्न नमिल्ने ।

पृथीलाल लिम्बूले कर्जा लिँदा आमा बममाया लिम्बू, भीमकुमारी लिम्बू र मंगल लिम्बू कसैको पनि मन्जुरी लिएको वा निजहरूलाई जानकारी दिएको देखिएन । घरको मुख्य व्यक्तिका रूपमा रहेकी बममाया लिम्बूको मन्जुरी नलिई पृथीलाल लिम्बूले लिएको ऋण सगोलको सम्पत्तिबाट भरिभराउ गर्ने कार्यलाई कानूनअनुरूपको मान्न नमिल्ने हुँदा निवेदकहरूका नाउँमा दर्ता रहेका जिल्ला ताप्लेजुङ तेल्लोक गा.वि.स. वडा नं. १ कि.नं. २०४ क्षे.फ. ५-१३-१-३ ऐ. तेल्लोक गा.वि.स. वडा नं. ६ कि.नं. १६५ क्षे.फ. ६-१४-१-३ ऐ.ऐ. को कि.नं. १६७ क्षे.फ. १६-२-०-३, ऐ.ऐ. को कि.नं. १६८ क्षे.फ. ८-२-२-० तथा ऐ.ऐ. वडा नं. २ कि.नं. १५६ क्षे.फ. १-३-१-० का जग्गाहरू रोक्का राख्ने निर्णय र सो आधारमा भएको काम कारवाहीसमेत उत्प्रेषणको आदेशबाट बदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल कात्तिक ४ गते रोज ५ शुभम् ।

इजलास नं. ११

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६६-CI-०८१८, हक कायमसमेत, *बसन्तबहादुर मल्लसमेत वि. विजयचन्द्र मल्ल*

पुनरावेदक प्रतिवादीहरूले मिति २०४३।९।१७ मा पिताबाट अंश बुझेको भरपाई गरी अंश बुझेकोमा उक्त मितिको अंश भरपाईलाई समेत प्रत्यर्थी वादीले अन्यथा भन्न सकेको देखिँदैन । मिति २०४३।९।१७ को बन्डा भरपाई हुँदा विवादित कित्ता जग्गाहरू दर्तासमेत भएको देखिँदैन। मिति २०४८।४।४ गते बाबुआमाको मृत्युपश्चात् चल सम्पत्तिसमेत पुनरावेदक प्रतिवादी जेठा दाजु बसन्तबहादुर मल्लबाट चारैजना दाजुभाइले भाँडाकुँडाहरू बुझी लिएको भन्ने देखिन्छ । मिति २०६४।७।२८ मा अ.बं. ७८ नं.अनुसार बयान गर्दा यी दुवै लिखत सद्दे हो भनी विपक्षी वादीले स्वीकार गरी बयान गरेका छन् । २०४३ सालको बन्डापत्र पारित भएपछि पनि २०४८ सालमा चल सम्पत्ति सबै दाजुभाइले बाँडी दिएको हुँदा उक्त २०३९ सालको ०४८ सालको घरसारको लिखत क्रियाशील भई दर्ता भोगसमेत गरेको देखिँदा प्रत्यर्थी वादी पनि बाबुसँग छुट्टी भिन्न भई अलगअलग व्यवहार गर्दै आएको देखिने ।

घरसारमै छुट्टिभिन्न भएको लिखत स्वीकार गरेपश्चात् व्यवहार प्रमाणबाट सो अन्यथा नहुँदासम्म बाबुसँग एकासगोलमा बसेको स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सकेको देखिएन । विवादित कित्ता जग्गाहरू बाबुको नाम नै दर्ता हुन बाँकी रहेका पुर्खौली जग्गा भएको र यी प्रत्यर्थी वादीले बाबुआमालाई पालन पोषण गरी एकासगोलमा रहेको बसेको प्रमाणित गर्ने कुनै वस्तुनिष्ठ लिखत प्रमाण देखाउन सकेका

छैनन् । केवल मौखिकरूपमा अभिव्यक्त गरेको कुराले मात्र यी प्रत्यर्थी वादीको जिकिर पुग्न सक्ने देखिँदैन । यसरी सबै अंशियार दाजुभाइहरू बाबुसँग छुट्टी भिन्न भइसकेको हुँदा विवादित कित्ता नं. ३८५, ३८८, ३०५, ४९५, २०६८ र २१०५ का जग्गाहरू पैतृक सम्पत्ति भई दर्तासमेत भइनसकेको बाबुको मृत्युपश्चात् दर्ता हुन आएको जग्गा वादीको मात्र एकलौटी हक पुग्ने अवस्थाको नदेखिएकोले सबै चार अंशियार दाजुभाइको बराबर हक लाग्ने देखिने ।

अतः सबै अंशियार दाजुभाइले बाबुसँग छुट्टीभिन्न भइसकेको हुँदा पिताको नाउँमा दर्ता रहेको विवादित जग्गामा सबै दाजुभाइको बराबर हक लाग्ने हुँदा वादीको मात्र हक कायम गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला केही उल्टी भई वादी प्रतिवादीहरू चारै जनाको हक कायम हुने र चार भागको एक भाग वादीको हक कायम भई दर्तासमेत हुने ठहर्‍याएको सुरू भक्तपुर जिल्ला अदालतको फैसला सदर हुने ।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६६-CI-०७००, ०८१३, लिखत बदर, *सुशीलकुमार आचार्य वि. शंकरप्रसाद आचार्य, शंकर प्रसाद आचार्य वि. सुशीलकुमार आचार्य*

लिखत गरी दिने चन्द्रकुमारी र निजका छोराहरू शम्भुप्रसाद आचार्य र प्रस्तुत मुद्दाका वादी शंकरप्रसाद आचार्य सगोलमा रहेकै अवस्थामा दुवै छोराहरूको मन्जुरीमा आफ्नो अंश हकको सम्पूर्ण सम्पत्ति चन्द्रकुमारी आचार्यले हक हस्तान्तरण गर्न सक्नेमा सगोलमा रहेका छोरा वादी शंकरप्रसाद आचार्यको मन्जुरीबेगर पुनरावेदक प्रतिवादी सुशीलकुमार आचार्यलाई दाबीको शेषपछिको बकसपत्र गरिदिएको देखियो । यसरी स्व. चन्द्रकुमारीले पुनरावेदक प्रतिवादी सुशीलकुमार आचार्यलाई गरिदिएको शे.व. लिखतको आधाभन्दा बढी अचल सम्पत्तिको लिखतले मान्यता पाउने भन्न मिल्ने नदेखिने ।

स्व. चन्द्रकुमारीले आफ्नो अंश हकको अचल सम्पत्तिमध्ये तत्काल प्रचलनमा रहेको मुलुकी ऐन, सातौं संशोधनपूर्वको स्त्री अंशधनको २ नं. को कानूनी व्यवस्थाबमोजिम आधासम्म आफूखुस गर्न पाउने हुँदा आधा अचल सम्पत्ति प्रतिवादी सुशीलकुमार आचार्यलाई गरिदिएको शे.व. लिखत कायमै रही बाँकी आधा भागको विवादमा आएको शेषपछिको बकसपत्र लिखत मात्र बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।५।८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । सम्पूर्ण लिखत बदर हुनुपर्छ भन्ने पुनरावेदक वादीको र सम्पूर्ण लिखत सदर हुनुपर्छ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल पुस ३ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६६-CR-०३४२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. टंकबहादुर बस्नेत*

मृतक र कुमार खड्कासमेतसँग भएको झगडा कुटपिटको वारदातमा मृतकलाई यी प्रतिवादी टंकबहादुर बस्नेतसमेतले हात छोडी कुटपिट गरेको भन्ने अनुसन्धानमा उल्लेख भएको व्यहोरा मृतकको शरीरमा परेको चोटपटकको प्रकृतिबाट पुष्टि नभएको र सो घटनामा कुमार खड्कासमेत घाइते भइरहेको देखिँदा प्रतिवादी टंकबहादुर बस्नेतले घाइते कुमार खड्कालाई कुटपिट गर्ने कार्यमा संलग्न हुनसक्ने अवस्था देखिएको र निज कुमार खड्काले वारदातमा यी प्रतिवादी टंकबहादुर बस्नेतसमेत संलग्न भई

मृतकलाई कुटपिट गरेको भनी लेखाएको व्यहोरा निजसमेत घटनाबाट पीडित भइरहेकोले निजको भनाईलाई स्वतन्त्र प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था नदेखिने।

प्रस्तुत वारदातमा निजप्रतिवादी टंकबहादुर बस्नेतको उपस्थिति रहेको र मृतकतर्फका घाइते कुमार खड्कासमेत कुटपिटबाट घाइते भइरहेको देखिएकोमा मृतकलाई यी प्रतिवादी टंकबहादुरले पनि कुटपिट गरेको हो भनी शङ्कारहित तवरबाट पुष्टि हुन आएको नदेखिएकोले यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ को देहाय (२) अन्तर्गतको घेरा दिने, बाटो गौंडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गरी मार्ने संयोग पारिदिएकोसम्मको कसुरको कसुरदार कायम गरी कैद वर्ष ५ को सजाय गर्ने गरेको काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब नै देखिने।

तसर्थ, उल्लिखित प्रमाण आधारहरूबाट काठमाडौं जिल्ला अदालतले प्रतिवादी टंकबहादुर बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. अन्तर्गतको कसुर गरेको ठहर्‍याई कैद वर्ष ५ (पाँच) गर्ने गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६५।९।१७ को फैसला सदर हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल पुस ३ गते रोज १ शुभम्।

इजलास नं. १२

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७१-RB-०१२०, करार, *शिव किशोर सिंह वि. जिल्ला वन कार्यालय, सर्लाही, लालवन्दीसमेत*

पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।१२।१९ मा अन्तरिम आदेश भई जिल्ला वन कार्यालयले आफू मातहतका कार्यालयमा रासन बुझाउन ल्याएमा बुझिदिन पत्राचार गरेको देखिन्छ । सोपश्चात् वन कार्यालय, रासन बुझी लिन तयार रहेको देखिएको तर पुनरावेदकले रासन सामग्री लिई बुझाउन लगेको भन्ने देखिन आएन । पुनरावेदकले रासन खाद्यान्न बुझाउन गएको बुझी नलिएको भए स्थानीय निकायमा सो तथ्यको जानकारी गराई सो को कुनै प्रमाण प्रस्तुत गर्न सकेकोसमेत देखिएन। तसर्थ, रासन खाद्यान्न बुझाउन गएको विपक्षीले बुझी नलिएको भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः मिति २०७०।१०।९ को करार सम्झौताको परिपालना पुनरावेदक स्वयम्ले गरेको तथ्य नै प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।२।२६ मा भएको अन्तिम आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल मङ्सिर १६ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७१-CI-०७५७, निषेधाज्ञा, *होमनाथ फुयाल वि. एलिसा सेनी (लिम्बू) समेत*

पुनरावेदन अदालतको आदेशानुसार भई आएको मिसिल संलग्न नक्सा मुचुल्का हेर्दा कि.नं. १७२ को उत्तरतर्फ न.नं. ७ मा कि.नं. ९१ को जग्गा रहेको देखिन्छ। सो न.नं. ७ को जग्गा यी पुनरावेदकको नाउँमा दर्ता नै नरही उनाउ व्यक्तिको नाउँमा दर्ता रहेको भन्ने नक्सा मुचुल्काबाट खुल्न आएको छ । उक्त नाप नक्सामा पुनरावेदकले निवेदनमा उल्लेख

गरेको कि.नं. १७२ को जग्गा र विवादित न.नं. ९ को बाटोको बीचमा न.नं. ७ उल्लेख भएको र सो कि.नं. ९१ को जग्गा रहेको भनी उल्लेख भएको देखिन्छ । सो कि.नं. ९१ को जग्गाको सम्बन्धमा निवेदनमा दाबी नै छैन। विवादित न.नं. ९ को बाटो ग्राबेल बाटो रहेको भन्ने देखिन आएको छ । यसरी पुनरावेदकले आफ्नो हकभोगको भनी दाबी लिएको जग्गा निजको नाउँमा दर्ता नभई उनाउ व्यक्तिको नाउँमा रहेको देखिँदा निजको निर्विवाद हकको भन्ने देखिन नआउने।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट विवादित जग्गामा पुनरावेदकको निर्विवाद हक भएको नदेखिँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी नहुने र निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।२।१९ मा भएको अन्तिम आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल मङ्सिर १६ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७१-CR-०७५०, अदालतको अवहेलना, *होमनाथ फुयाल वि. एलिसा सेनी (लिम्बू) समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

इजलास नं. १३

मा.न्या.श्री मीरा खड्का र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६९-CR-०५९३, जालसाजी, *पुजारी अहिर वि. करोरमती अहिरसमेत*

प्रतिवादी करोरमतीका पिता रमेश्वर यादवको छोरा नभएको र निज करोरमतीले पिताको सेवा टहल गरेबापत कि.नं. ४७४ समेतका ९ कित्ता जग्गा जम्मा क्षे.फ.२-०-१९ मिति २०५०।११।१२ र.नं. ५७९९ बाट हा.ब.दिएको देखिन्छ । छोरा नभएको हुँदा छोरी करोरमतीले पिताको स्याहार टहल गर्ने गरेको भन्ने सो लिखतमा उल्लिखित व्यहोराबाट देखिन आएको छ । निज करोरमतीलाई करिब ३ बिगाहा जग्गा हा.ब.गरी दिने हैसियत भएका पिताले उक्त कि.नं.६०,३०५ र ५१८ को जग्गा छोरी करोरमतीले खरिद गर्दा दाइजो पेवा हाली किनिदिएको विश्वास गर्न सकिने मनासिब आधार देखिन आउने।

करोरमतीको पिताको छोरा सन्तान नभएको पिताले निज करोरमतीलाई आफ्नो पैतृक सम्पत्ति जग्गाहरू हा.ब.गरी दिएको तथ्य रहेको सन्दर्भमा करोरमतीले दाइजो पेवाको रकमले खरिद गरेको भनी जनाई बाबुलाई समेत सो लिखतमा साक्षी राखी खरिद गरेको उक्त कि.नं.६०,३०५ र ५१८ को जग्गाहरू प्रतिवादी करोरमतीको निजी आर्जनबाट खरिद भएकोले निजले आफूखुस गर्न पाउने हुन्छ । अतः सो जग्गासमेत पिता रमेश्वरलाई मिति ०६४ सालमा राजीनामा गरी दिएको कार्यबाट वादीहरूको अंश हकमा असर पर्न जाने देखिएन। वादीहरूको अंश हक नै नलाग्ने प्र. करोरमतीको निजी आर्जनका जग्गाहरू निजले रजिस्ट्रेसन पास गरी दिएको कार्य जालसाजी मान्न नमिल्ने।

अतः मिति २०६४।१०।२९ को लिखतलाई जालसाजी ठहर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६७।१।२२ को फैसला मिलेको नदेखिँदा उल्टी भई जालसाजी गरेको भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।३।७।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम्।

- यसै लगाउ, ०६९-CI-०७५४, फैसला तायदाती बदर, *पुजारी अहिरसमेत वि. करोमती अहिर* भएको मुद्दा पनि यसैअनुसार फैसला भएको छ।

इजलास नं. १४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०६६-CI-०४१३, जग्गा नामसारी निर्णय बदर दाखिला खारेज दर्ता बदर नामसारी दाखिल खारेज दर्ता, *प्रेमबहादुर श्रेष्ठ वि. सन्तमाया श्रेष्ठ*

विद्यायिकाको मनसाय पता लगाउन कानूनको व्याख्या गर्दा कुनै ऐनको कुनै परिच्छेदको कुनै नम्बरमा उल्लेख भएको कानूनी व्यवस्था अस्पष्ट रहेको छ भने त्यसपछिका नम्बरहरूलाईसमेत साथै राखी व्याख्या गर्नुपर्दछ । अगाडि उल्लेख भएको नम्बरमा भन्दा त्यसपछिका नम्बरहरूमा भएको कानूनी व्यवस्थाले विद्यायिकाको मनसायलाई अझै बढी स्पष्ट गरेको हुन्छ । अपुतालीको २ नं. मा उल्लिखित नाता सम्बन्धका व्यक्तिहरू समान हैसियतको भएमा मात्र उक्त २ नं. को कानूनी व्यवस्था आकर्षित हुने हो । तर कोही अंश लिई छुट्टिएका छन् र कोही सगोलमा बसेका छन् भने अपुतालीको सम्बन्धमा निर्णय गर्दा उक्त २ नं. को प्रयोग अन्य नम्बरहरूमा भएका व्यवस्थाहरूलाई समेत सँगै राखेर हेर्नुपर्ने ।

प्रतिवादी सन्तमाया श्रेष्ठसमेत तीन जना छोराहरू श्यामबहादुर श्रेष्ठ, धनबहादुर श्रेष्ठ र टिकाबहादुर श्रेष्ठ मूल पुरुष मानबहादुर श्रेष्ठबाट २०५८ सालमा छुट्टी भिन्न भएको र जेठा छोरा प्रेमबहादुर श्रेष्ठ बाबुसँग सगोलमा बसेको मिति २०५८।९।२४ को बन्डापत्रबाट नै देखिएको छ । सोही अपुतालीको ६ नं.बमोजिम सबै स्वास्नी छोरा छोरीहरूलाई अंश छुट्याइसकेपछि कुनै स्वास्नी वा छोराछोरीसँग बसेको रहेछ भने सँगै बस्ने स्वास्नी छोरा वा छोरीले अपुताली पाउने र यसो गर्दा विद्यायिकाको वास्तविक मनसाय पनि पूरा हुने देखिन्छ । प्रतिवादी सन्तमाया श्रेष्ठ मानबहादुर श्रेष्ठको श्रीमती भए पनि निजले कानूनबमोजिम अंशबन्डा गरी छुट्टी भिन्न भएकोले एकासगोलको अन्य अंशियार कायम रहेको अवस्थामा मानबहादुर श्रेष्ठको अपुताली निजको भिन्न भई बसेकी श्रीमतीले पाउने देखिएन । सगोलमा बसेका छोरा वादी प्रेमबहादुर श्रेष्ठले नै बाबु मानबहादुर श्रेष्ठको अपुताली खान पाउने देखिने ।

२०५८ सालमा प्रतिवादी सन्तमाया श्रेष्ठ, छोराहरू श्यामबहादुर श्रेष्ठ, धनबहादुर श्रेष्ठ र टिकाबहादुर श्रेष्ठले पति पिता मानबहादुर श्रेष्ठसँग कानूनको रीत पुर्‍याई अंशबन्डा गरेको र वादी प्रेमबहादुर श्रेष्ठ पितासँगै सगोलमा बसेको भनी मिति २०५८।९।२४ को बन्डापत्रको कागजले प्रस्ट गरेको देखिँदा फिराद दाबीमा उल्लेख भएको मानबहादुर श्रेष्ठको नाम दर्ताको हेटौंडा नगरपालिका वडा नं. ४ कि.नं. ६७७३ को जग्गा र सोमा बनेको घर, ऐ.ऐ. कि.नं. ६७७५, ऐ.ऐ. कि.नं. ६९४३, ऐ. वडा नं. ११ को कि.नं. २८८२, ऐ.ऐ. कि.नं. २८९३, ऐ.ऐ. कि.नं. २९६३, ऐ. बसामाडी गा.वि.स. वडा नं. १ कि.नं. ६०४, ऐ.ऐ. कि.नं. ६०५, ऐ.ऐ. कि.नं. १२६३, ऐ. हटिया गा.वि.स. वडा नं. ७ कि.नं. ७०६ को जग्गा, ऐ. हाडिखोला गा.वि.स. वडा नं. ३ कि.नं. ७६१, ऐ.ऐ. कि.नं. ७६३, ऐ.ऐ. कि.नं. ७८३ को जग्गाहरूसमेत प्रतिवादी सन्तमाया श्रेष्ठको नाममा नामसारी गर्ने निर्णय गरेको मालपोत कार्यालय, मकवानपुरको मिति २०६१।२।२२ र मिति २०६१।२।२६ को निर्णय उल्लिखित कानूनी व्यवस्थाको विपरीत रहेको देखिएकोले कायम रहन सक्ने नदेखिने ।

तसर्थ, माथि विवेचित आधार, कारण एवम् प्रमाणबाट मकवानपुर जिल्ला अदालतले वादी दाबी पुग्न नसक्ने ठहर्‍याई गरेको मिति २०६३।३।१९ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६४।११।६ को फैसला मिलेको नदेखिँदा उल्टी भई फिराद दाबीमा उल्लिखित मानबहादुर श्रेष्ठको नाम दर्ताका जग्गाहरू प्रतिवादी सन्तमायाको नाममा नामसारी हुने गरी मालपोत कार्यालय, मकवानपुरले मिति २०६१।२।२२ र मिति २०६१।२।२६ मा गरेको निर्णय बदर भई ती जग्गाहरू

वादी प्रेमबहादुर श्रेष्ठको नाममा दाखिल खारेज नामसारी दर्ता हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CI-०४१२, सवारी नामसारी निर्णय बदर दर्ता बदर हक कायम दर्ता दाखिल खारेज दर्ता, *प्रेमबहादुर श्रेष्ठ वि. सन्तमाया श्रेष्ठ*
- ०४०९, जग्गा नामसारी निर्णय बदर दाखिला खारेज दर्ता बदर दर्ता, *प्रेमबहादुर श्रेष्ठ वि. सन्तमाया श्रेष्ठ*
- ०४१०, सवारी नामसारी निर्णय बदर दर्ता बदर हक कायम दर्ता, *प्रेमबहादुर श्रेष्ठ वि. सन्तमाया श्रेष्ठ*
- ०४११ सवारी नामसारी निर्णय बदर दर्ता बदर हक कायम दर्ता, *प्रेमबहादुर श्रेष्ठ वि. सन्तमाया श्रेष्ठ*
- ०६६-CI-०४१४, मिलापत्र बदर, *प्रेमबहादुर श्रेष्ठ वि. सन्तमाया श्रेष्ठसमेत*

इजलास नं. १५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री अनिलकुमार सिन्हा, ०७१-WO-०७७१, उत्प्रेषण, *रक्षाराम हरिजन वि. संवैधानिक परिषद्, सिंहदरबारसमेत*

आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिलाहरू, दलित, आदिवासी, जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी गराउने भन्ने संवैधानिक व्यवस्थाअनुरूप सहभागी गराइँदा योग्यता र दक्षतालाई समेत आधार बनाउनु पर्ने विषयमा विवाद हुन सक्दैन। संविधानका प्रावधानहरू स्वयम् क्रियाशील हुने नभई राज्यले त्यसको मर्म र मनसाय अनुरूप अबलम्बन गर्दै लग्ने हुन्छ। यसलाई राज्यको कानून, नीति, योजना र कार्यक्रम आदिका आधारमा क्रियाशील गर्नु राज्यको कर्तव्य हो। यसको लागि राज्यको तर्फबाट प्रतिबद्धताको आवश्यकता हुने।

नेपालको संबैधानिक विकासको क्रममा नेपालको अन्तरिम संविधान, २०६३ लागू भई पटकपटक राजनीतिक प्रतिबद्धता एवम् जनताको आकांक्षाको आधारमा संशोधन एवम् परिमार्जन हुँदै आएकोमा संविधान सभाबाट नेपालको संविधान लागू भई नेपालको अन्तरिम संविधान, २०६३ खारेज भइसकेको छ। यसरी २०७२।६।३ देखि लागू भएको नेपालको संविधानको धारा १८ मा समानताको हक र धारा ४२ मा सामाजिक न्यायको हकलाई अझै परिमार्जित स्वरूपमा व्यवस्था गरी यी हकहरूलाई अझ बढी सशक्त र व्यापक बनाई थप सीमान्तकृत वर्गलाई समेत समावेश गरेको पाइने।

जहाँसम्म मिति २०७१।११।१५ को संवैधानिक परिषद्को सिफारिस र मिति २०७१।१२।१६ को संसदीय सुनुवाई विशेष समितिको अनुमोदनको निर्णयको प्रश्न छ, ती सिफारिस र निर्णय कुनै जातजातितर्फ विशेष मात्र लक्षित भएको भन्ने निष्कर्ष निकाल्नु न्यायको रोहमा उचित देखिँदैन। हालको अवस्थामा सिफारिस भएका व्यक्तिहरू सम्बन्धित पदमा नियुक्त भई शपथ लिई पदभार ग्रहण गरिसकेको अवस्थासमेत देखिँदा र प्रस्तुत निवेदनमा निजहरूको योग्यता, अनुभव इत्यादि सम्बन्धमा कुनै प्रश्न नउठाई समानुपातिक समावेशी सिद्धान्तविपरीत भएको भन्नेसम्मको आधारमा नियुक्तिको सिफारिस र संसदीय सुनुवाई विशेष समितिको अनुमोदन निर्णय बदरको माग गरेको देखिएकोले मागबमोजिम आदेश जारी हुने अवस्था नदेखिने।

हाल नेपालको संविधान जारी भई किटानी रूपमा संविधानमै समावेशी सिद्धान्त अवलम्बन

गरिसकिएको, तदनुरूप आवश्यक कानूनसमेत निर्माणको चरणमा रहेको भन्ने लिखित जवाफहरूबाट खुल्न आएको तथा लिखित जवाफमार्फत समावेशीकरणको सिद्धान्तलाई थप सशक्त ढङ्गले कार्यान्वयन गर्ने कुरामा सरकारप्रतिबद्ध र सचेत रहेको भनी उल्लेख गरेको देखिँदा भविष्यमा हुने । कुनै नियुक्ति संविधान वा कानूनले अपनाएको समावेशी सिद्धान्तअनुरूप नभए वा योग्यतासम्बन्धी प्रश्न समावेश भएमा जुनसुकै बखत न्यायिक परीक्षण हुन सक्ने नै हुँदा निवेदकको मागबमोजिम परमादेश वा अन्य जारी गर्नुपर्ने अवस्था रहेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम्।

इजलास नं. १६

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. आनन्दमोहन भट्टराई, ०७३-RC-००२४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नारायण अधिकारी*

मृतकको लास जाँच प्रतिवेदन हेर्दा, मुटु तथा फोक्सोमा समेत चोट पर्ने गरी छातीमा हतियार रोपिएको, छातीमा भएको आन्तरिक रक्तश्रावको कारणले मृतकको मृत्यु भएको भन्ने देखिन्छ । प्रतिवादीले मौकामा आँसीको चुच्चाले रोपिदिएको भनी गरेको साबिती बयानलाई मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट समेत पुष्टि गरेको देखिन्छ। मौकामा कागज गर्ने जंगे गुरूङले मृतकको छातीमा चोट देखेको तथ्य स्वीकारी बकपत्र गरेको र विष्णुमाया थापाले प्रतिवादीले नै छुरी प्रहार गरी मारेको भनी किटानीसाथ बकपत्र गरेको अवस्थासमेत देखिन्छ । सो हुँदा प्रतिवादी नारायण अधिकारीकै कर्तव्यबाट शिवराज थापाको मृत्यु भएको पुष्टि हुन आउने।

तसर्थ उल्लिखित किटानी जाहेरी दरखास्त, प्रतिवादी तथा प्रतिवादीकी श्रीमती इन्दिरा अधिकारीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, घटना विवरण कागज, लास जाँच मुचुल्का, कार्यरथी विभाग प्राड विवाक नं. ३ बाहिनी विजयपुर ब्यारेक पोखराको बिदाको जानकारी पत्रलगायतका मिसिल संलग्न कागज प्रमाणबाट र मालाकार रूपमा प्रस्तुत भएका परिस्थितिजन्य प्रमाणहरूसमेतबाट प्रतिवादी नारायण अधिकारीले आँसीले रोपी शिवराज थापा सुयलको हत्या गरेको शङ्कारहित किसिमले पुष्टि हुन आयो। अतःप्रतिवादी नारायण अधिकारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.अनुसार सर्वस्वसहित जन्मकैद ठहर गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०५७।१।१९ को फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७३।१।२२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७२-RC-०१०७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अमृता भन्ने अम्बिका लुईटेल (घिमिरे)*

प्रतिवादीले अदालतसमक्ष गरेको बयानको स.ज. ७ मा प्रहरीसमक्ष गरेको कागजमा लेखिएको व्यहोरा साँचो हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान व्यहोरालाई स्वीकार गरेको अवस्था पनि देखिन्छ । प्रतिवादी अम्बिका लुइँटेल अधिकारप्राप्त अधिकारीसमक्ष साबिती रहेको तर अदालतसमक्ष बयान गर्दा मात्र कसुरमा इन्कार रहेकोलाई विश्वासयोग्य मान्न सकिँदैन। सो हुँदा अधिकारप्राप्त अधिकारीसमक्ष शिशुको जन्मपश्चात् आफ्नोसमेत सहयोगमा शिशुलाई झोलामा हाली फालेको भन्ने प्रतिवादी अम्बिका लुइँटेलले गरेको बयान व्यहोरा निजका विरूद्ध प्रमाणमा लाग्ने नै देखिने।

Most probably the baby died after birth, the baby must be around ५-७ days

after birth, most probably the baby was born after ३४ wks of period of gestation भन्ने व्यहोराको शव परीक्षणप्रतिवेदन रहेको देखिन्छ । मृतक नवजात शिशु जिउँदै जन्मिएको, जन्म करिब ५-७ दिनको भएको, गर्भ रहेको ३४ हप्तापछि बच्चा जन्मिएको अवस्था देखिन्छ । जसबाट जिउँदै जन्म भएको शिशुलाई प्रतिवादी अम्बिका लुइँटेलसमेतको संलग्नतामा कर्तव्य गरी प्लास्टिकमा हाली फालेको कारणबाट शिशुको मृत्यु भएको भन्ने तथ्य पुष्टि हुन आउने ।

तसर्थ प्रतिवादी अमृता भन्ने अम्बिका लुइँटेल (घिमिरे) लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) र १८ नं.बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहर गरेको सुरू धनकुटा जिल्ला अदालतको मिति २०७१।२।२५ को फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०७२।७।२४ को फैसला मिलेको देखिँदा सदर हुने ।

विवाहित प्रतिवादी अम्बिका लुइँटेलले प्रेमकुमार राउतसँग शारीरिक सम्पर्क गरी बच्चा जन्माई सामाजिक लोकलज्जाको डरले सोबाट बच्न जन्मेको जिउँदो शिशुलाई झोलामा हाली खोल्सामा फालेका कारण नवजात शिशुको मृत्यु भएकोसमेतका तथ्यलाई दृष्टिगत गरी प्रतिवादी अमृता भन्ने अम्बिका लुइँटेलको हकमा उपर्युक्त १८८ नं. को प्रयोग गरी सजायमा कमी गर्नु दण्ड निर्धारणको प्रचलित पद्वति अनुरूप न्यायसम्मत नै हुने ।

निज प्रतिवादीको उमेर र वैवाहिक स्थितिमा रहेकी नारीको विवाहित पुरुषभन्दा फरक व्यक्तिको शारीरिक सम्पर्कबाट बसेको गर्भ र सोलाई समाजले हेर्ने दृष्टिकोणको कारणबाट लोकलाज हुने । तथा बच्चा फाली सँगै बस्ने भन्ने प्रेमकुमार राउतको प्रलोभन नभएको भए प्रतिवादी अम्बिका लुइँटेलले शिशुको हत्या गर्नुपर्ने अवस्था आउने थिएन भन्ने परिस्थितिलाई विचार गर्दाप्रतिवादी अमृता भन्ने अम्बिका लुइँटेललाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं. १८८ नं. अनुसार निज प्रतिवादीलाई ५(पाँच) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल कात्तिक ३० गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री अनिलकुमार सिन्हा, ०७२-WO-०४४५, उत्प्रेषण / परमादेश, *गोपाल मानन्धर वि. काठमाडौं महानगरपालिका, बागदरबार, काठमाडौंसमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ख)(६) बमोजिम नगरपालिका क्षेत्रमा निर्माण गरिने घर भवन आदिको नक्सा पास गर्ने गराउने काम, कर्तव्य र अधिकार नगरपालिकामा रहेको देखिन्छ । सो ऐनअनुसार आफ्नो क्षेत्रभित्र निर्माण हुने घरलगायतका संरचनाहरूको नियमन र व्यवस्थित गर्ने अधिकार सम्बन्धित नगरपालिकामा निहित रहेको देखिन्छ । रिट निवेदकले दाबी गरेअनुसार उक्त जग्गामा निजको पहिलेदेखि नै टहरा रहेको भए पनि स्थानीय स्वायत्त शासन ऐन, २०५५ एवम् साबिकको नगर पञ्चायत ऐन, २०१९ को माथि उद्धृत दफा ४६ को कानूनी प्रावधानले समेत घर निर्माण वा मर्मत गर्दा नक्सा पास गर्नु गराउनु पर्ने देखिन आउने ।

स्थलगत निरीक्षणबाट साबिकको पुरानो अस्थायी टहरा *मर्मत निर्माण गर्न लागेको* भन्ने देखिएको हुँदा कुनै प्रकारको नयाँ संरचना निर्माण गर्न लागिएको रहेनछ भन्ने सम्झन मिलेन । महानगरपालिकाले निर्धारण गरेको मापदण्ड कार्यान्वयन नभई अनन्तकालसम्म बिनानक्सा एवम् बिना स्वीकृति घर निर्माण एवम् मर्मत गर्न पाउनुपर्छ भन्ने भनाइ तर्कसङ्गत पनि देखिँदैन । नगरक्षेत्रभित्रको घरलगायतका विभिन्न प्रकारका निर्माण कार्यलाई नियमन र व्यवस्थित गर्ने अधिकार प्रचलित कानूनले सम्बन्धित नगरपालिकालाई प्रदान गरेकै देखिन्छ । नगरपालिकाले सहरको उचित व्यवस्थापनका लागि नियमनकारी निकायको

हैसियतमा गरेको काम कारवाहीबाट निवेदकको कुनै प्रकारको मौलिक हकमा असर परेको भन्ने मिल्ने अवस्था पनि नदेखिने।

तसर्थ काठमाडौं महानगरपालिकाले मिति २०६६।१।२८ मा गरेको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिएको र रिट निवेदकको कुनै संवैधानिक एवम् कानूनी हक हनन भएको नदेखिएको हुँदा मागबमोजिम आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७३ साल कात्तिक ८ गते रोज २ शुभम्।

इजलास नं. १७

१

मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत ०७०-CI-०१३२, बकसपत्र लिखत बदर, *धिरेन्द्रनाथ शुक्लसमेत वि. विन्दुदेवी शुक्लसमेत*

प्रमाणको रूपमा आएको वादी रंगनाथ शुक्लसमेत प्रतिवादी विन्दुदेवी शुक्ल भएको मिति २०४४ सालको दे.नं. ७६६ को अंश नामसारी मुद्दा हेर्दा सो मुद्दामा मिति २०४४।७।१ मा वादी रंगनाथ शुक्लले प्रतिवादी विन्दुदेवीसमेत सँगबाट अंश लिई मिलापत्र गरेको देखिन्छ । उक्त मिलापत्रबाट वादी रंगनाथ शुक्लले विभिन्न ४ कित्ता जग्गाबाट जम्मा ११-१२-११ विगाहा जग्गा अंशबापत लिएको देखिन्छ । सोबाहेक अन्य कुनै जग्गा निज वादी रंगनाथ शुक्लको नाउँमा अबन्डामा राखेको देखिँदैन । रंगनाथका दाजुभाइबीच सो अंश मुद्दा पर्नु पहिले नै छुट्टि भिन्न भइसकेको भन्ने कुरामा विवाद देखिँदैन । निज रंगनाथका दाजुभाई बीच छुट्टी भिन्न हुँदा कुनै सम्पत्ति अबन्डा राखिएको भन्ने लिखत प्रमाण पनि पुनरावेदकबाट पेस भएको देखिँदैन। यसरी वादीहरूका पति पिता प्रतिवादी रंगनाथ शुक्लले दिएको अंश नामसारी मुद्दामा मिलापत्र गरी अंश लिइसकेपछि सो अंशबाट पाएका जग्गा कित्ताबाहेकका अन्य जग्गामा यी प्रतिवादी रंगनाथ शुक्लको हक रहने अवस्था नहुने।

मुलुकी ऐन, दान बकसको १ नं. मा आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरी दिन हुने। कानूनी व्यवस्था देखिन्छ । विवादित र.नं. ४३७१ ख मिति २०६३।३।२८ को हालैको बकसपत्रको लिखत हेर्दा वादीहरूका पति पिताप्रतिवादी रंगनाथ शुक्लले आफ्नो हकै नभएको उल्लिखित घर जग्गाप्रतिवादी त्रय जितेन्द्रनाथ शुक्ल, नृपेन्द्रनाथ शुक्ल र धिरेन्द्रनाथ शुक्ललाई हालैको बकसपत्रको माध्यमबाट लिनु दिनु गरेको देखिन्छ। यसरी प्रतिवादी रंगनाथ शुक्लको हक नै नरहेको जग्गा पुनरावेदक प्रतिवादी त्रयलाई हालैको बकसपत्र गरी लिनुदिनु गरेको कार्य कानूनसम्मतः नदेखिएकोले सो लिखत बदर हुने । ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल पुस ११ गते रोज २ शुभम्।

२

मा.न्या.डा.आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०७२-CR-१६५४, बन्दीप्रत्यक्षीकरण, *बवुन्ना धुनियाँ वि. नवलपरासी जिल्ला अदालत, नवलपरासीसमेत*

पुनरावेदकले निवेदनसाथ पेस गरेको बवुन्ना धुनियाको नाउँको नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति हेर्दा निजको पिताको नाउँ हवीव धुनिया भन्ने उल्लेख भएको देखिन्छ। उल्लिखित खुन डाँका मुद्दामा बवुन्ना धुनियाका छोरा फुल महम्मद धुनिया र निज बवुन्ना अलि धुनियासमेत प्रतिवादी रहेको देखिन्छ। निज उक्त मुद्दाको अनुसन्धानको क्रममा पक्राउ नपरी फरार रहेको र नवलपरासी जिल्ला अदालतमा अभियोगपत्र दायर भएपछि निज प्रतिवादीहरू बवुन्ना अलि धुनिया र फुल महम्मद धुनियाका

नाउँमा नवलपरासी जिल्ला अदालतबाट एउटै वतन अर्थात् नवलपरासी, हकुई-२, लालपातीमा मिति २०६१।४।१४ मा वारेन्टसहितको म्यादी पुर्जी जारी भएको देखिन्छ । वारेन्टको समयावधिभित्र निजहरू फेला पक्राउ नपरेपछि संलग्न निजहरूको नाउँको म्यादी पुर्जी मिति २०६१।१०।१३ मा निजहरूको घर दैलामा टाँस तामेल भएको देखिन्छ । सो म्याद तामेल गर्दा २ जना सोही २ नं. वडाका व्यक्तिहरू साक्षी बसी नि. वडाध्यक्षलाई प्रतिनिधि राखी तामेल भएको देखिन्छ । सो तामेलीको एकप्रति गा.वि.स.को सूचना पाटीमा टाँस गराउन गर्न बुझिलिएँ भनी सोही वडाका नि. वडाध्यक्ष नरसिंह खत्रीले बुझी लिएको देखिन्छ । यी पुनरावेदकको वतन नवलपरासीको हकुई गा.वि.स. को वडा नं. २ भएको कुरामा कुनै विवाद नदेखिने ।

रीतसँग तामेल भएको म्यादभित्र प्रतिवादीमध्येका फुल महम्मद धुनिया नवलपरासी जिल्ला अदालतमा उपस्थित भई बयान गरेको देखिन्छ । निजले मिति २०६३।२।३० मा पेस गरेको स्थानीय पञ्जिकाधिकारीको कार्यालय, हकुई, नवलपरासीको मिति २०४४।१२।२१ को द.नं. २५६ को जन्मदर्ताको प्रमाणपत्रमा "हवीव मुसलमानको नाति बवुन्ना अलि धुनिया तथा तैरून निसाको छोरा फुल मोहमद धुनिया र जन्मस्थान हकुई-२" उल्लेख भएको देखिन्छ । यसरी फुल मोहमदका पिता यिनै बवुन्ना रहेको र निजको नाम बवुन्ना अलि धुनिया भएको र निजको श्रीमती निवेदक तैरून निसा रहेको तथ्य मिसिल प्रमाणबाट देखिन आउने ।

पुनरावेदक र निजको छोरा फुल मोहम्मदको नाउँको म्यादी पुर्जीसमेत समान वतनमा जारी भई सोही मिति २०६१।१०।३ मा घरदैलामा टाँस तामेल भएको देखिन्छ । एउटै परिवारका बाबु छोराप्रतिवादी कायम भई चलेको मुद्दामा छोरा फुल महम्मद म्यादी पुर्जीको म्यादमा हाजिर भई प्रतिवाद गरेको देखिएको यस अवस्थामा अर्का प्रतिवादी यी पुनरावेदकले सो म्यादको जानकारी भएन भनी लिएको जिकिर मनासिब नदेखिने ।

मिसिल संलग्न उल्लिखित तथ्य प्रमाणहरूबाट बवुन्ना धुनियाको बीचमा "अलि" भनी लेखिए तापनि फुल महम्मदका बाबु बवुन्ना धुनिया र बवुन्ना अलि धुनिया फरकफरक व्यक्ति नभई एउटै व्यक्ति रहेछन् भन्ने पुष्टि हुन आउने ।

निवेदक बवुन्ना धुनियालाई गैरकानूनी रूपले थुनामा राख्न पठाएको नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने देखिएन । निजको निवेदन खारेज हुने ठहऱ्याई तत्कालीन पुनरावदेन अदालत, बुटवलबाट मिति २०७२।१०।१३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल पुस ११ गते रोज २ शुभम् ।

इजलास नं. १८

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७१-CR-०२७१, जबरजस्ती करणी, *नेपाल सरकार वि. पुरन साउदसमेत*

प्रतिवादी पुरन साउँदले मौकामा अधिकार प्राप्त अधिकारीसमक्षको बयानमा आफू करणी गर्नमा संलग्न नभएको, साँझ होटलमा रक्सी खाने र अन्य परिपञ्च मिलाउने कार्यमा संलग्न रहेको, पीडितलाई लुगा किन्न अमृता बुढालाई रू. १०००।- दिएको कुरा स्वीकार गरे तापनि अदालतसमक्ष बयानमा निज प्रतिवादी उक्त अपराध कसुरमा संलग्न नरहेको, घटना हुँदाका बखत आफ्नै घरमा रहे बसेको, पीडितलाई नचिनेको, करणी नगरेको, भनी कसुरमा इन्कार रहेको पाइन्छ । साथै सहअभियुक्त कृष्ण साउँदले बयानमा यी प्रतिवादीलाई पोल गर्न सकेको पाइँदैन । पीडितले निज प्रतिवादी पुरन साउदलाई चिनेको भनी स्पष्टरूपमा व्यक्त गर्न नसकेको स्थितिमा ठोस एवम् वस्तुनिष्ठ प्रमाणको अभावमा निजले पीडितलाई जबरजस्ती

करणी गरेको भनी भन्न सकिने स्थिति देखिएन। निज प्रतिवादीले अमृता बुढालाई रू. १०००।- दिएको, करणी गरेपश्चात् झ्यालको कडी काटी बाहिर निस्कँदा आफूसमेत भई झ्यालबाट पीडितलाई निकाली अमृता बुढाको जिम्मा लगाएको र यी प्रतिवादीले वारदातको परिपञ्च एवम् योजना मिलाउने कार्य गरेको भन्ने कुरा खुल्न आएको देखिँदा सुरू अदालतले यी प्रतिवादीलाई जबरजस्ती करणीको महलको ४ नं.बमोजिमको कसुर गरेको अवस्था देखिँदा निजलाई सोही नं. बमोजिम २ वर्ष ६ महिना कैद सजाय गर्ने गरेको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने।

सुरूमा जाहेरी दिँदा जाहेरवालीले वर्ष १४ भनी लेखाएको र अनुसन्धान अधिकारीसमक्ष कागज गर्दा पनि वर्ष १४ नै भनी लेखाएको पाइन्छ। तर निज पीडितको जिल्ला प्रशासन कार्यालय, कैलालीबाट लिएको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिमा जन्म मिति २०४८।११।२२ उल्लेख भएको देखिएको छ । प्रस्तुत वारदातको घटना मिति २०६८।३।५ मा भएको देखिएको छ । यसबाट पीडित नाबालक नभई वारदात हुँदाका समयमा २० वर्ष नाघिसकेको देखिन्छ। जबरजस्ती करणीको महलको ९(क) नं. मा कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणीको महलको ३ नं. मा हुने सजायमा थप १ वर्ष साजाय हुने । व्यवस्था देखिन्छ। जाहेरवालीले शुरमा जाहेरी दिँदा पुरन साउदसमेत ४ जनाले मेरो मुखमा लिङ्ग घुसाई अप्राकृतिक मैथुन गरेको भनी लेखाएको भए तापनि उक्त लेखाइबाहेक अन्य कुनै पनि स्वतन्त्र प्रमाणबाट यी प्रतिवादीले अप्राकृतिक मैथुन गरेको भन्ने देखिएको छैन । अभियोजन पक्षबाट जाहेरवालीको उक्त भनाइबाहेक अन्य प्रमाणबाट प्रतिवादी कृष्ण साउदले अप्राकृतिक मैथुन गरेको कुरा पुष्टि गर्न सकेको देखिएको छैन । यस स्थितिमा जबरजस्ती करणीको महलको ९(क) नं.बमोजिम थप साजय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको सो भनाइतर्फको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने।

तसर्थ प्रतिवादी कृष्ण साउँदलाई जबरजस्ती करणी महलको ३(४) नं.अनुसार ६ वर्ष ऐ.को ३(क) नं.बमोजिम ५ वर्ष गरी जम्मा ११ वर्ष कैद र प्रतिवादीबाट पीडितलाई रू.५०,०००।– क्षतिपूर्तिसमेत भराई दिने र प्रतिवादी पुरन साउदलाई जबरजस्ती करणीको महलको ४ नं.बमोजिम दुई वर्ष छ महिना कैद सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, दिपायलको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भोजराज रेग्मी

इति संवत् २०७३ साल चैत ९ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७१-CR-११२७, गौबध, *सर्वजित घर्तीमगरसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूको घरबाट गाईको मासु बरामद भएको देखिन्छ तर पनि जिउँदो गाई काटेको आधार केही देखिँदैन। यो यस्तो दिन बार यो यस्तो हतियार प्रयोग गरी गाई काटेको भनी हतियारसमेत बरामद भएको अवस्था देखिँदैन। कुनै पनि फौजदारी अपराधको सम्बन्धमा अभियोग लगाउनु मात्र कसुर प्रमाणित गर्ने आधार बन्न सक्दैन। प्रतिवादीहरूले कसुर गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार विवादरहित तवरले कसुर प्रमाणित नभएको अवस्थामा शङ्का र अनुमानकै आधारमा मात्र कसुरदार ठहर गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन जाने।

सबै प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीका साथै अदालतमा बयान गर्दा जिउँदो गाई काटी खाएको होइन मरेको गाई काटी खाएको हो भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको अवस्थामा यी प्रतिवादीहरूको घरबाट गाईको मासु बरामद हुँदैमा जानी जानी जिउँदो गाई नै काटेर मासु राखेको भन्न मिल्ने देखिएन। यी प्रतिवादीहरूले मरेको गाई काटेको हो वा जिउँदो गाई काटेको हो भनी खुल्न नसकेको स्थितिमा शङ्काको सुविधा यी प्रतिवादीहरूले पाउने

नै देखियो । शङ्काकै भरमा यी प्रतिवादीहरूलाई मुलुकी ऐन, चौपायाको महलको ११ नं.बमोजिमको कसुर गरेको हो भनी कसुरदार ठहराउन मिल्ने नदेखिने।

तसर्थ प्रतिवादीहरू सर्वजित घर्तिमगर, गोरे भन्ने प्रेमबहादुर सारू, राजु फुङ्जामगर र केसव तामाङलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, चौपायाको महलको ११ नं.बमोजिम जनही १२(बाह्र) वर्ष कैद हुने ठहर्‍याएको सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।९।७ को फैसला नमिलेकोले उल्टी भई प्रतिवादीहरू सर्वजित घर्तीमगर, प्रेमबहादुर सारू, राजु फुङ्जा मगर र केसव तामाङले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: भोजराज रेग्मी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल चैत ९ गते रोज ४ शुभम्।

एकल इजलास

१

स.प्र.न्या.श्री सुशीला कार्की ०७३-WO-०३७७, उत्प्रेषण / प्रतिषेध, *दीपक पौडेलसमेत वि. हरिप्रसाद चापागाइसमेत*

विद्यालयको हकभोगको सम्पत्ति कसैले हिनामिना वा नोक्सान गरेमा सोउपर उजुरी गर्ने तथा नोक्सान गरेमा त्यसरी नोक्सान गर्ने व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले निश्चित हदसम्म सजाय गर्न सक्ने स्पष्ट कानूनी व्यवस्था सोही शिक्षा ऐनले नै गरेको देखिन्छ। त्यसरी विद्यालयको सम्पत्ति नोक्सान गरेको वा हिनामिना गरेको सम्बन्धमा वैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै सोअनुसारको कानूनी उपचारको मार्ग अवलम्बन नगरी यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तरगत रिट क्षेत्रमा प्रवेश गरेको देखिएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिन नआउने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एंवम् विवेचनासमेतको आधारमा निवेदकले निवेदनपत्रमा उठाएको विषयमा शिक्षा ऐनले नै उजुरी गर्ने तथा उपचार खोज्ने वैकल्पिक मार्ग प्रसस्त गरेको सन्दर्भमा रिटक्षेत्रबाट सो विषयमा प्रवेश गरी निराकरण हुन सक्ने अवस्था नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल मङ्सिर ५ गते रोज १ शुभम्।

२

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की, ०७२-WO-१०९०, उत्प्रेषण, ज्ञानदर्शन भट्टराईसमेत *वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

संविधानको धारा ३८ को उपधारा (५) को व्यवस्थाले महिला वर्गको सकारात्मक विभेदका आधारमा विशेष संरक्षण गर्न सकिने कुरामा विशेष जोड दिएको देखिन्छ। समाजमा शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा विशेष सुविधा पाउने वर्गमा महिला वर्गलाई राखेको देखिन्छ । त्यसैले समानता समान व्यक्ति, समूह वा वर्गका बीचमा खोज्नुपर्दछ। असमान व्यक्ति समूह वा वर्गका बीचमा समान व्यवहार गरिएमा समानता नभई असमान व्यवहार हुन जान्छ। महिला र पुरूषका बीचमा समान व्यवहार गरेमा समानता होइन कि असमानता हुनजान्छ। त्यसैले कहिलेकाहीँ समान र असमान वर्गबीच असमान व्यवहार गरी समानता कायम गर्नुपर्ने हुन्छ । यसलाई नै सकारात्मक विभेद (Positive Discrimination) भनिन्छ । सिद्धान्ततः विभेद स्वीकार्य कुरा हुन सक्दैन। सकारात्मक उद्देश्यले राज्यले कमजोर र पिछडिएको वर्गलाई विशेष व्यवहार गर्न पाउने गरी संविधानले नै त्यस प्रकारको व्यवस्था गर्नसक्ने भएकोले सोझो हिसाबले हेर्दा विभेदजस्तो देखिए पनि उद्देश्य सकारात्मक भएकाले यसलाई सकारात्मक विभेद भनी नामकरण गरिएको पाइने।

समानताको हकलाई यथार्थमा अनुभूति गराउनको लागि समान अवस्था र परिस्थितिका

नागरिकहरूबीच समान व्यवहार र असमान अवस्था र परिस्थितिका नागरिकहरूबीच असमान व्यवस्था गर्नुपर्ने गरी सकारात्मक विभेद र तार्किक वर्गीकरणको सिद्धान्तबमोजिम राज्यले आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने हुन आउने।

वस्तुतः पुरूषको तुलनामा महिलाहरू पिछडिएका एवम् अवसरहरूबाट बञ्चित भएकैले गर्दा उनीहरूप्रति राज्यको विशेष व्यवहारलाई स्वीकार गरिँदैआएको छ । जहाँ समान व्यवहारले वास्तविक समानता प्राप्त हुन सक्दैन त्यस्तो अवस्थामा विशेष व्यवहारको अपेक्षा गरिन्छ । राज्यलाई त्यस्तो विशेष व्यवहार गर्ने छुट संविधान र कानूनले दिएको पाइने।

शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाका विषयहरू राज्यको कार्यपालिकाको नीतिगत विषयभित्र पर्ने विषयहरू हुन् । संविधान र कानूनको व्यवस्थाविपरीत भएको अवस्थामा बाहेक कार्यपालिकाको नीतिगत विषयमा सामान्यतया अदालत प्रवेश गर्दैन र गर्नु पनि हुँदैन । संविधान र कानूनले विशेष व्यवहार गर्न सक्ने स्पष्ट मार्ग निर्देशन गरिरहेको अवस्थामा निवेदकले निवेदनमा जिकिर लिएजस्तो चिकित्साशास्त्रको अध्ययनमा आवेदनकर्ता महिलामात्र हुने भनी गरिएको सूचनालाई असमान एवम् संविधानविपरीत भयो भनी अर्थ गर्न मिल्ने नदेखिने।

निवेदकहरू खासगरी सार्वजनिक सरोकारको विवादको विषय बनाई अदालतमा प्रवेश गरेको देखिन्छ । सार्वजनिक सरोकारको विषयमा जो कोही व्यक्ति अदालत, प्रवेश गर्न सक्दछ भन्ने यसको स्थापित सिद्धान्त हो। यसो भन्नुको मतलब आफूलाई सरोकार नै नभएको र सार्वजनिक निकाय वा अधिकारीले गरेको त्यस प्रकारको निर्णयबाट कुनै असर नपरेको व्यक्तिले सोझै अदालतमा प्रवेश गर्न पाउनुपर्छ भन्ने पनि होइन। यसप्रकारको विवादमा समाजको ठूलो हिस्साको स्वार्थलाई प्रतिनिधित्व गरेको हुनुपर्दछ । यी निवेदक त्रिभुवन विश्वविद्यालयको चिकित्साशास्त्र संकायले माग गरेको आवेदनमा आवेदन गर्न पाउने आवेदनकर्ता भनी जिकिर लिन सकेको पनि पाइँदैन । प्रस्तुत विषयमा निवेदकको सार्थक सम्बन्ध रहेको कुरा निवेदनमा प्रस्ट उल्लेख गर्न सकेको नदेखिने।

तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणबाट निवेदकले निवेदनमा जिकिर लिएजस्तो चिकित्साशास्त्रको अध्ययनमा आवेदनकर्ता महिला मात्र हुने भनी प्रकाशित सूचना निवेदन मागबमोजिम संवैधानिक व्यवस्थाको प्रतिकूल रहेको देखिन नआएकोले निवेदकको मागबमोजिम कारण देखाउ आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल असार ९ गते रोज ५ शुभम्।